Agnichakra National Monthly

# अग्निचक्र

www.agnichakranews.com राष्ट्रिय मासिक






ज्योतिचन्द्र ओझा
सीईओ

## विपन्नवर्गमा वित्तीय पहुँच पुऱ्याउन RMDC को महत्वपूर्ण भूमिका छ

७६ औं यात्रा

- बच्चा पाएपछि सुत्केरीको अवस्था
- सीमित नेताको चक्रव्युहमा राजनीति
- यस्तो छ होलीको शास्त्रीय व्याख्या
- स्वामी व्याघ्र वैदनाथजीसँगको संवाद

ISSN 2362-1109
9772362110000

वर्ष ८, अङ्क ६, पूर्णाङ्क ७६

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥



सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ
फोनः ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com



ISSN:2362-1109



**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानूनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस,कामनपा-३१


# बिखण्डनवादीका समर्थकलाई पनि कारवाही गर्नैपर्छ



*आन्तरिक उपनिवेशवादको नारा लगाउदै नेपाल राष्ट्रलाई विखण्डन गर्ने अभियानमा लागेका सीके राउतलाई शुरूमा प्रचण्ड सरकारले काखि च्याप्न खोजेपछि व्यापक विरोध हुन थाले पछि विखण्डनवादी राउतलाई न्यायिक हिरासतमा राख्न वर्तमान सरकार बाध्य भयो । नेपाल र नेपालीको इज्जत मै प्रश्न चिन्ह लगाउने गरी घृणा र विद्वेष लगायतका घिनलाग्दा नारा लगाउने एवं मुलुकलाई नै छुट्टै देश बनाउँन टुक्र्याउन लागिपर्ने सीके राउत एक नं. को बिखण्डनकारी मान्छे हो ।*

*यस्तो विखण्डनकारीलाई न्यायिक हिरासतमा राखेका बेला उसका समर्थकहरूलाई विदेशीको उक्साहटमा सडकमा उतार्न केही मानव अधिकारवादी हुँ भन्नेहरू युरोपियन डलरमा बिकेर सीके राउतको समर्थन गर्दै बचावटमा लाग्नुले यो प्रस्ट हुन्छ कि नेपाली (मानव अधिकारवादी संगठन) हरू पैसाको लागि आमाको इज्जतमा खेलवाड गर्दा रहेछन् भन्ने कुरा युरोपीयन दुतावास, राष्ट्रसंघ र विदेशी प्रभुहरूको साथमा सीके राउतको नैतिक-भौतिक समर्थन जुटाउन लागिपर्नु बाटै स्पष्ट भएको छ ।*

*सीके राउत प्रवृत्ति आजकल मधेशमा उदाउदै जानु र वर्तमान सरकार चुप बस्नुका पछाडी नेपालीलाई सिध्याउने खेलमा केही सत्ताधारी नेता नै लागि परेका त छैनन् भन्ने प्रश्न जनताले गर्न थालेका छन् । रन्जीत रे र शिव शंकर मुखर्जीहरू जो राजदूत भइसकेका मान्छे हुन्, यिनीहरूले सीके राउत गिरफ्तार भएको जनकपुरमा गएर हाम्रा गृहमन्त्री नीधिकै उपस्थितिमा नेपाली आन्तरिक राजनीतिमा दखल पुग्ने खालका उत्तेजना फैलाउने खालका अभिव्यक्ति दिइरहदा हाम्रा गृहमन्त्री चुप रहनुले उनी भारतको इसारामा हिड्छन् कि क्या हो ! भन्ने प्रश्न उठेको छ ।*

*यदि उनी सच्चाँ राष्ट्रभक्त नेता थिए भने मुखर्जीहरूलाई "यो तपाइहरूको सरोकारको विषय हैन, तपाईहरू चुप लाग्नुस्" किन भनेनन् त ? प्रचण्ड र शेर बहादुर देउवाको लगनगाँठो बाँधिएर ओली सरकारलाई गिराउनुमा ठूलो विदेशी तत्वहरूको घुषपैठ नेपाली दौरासुरुवाल र तराईका धोती लगाउने नेताहरूको आवरणमा नेपाली राजनीतिमा 'मोज-रिल्याक्स' गरिरहेका रहेछन् भन्दा गलत हुदैन होला । प्रचण्ड र देउवासँग ओलीको झगडा गराइरहनु र मधेसी केन्द्रीत दलहरूलाई रिमोट कन्ट्रोलद्वारा यताउता नचाउनुबाटै यी कुरा प्रस्ट छन् ।*

*विदेशी उक्साहट, दवाव र पैसाको लोभमा बिक्ने गद्दार नेताहरूको कारण नै मधेशलाई नेपालबाट अलग गराई भिन्नै देश बनाउनु पर्छ भन्ने सीके राउतहरूको दादागीरी बढेको हो, यसमा मधेशी दल, कांग्रेस, माओवादी केन्द्र र एमाले मिल्न नसक्नु नै सीके राउतहरूले यहाँ खेल्न पाएका हुन् । सच्चा राष्ट्र भक्त मधेसका ओरीजिनल जनताहरू र उनीहरूका भावनालाई नेपाली राजनीतिक दलहरूले सम्बोधन गर्न नसक्नुको कमजोरीलाई फाइदा उठाउँदै राष्ट्रसंघ लगायतका विभिन्न दाताहरूले आफ्नो दूत बनाएर पठाएको सीके राउतहरूले मधेशमा खेल्न खोजिरहेका हुन् ।*

*यदि प्रचण्ड सरकार साच्चैको राष्ट्रवादी लोकतान्त्रिक सरकार हो भने सीके राउतलाई सहयोग गर्ने र समर्थन गर्ने सबै दाता, राष्ट्र, कुटनैतिक व्यक्तित्व र मानव अधिकारकर्मीलाई तुरुन्तै छानवीनको दायरामा ल्याई बिखण्डन र घृणा अभियान फैलाएकोमा र त्यस्तालाई समर्थन गरेकोमा अदालतमा मुद्दा चलाउनै पर्छ । होइन भने यो सरकार विदेशीको इसारा मै चलेको रहेछ भन्ने कुरा प्रस्टिन्छ । राउतको समर्थन गर्नेहरूलाई प्रचण्ड सरकारले कुनै आपत्ति नजनाउनु बाट यो कुरा शंका गर्न सकिन्छ कि, वर्तमान सरकार कस्को लागि काम गर्दैछ ।*

*॥ जय गोरख ॥ ००*



# ॐ सत्‌गुरू वन्दना

**गोरक्ष् वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जितजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

**ॐ भूर्भुवः स्वः**
**तत्सवितुर्वरेण्यं**
**भर्गो देवस्य धीमहि ।**
**धियो यो नः प्रचोदयात् ॥**

## भावार्थः



प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

### पृथ्वीमाताको कभर

'अग्निचक्र' को ०७३ माघको कभर पेजमा पृथ्वी-ब्रह्माण्डको फोटो अत्यन्तै आकर्षक रूपमा छापिएको रहेछ । स्वधर्म पालन गरेर पृथ्वीमातालाई बचाऊ ! भनी अंग्रेजीमा समेत Save Mother Earth from Nuclear Holocaust by Right Life लेखिएको थियो जसको व्याख्या गरेर सकिँदैन अर्थात् पृथ्वीमातालार्य बचाउने हो भने स्वधर्म पालन गर भनेर जुन सन्देश दिइएको छ, एकदमै सान्दर्भिक छ । यसका लागि डा. योगेन्द्रभक्त श्रेष्ठलाई हार्दिक नमस्कार तथा सम्पादकलाई पनि प्रणाम ।

– **जितेन्द्र राउत,** बूढानीलकण्ठ, काठमाडौँ




### मन पर्‍यो नेपालको 'कर्म कि धर्म ?'

म यस 'अग्निचक्र'को नियमित पाठक हुँ । तर विशेष गरी माघ ०७३ अंकको पृष्ठ १६ र १७ मा 'कर्म कि धर्म ?' शीर्षकमा विनयकुमार शर्मा नेपालको निबन्ध साह्रै नै मनछुने खालको लाग्यो र पढ्दापढ्दै हाँस्दा-हाँस्दै चित्त बुझ्दो शैलीमा घोचिलो र पेचिलो अनि अलि-अलि घमण्ड झुल्किने पाराले लेख्नुभएको शर्मा नेपालको निबन्ध एक प्रकारले सन्देशमूलक निबन्ध भएर इतिहासमा रहन्छ जस्तो लाग्यो । मलाई अहिले पनि नेपालको त्यो निबन्ध दुईवटा संवाद आइरहेको छ- 'अरूलाई पीडा पुऱ्याउनु पाप र अरूको सेवा गर्नु-सुख दिनु धर्म हो । अरूलाई सुख दिनोस्, आफूखुसी हुनुहोस्, सायद यही मान्छेको धर्म हो । जे होस्, यो निबन्ध अति मनपर्दो छ । जय योगी नरहरिनाथ !

– **रामविहारी यादव,** मोरङ, रङ्गेली

### जय नरहरि नाथ !

'अग्निचक्र' ले आफ्नो ७५औं यात्रामा राष्ट्रगुरू योगी नरहरिनाथ वि.सं. १९७१ देखि ०५९ सम्मको यावत कुराहरू समेटेर प्रकाशित गरेको रहेछ । राष्ट्र-राष्ट्रियता र मौलिक पहिचान झल्कने र सधैँ राष्ट्रगुरूको रूपमा हाम्रो मुलुकमा सेवा गर्नु हुने योगी नरहरिनाथको बारेमा विविध कुरा समेटिएकोमा 'अग्निचक्र'लाई धन्यवाद र गुरूलाई प्रणाम ।

– **साधु हरेराम,** मृगस्थली

**स्वस्थ जीवनका लागि दुग्ध विकास संस्थानका उत्पादनहरू सेवन गर्ने बानी बसालौं ।**









New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com

**Contact Offices:**

**Pipal Bot:** New Road, Kathmandu, Tel: 01-2190004, 4266799 **Dharan:** Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 **Pokhara:** Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 **U.K.:** Aldershot, London, Tel: 0044-7824332127 1252409272 **Hong Kong:** 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966



# बच्चा पाएपछि सुत्केरीको अवस्था

डा. पदमराज पन्त

बच्चा र साल जन्मिसकेपछि गर्भवतीलाई सुत्केरी भनिन्छ । बच्चा जन्मिएपछि केही सुत्केरीहरूको बच्चा पाउने बेलामा योनिको बाहिरी भाग कोटेको हुन्छ । यसलाई एपीजियोटोमी (Episiotomy) भनिन्छ । साल निस्किसकेपछि यो काटेको ठाउँलाई सिलाईन्छ । कहिलेकाही यसमा लगाएका टाँकाहरू धेरै कसिएछन्, या यहाँभित्र रगत जमेछ भने यो ठाउँ दुखेर आउँछ र सुन्निन सक्दछ ।

**बच्चा जन्मिएपछि हुन सक्ने समस्याहरू**

बच्चा जन्मिएपछि तुरुन्तै निम्न समस्याहरू हुन सक्दछ :

१) साल पुरै या केही भाग पाठेघर भित्र अड्किन

२) पाठेघर नखुम्चिएर रगत धेरै बग्नु,

३) पाठेघरको मुख च्यातिएर रगत बग्नु

४) एपिजियोटोमी दिएको ठाउँमा रगत जम्मा हुनु,

५) योनि च्यातिएर मलद्वारसम्म पुग्नु आदि समस्या हुनु

६) पाठेघर उल्टो फर्किनु ।

**साल पाठेघरभित्र अड्किनु**

साल पुरै वा सालको केही भाग पाठेघर भित्र अड्किए रक्तश्राव धेरै हुन्छ । त्यसैले यसलाई निकाल्नुपर्छ । साल पाठेघरभित्र निम्न कारणहरूले अड्किन सक्दछ ।

१) पिसाबको थैली पिसाबले भरिएको हुनु,

२) साल पाठेघरमा भित्रसम्म पस्ने गरी टाँसिनु,

३) पाठेघरको मुख साल निस्किनु भन्दा पहिले नै बन्द हुनु आदि हुन् ।

यसरी साल भित्र अड्किँदा रगत धेरै बग्ने तथा संक्रमण हुने सम्भावना हुने हुन्छ । कहिलेकाँहि साल छुट्याउन नसके रक्तश्राव रोक्न पाठेघर निकाल्नुपर्ने समेत हुन सक्दछ ।

बच्चा पाएपछि हुने अरू समस्याहरूमा अत्याधिक रक्तश्राव हुनु हो । यसरी हुने अत्याधिक रक्तश्राव निम्न कारणहरूले हुन सक्दछ :

१) पाठेघर राम्ररी नखुम्चिनु

२) पाठेघरभित्र साल वा सालको केही भाग बाँकी रहनु,

३) पाठेघरको मुख च्यातिनु, योनि च्यातिनु हो ।

**पाठेघर नखुम्चिने समस्या कस्ता गर्भवतीहरूमा आइपर्न सक्दछ ?**

निम्न गर्भवतीहरूमा पाठेघर राम्ररी नखुम्चिने समस्या हुन सक्दछ :

१) धेरै बच्चा पाइसकेको

२) गर्भमा जुम्ल्याहा बच्चा भएका

३) औषधि लगाई व्यथा लगाउनु परेका

४) ठूलो बच्चा भएका

५) छिटो डेलिभरी भएका,

६) मेशिनले बच्चा तान्नु परेका सुत्केरीहरूमा पाठेघरको मुख च्यातिने डर हुन्छ ।

७) साल र यसका टुक्रा पाठेघर भित्र रहँदा पनि पाठेघर राम्ररी खुम्चिन्छ ।

गर्भ नरहेको बेला सुन्तलाको दाना जत्रो ठूलो पाठेघर गर्भ बसेपछि विस्तारै पुरै पेट भरिने गरि बढ्दछ । बच्चा जन्मिएपछि यो खुम्चिएर पहिलेको अवस्थामा आउनुपर्दछ । विभिन्न कारणहरूले गर्दा पाठेघर राम्ररी नखुम्चिए ज्यान लिन सक्ने रक्तश्राव हुन सक्दछ ।

यदि बच्चा ठूलो भए वा उचित तरिकाले डेलिभरी गर्न सकिएन भने योनि मलद्वारसम्म च्यातिन्छ । जसले गर्दा सुत्केरीले दिसा रोक्न नसक्ने जस्ता समस्याबाट पीडित हुनुपर्दछ ।

यदि एपिजियोटोमी लगाएको ठाउँमा रक्तश्राव राम्ररी नियन्त्रण नभए त्यो ठाउँमा रगत जम्मा भई सुनिएर आउँछ । यस्तो हुँदा सिलाएको ठाउँ सुनिएर आउँछ, दुख्न थाल्छ पिसाब रोकिन सक्छ । यदि धेरै रगत जम्मा भएछ भने बेहोस हुन सक्छ । यसरी रगत जम्मा भएमा यो सिलाएको ठाउँ खोली रगतको नली खोजी रक्तश्राव नियन्त्रण गर्नु पर्दछ । यस्तोमा रगत समेत दिनु पर्ने हुन्छ ।

यस्तै सुत्केरी अवस्थामा हुन सक्ने अरू समस्यामा प्रजनन् अंगहरूको तथा पिसाब सम्बन्धी संक्रमणहरू हुन् ।



**प्रजनन् अंगको संक्रमण निम्नलिखित सुत्केरीहरूमा बढी हुन सक्छ ।**

१) व्यथा लाग्नुभन्दा पहिलेदेखि योनिबाट पानी गएका

२) पाठेघर भित्र सालको टुक्रा छुटेको

३) धेरै पटक योनिबाट जाँच गर्नु परेका


४) पहिलेदेखि संक्रमणहरू भएका सुत्केरीहरूमा

५) प्रसव व्यथाका बेला पटकपटक नली राखी पिसाब गराउनु परेका सुत्केरीहरूमा ।

यसरी संक्रमण भएमा तल्लो पेट दुख्ने ज्वरो आउने, योनिबाट फोहर पानी बग्ने, पिसाब पोल्ने, छिटो छिटो पिसाब लाग्ने, कमर दुख्ने जस्ता समस्याहरू हुन्छन् । योनिको स्याहार राम्ररी नभएका एपिजियोटोमी गरेको ठाउँमा घाउ पाक्न सक्दछ ।

घरमा नै बच्चा पाउने सुत्केरीहरूका हकमा एपिजियोटोमी लगाउन सम्भव नहुने भएकोले योनि मलद्वारसम्म नच्यातियोस् भनी योनिको पछाडितिर हातले राम्ररी थिचेर गर्भवतीले विस्तारै बल गर्न लगाउनुपर्दछ ।

*(डा. पन्त त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज तथा ग्रान्डी हस्पिटल, टोखामा सेवारत हुनुहुन्छ ।)* ००



# पञ्चतत्वको सन्तुलन मिलाउन नजान्ने
# नेताको चक्रव्यूहमा नेपाली राजनीति



दुर्गाप्रसाद आचार्य

नेपालका राजनीतिक दलहरूमा सिद्धान्त भन्ने कुरा देखिन छाड्दै गएको पाइन्छ । ठूलो दल नेपाली कांग्रेस के समाजवादी हो त ? अनि आफूलाई संसारकै सक्कली कम्युनिस्ट भन्नेहरू के साँच्चै कम्युनिस्ट हुन् त ? सत्तासँग सिद्धान्त साट्ने नेपाली कांग्रेस र प्रचण्डको माओवादी केन्द्रले सिद्धान्त केही होइन भन्ने व्यवहार खुला रूपमा प्रस्तुत गरेर उदाङ्गो बनेका छन् । सिद्धान्तको विषयमा खुला रूपमा बहस गर्न बोलाउने हो भने कोही पनि उपस्थित हुँदैनन् किनकि सिद्धान्त पालन नगरेपछि कुन मुखले बहसमा पनि जानु भन्ने चिन्ता दलहरूमा देखिन्छ । बाध्यात्मक परिस्थितिको उपजले गर्दा पनि नेकपा माओवादी केन्द्रको बुई चढेर नेपाली कांग्रेस सत्ता समीकरणमा एक भएका थिए ।

संविधानको कार्यान्वयन भयो भने मात्र देश आर्थिक समृद्धिको यात्रामा अघि बढ्छ भन्ने प्रचण्ड र शेरबहादुरकै कारण संविधान कार्यान्वयनमा समस्या आइरहेको छर्लङ्गै देखिएको छ । घोषणा गरिएको स्थानीय तहको निर्वाचन पनि हुने हो कि होइन जनतामा शंका उब्जने कैयौँ ठाउँ वर्तमान सरकारको चालढालले नै प्रस्ट पार्दै गइराखेको छ । नेपाली जनताको दैनिक जीवनमा सरोकार राख्ने प्रशासनिक कार्य, विकास निर्माण एवं दैनिक उपभोग्य वस्तुको सर्वसुलभ वितरण तथा कार्य प्रणालीलाई समेत विशेष ध्यान दिएको देखिएन । साथै भूकम्पपीडित जनतालाई दिएको धोका हेर्दा प्रचण्ड सरकार जनहितको पक्षमा छैन भन्ने कुरा अहिले चिनीको मूल्य आकासिएबाटै स्पष्ट झल्किन्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई कांग्रेस र माओवादी केन्द्रले हाम्रो प्रतिबद्धता भने पनि उनीहरू आफै विचलित हुन खोजिरहेका छन् भन्ने कुरा प्रचण्ड-शेरबहादुरले गरेका राजदूत सिफारिस गर्दाको क्षण, आईजीजी नियुक्ति काण्ड एवं एमालेसँगको संवाद-जुहारी र संघीयता गुम्ने घुर्क्याइँबाटै थाहा हुन्छ कि उनीहरू पैसाको चलखेलमा जे पनि गर्दा रहेछन् भन्ने कुरा जनतालाई आफ्नै दैनिकीबाट नेताहरूले देखाइदिए । लोकतन्त्र स्थापनाको मुख्य उद्देश्य जनताको अधिकार स्थापित गर्नु हो । लोकतन्त्र भन्ने चीज एउटा पद्धति र प्रक्रिया समेत हो र त्यसलाई संस्थागत गर्नु जरूरी छ तर एक दसक पुग्न लाग्दा पनि, राजाको ठाउँमा राष्ट्रपति पद हुँदैमा जनताका सपना र उद्देश्य पूरा नहुने रहेछ भन्ने कुरा ०६२/६३ को आन्दोलनदेखि आजसम्मको घटनाक्रमले दर्शाइसकेको छ ।

लोकतन्त्रका पक्षधरमध्येका एक नेकपा एमालेलाई साथ लिएर हिँड्न नसकेका कारण शेरबहादुर र प्रचण्डले निकै ठूलो धोका खान सक्ने कुरा विश्लेषण गर्न सकिन्छ । लोकतन्त्रका पक्षधर एकै ठाउँमा उभिन नसक्ने हो भने मुलुकको भविष्य कता जान्छ, के हुन्छ, थाहा छैन । व्यक्ति भन्दा पनि क्षमता ठूलो हो भन्ने कुरा सत्ता हाँक्नेहरूले बिर्सिसकेका छन् र भ्रष्टाचारमा लिप्त भएका छन् । आफ्नो पार्टीको सिद्धान्तलाई वास्ता नगरेर व्यक्तिगत स्वार्थमा लिप्त भएकाहरूले जनता र देशको स्वार्थ बुझ्नेनन् । नेताहरूका व्यक्तिगत स्वार्थले गर्दा संविधान कार्यान्वयन गर्न धेरै नै गाह्रो हुनेछ । राजनेता हुन र वरिष्ठ राजनीतिज्ञको पगरी भिर्ने योग्यतामा पुग्न प्रचण्ड र शेरबहादुर दुवै पछि पर्ने हुन् कि भन्ने कुरा उनीहरूले आफ्नो कर्तव्य बिर्सेबाट नै प्रस्टिएको छ ।

राप्रपाका नवनिर्वाचित अध्यक्ष कमल थापासँग प्रचण्डले साँठगाँठ गर्न खोजिरहेका छन् तर बिडम्बना एउटा धर्मनिरपेक्षताको वकालत गर्दै हिँड्ने छन् भने अर्कोचाहिँ कट्टर हिन्दुधर्मको वकालत गर्ने नेता ! ९० प्रतिशतभन्दा बढी ओमकार परिवार भएको मुलुकमा सुटुक्क धर्म निरपेक्षता लादिएकोले नेपाललाई जनमतसङ्ग्रह गरेर भए पनि पुनः हिन्दु राष्ट्र बनाउनु पर्छ भन्ने कमल थापालाई प्रचण्डले कसरी हात लिने हुन् त्यो त आगामी दिनमै थाहा होला । तर कुरा के हो भने जनमतसङ्ग्रहबाट हिन्दु राष्ट्रको पक्षमा ९० प्रतिशत मत आउने हुनाले प्रचण्ड यस विषयमा तयार हुने छैनन् ।

नेपाली नेताहरू केही न केही रोगले ग्रस्त छन् । जब मान्छे रोगी हुन्छ अनि उसले प्रस्ट कुरा राख्न र भन्न सक्दैन र उसले दोहोरो चरित्र देखाउँछ । त्यही भएर हाम्रो मुलुकले विकास नपाएको हो । मन, शरीर र आत्माको सन्तुलन हुनु नै स्वस्थ जीवन जिउनु हो तर हाम्रा नेताको मन, शरीर र आत्माको सन्तुलन कहिले हुने हो थाहा छैन । हाम्रा नेताहरूलाई यो कुरा सिकाउनु जरूरी छ कि, मान्छेको शरीर पाँच भौतिक तत्वहरू पृथ्वी, जल, अग्नि, वायु र आकाशले बनेको हुन्छ । यी तत्वहरूको सन्तुलन गर्ने कार्य मनले गर्दछ अनि जब मनमा कुनै विकृति आउँछ, तब यी तत्वहरूमा सन्तुलन बिग्रन जान्छ र सन्तुलन बिग्रिएपछि शरीर रोगग्रस्त बन्दछ ।

हाम्रा नेताहरूको मनमा विकृति भएकैले रोगी जीवन बिताएका हुन् । त्यसैले नेताहरूलाई मेरो सुझाव के छ भने पञ्चतत्वहरूको सन्तुलन गर्ने कार्य मनले नै गर्नुपर्दछ, मन सफा र स्वस्थ भयो भने पञ्चतत्वको सन्तुलन भइरहन्छ र शरीर रोगी हुँदैन । त्यसकारण मन स्वस्थ हुनु नै वास्तविक स्वस्थ हुनु हो । मानसिक रूपमा मान्छे स्वस्थ हुनुपर्दछ । आत्मा, मन र शरीर स्वस्थ भएको मान्छे नै स्वस्थ मानिन्छ । शरीरका सारा विकृतिहरू मनबाटै उब्जन्छन् र यिनको उपचार पनि मनबाटै हुन्छ, शरीर रोगको घर होइन, मन नै रोगको घर हो । मान्छेले मनलाई ठीक मार्गमा हिँडाउन जान्यो भने रोग मुक्त हुन्छ अर्थात् ९० प्रतिशत रोगको कारण मन नै हो । त्यसैले जनताको सपना साकार पार्न हाम्रा सबै रोगी नेताहरूले सत्य र असत्य छुट्याई मुलुक र जनताको हितमा काम गर्न आफ्नो मनलाई ठीक ठाउँमा राखी नेपाली आमाको हितमा काम गर भन्न चाहन्छु । जय देश ।००



**मोहनबहादुर कायस्थ**

*साहित्यिक स्रष्टा*

# मेरा पुस्तकभित्रका झिल्काहरू जनजिब्रोमा घुसेका छन्

**तपाइँको विचारमा साहित्यको परिभाषा के हो ? तपाइँ केका लागि साहित्य लेख्ने गर्नुहुन्छ?**

– प्रश्न अलि जटिल सोध्नुभयो । साहित्यको परिभाषा विद्वान्हरूले गरेका होलान्, तर म साहित्यको परिभाषा आफ्नै प्रकारले गर्छु । बौद्धिक क्षेत्रका मनीषीहरूले व्यक्त गरेको समसामयिक लेख जुन छापामा आएपछि चिन्तनमनन गरिने हुन्छ र अध्ययनपश्चात् त्यो भनाइ यथार्थमा मनोविश्लेषक हुन्छ । त्यो नै साहित्यको उचित परिभाषा हुन सक्छ । अभिव्यक्त लेखले अध्ययनकर्ताको मनमा शिक्षाको दियो बालिदिनुपर्छ ।

बौद्धिकक्षेत्रका व्यक्तिले व्यक्त गरेका चिन्तनहरू कालजयी हुन्छन् । यही परिप्रेक्ष्यमा म आफ्नो मनभित्र उब्जेका शुभ चिन्तनहरू सकेसम्म कलमको माध्यमबाट उतार्छु अनि सोच्छु– ती कति सत्य धारणामा स्तम्भित रहेका छन् । यसै पनि लेखेका आफ्ना धारणाहरू सबैका लागि समयोचित र उदाहरणीय बन्न सकून् भन्ने प्रेरणा बोकी आफ्नो अन्तरङ्गमा भएका भावहरू पोख्छु ।

**नेपाली साहित्यलाई अझ स्तरीय बनाउन र साहित्यको विकासका लागि केके गर्नु जरूरी छ ?**

– स्तरीयताको प्रश्न गहन छ । अहिले भएगरेका लेखक र साहित्यहरूप्रति लक्षित गर्ने मेरो उद्देश्य होइन । तर साहित्यका साधकहरू उच्च तहमा पुगेका प्राध्यापकहरू जो पढ्छन् र पढाउँछन् तिनीहरूको श्रमविवेकबाट निस्कन साहित्य चुमनीय हुन्छ । विडम्बना छ, उहिलेका तपस्वीहरूजस्ता

## साहित्यिक स्रष्टा मोहनबहादुर कायस्थसँग अग्निचक्र मासिकले भलाकुसारी गर्दा निस्केको विवरण

**साहित्यिक नाम** : आकाशवाणी (२०१५ देखि)

**जन्म** : वि. सं. २००० असार २३ गते शुक्लपञ्चमी तिथि बुधबार (जुलाई ७, १९४३) विद्यालयको प्रमाणपत्रअनुसार अप्रिल १५, १९४४

**जन्मस्थानः** नारायणटोल, बन्दीपुर, तनहुँ

**पिताः** बिलबहादुर कायस्थ (१९७५–२०४१)

**माताः** दयालक्ष्मी कायस्थ (१९७५–२०६६)

**पत्नीः** निमायादेवी कायस्थ नागरिकताअनुसार (खास नाम निम्मायादेवी जोशी) (२०१७ माघ १७ गते वैवाहिक सम्बन्ध)

**छोराहरूः** डा. भुवन कायस्थ (श्रीमती : राज्यश्री श्रेष्ठ, पुत्र : प्रतीक र पुत्री : प्रतिमा) र भूपेश कायस्थ श्रीमती : रञ्जिता श्रेष्ठ, पुत्र : राउल र पुत्री : रूबी)

**पिताको व्यवसायः** कृषि एवम् व्यापार-दुराडाँडा, बाख्रेजगात, लमजुङ)

**प्रारम्भिक शिक्षाः** पं. भुवनहरि र शिवशङ्कर आचार्यबाट बन्दीपुर भाषा पाठशालामा, त्यसपछि बन्दीपुर र सर्वोदय हाइस्कुल दुराडाँडा, लमजुङमा

**शिक्षाः** जे. पी. हाइस्कुल, काठमाडौँबाट २०१६ मा एस. एल. सी. त्रिचन्द्र कलेज, काठमाडौँबाट आई. एससी. (२०११) र २०२२ भदौदेखि कोलम्बो प्लानअन्तर्गत भारतको आन्ध्र प्रदेशस्थित काकिनाडाको गभर्नमेन्ट कलेजबाट विद्युत् इन्जिनियरिङ डिग्री प्राप्त (२०२७ असार)

**शिक्षण पेसाः** भानु हाइस्कुल, बन्दीपुर शैक्षिक सत्र (२०१६/१७) (२०२०, २०२१, २०२२ मा पटकपटक)

**सेवाः** २०२७ पौष १४ देखि २०४२ भाद्र १ सम्म नेपाल विद्युत् कर्पोरेसन र २०४२ भाद्र १ देखि २०५८ चैत्र मसान्तसम्म नेपाल विद्युत् प्राधिकरणमा, २०५९ देखि निवृत्त

**मानसम्मानः** राजा महेन्द्रको बाहुलीबाट महेन्द्र विद्या भूषण पदक (२०२७ फागुन ७) थापेको, बगर फाउन्डेसन नेपाल, इन्सास, कालचक्र, पेन इन्टरनेसनल नेपालबाट 'पेन देवकोटा' सम्मान, विद्युत् साहित्यकर्मी सङ्घ र अन्य साहित्यिक संस्थाबाट

**साहित्य सेवा :**

- २०२२ देखि लेखन सुरु
- २०४१ देखि पुस्तकलेखन सुरू
- हालसम्म कविता, कथा, गीत, मुक्तक, गजल, निबन्ध, संस्मरण, यात्रा, हाइकू, चोका, ताङ्का, उपन्यास आदि विधामा ३५ वटा पुस्तक प्रकाशित
- विभिन्न साहित्यिक एवम् इन्जिनियरिङ सङ्घसंस्थामा आबद्ध
- विभिन्न देशमा कार्यपत्र प्रस्तुत
- 'प्रण' शीर्षकको पहिलो लेख २०२२ जेठमा पद्म पुस्तकालय, बन्दीपुरको हस्तलिखित मुखपत्र *मूल बाटो*मा प्रकाशित अङ्ग्रेजी भाषामा पनि लेख, कविता, कथा इत्यादि प्रकाशित

**सम्पादन :**

- *यशस्वी देवकोटा* (देवकोटा शतवार्षिकी, २०६६)
- *सत्यमोहन जोशी : व्यक्ति एक अभिव्यक्ति अनेक* (२०६९)
- *भारतप्रसाद धिताल स्मृतिग्रन्थ* (गण्डकी सामाजिक गुठी)
- *स्मारिका* (बन्दीपुर सामाजिक विकास समिति, २०५३)
- *जीवनमित्र स्मृतिग्रन्थ* (सम्पादन, २०७०)
- *बन्दीपुरका लेखक-कवि-साहित्यकार* (सम्पादन, २०७०)
- इन्जिनियरिङ क्षेत्रसँग सम्बन्धित अन्य

**साहित्यिक प्रेरणाः** जे. पी. हाइस्कुलका सहायक प्रधानाध्यापक हरिहरनाथ रेग्मीबाट -२०१६)

**शैक्षिक प्रेरणाः** प्राध्यापक अमृतप्रसाद प्रधान (ठमेल, काठमाडौँ), श्रीमती र बजै केशकुमारी कायस्थबाट

**स्थायी बसोबास :**

- ८१९/१५ भीमसेनगोलामार्ग, बानेश्वर-३४, काठमाडौँ ।
- पूर्वजहरू भक्तपुरबाट बन्दीपुर स्थानान्तर भएको किंवदन्ती छ, अद्यावधिक लेखोट आजसम्म पाइएको छैन ।

**जातः** नेवार, कायस्थ (तराईवासी कायस्थ होइन) ।

**भाषाः** नेपाल भाषा (मातृभाषा), राष्ट्रभाषा नेपाली, विदेशी भाषामा अङ्ग्रेजी र हिन्दी ।

**धर्मः** हिन्दू

- हाल निवृत्त अवस्थामा र पढाइलेखाइमा व्यस्त ।
- यादवराज घले, कल्पना रेग्मी र केशवराज नेपालले मेरो व्यक्तित्व र कृतित्वका बारेमा एम.ए. मा शोधपत्र (थेसिस) गरेका छन् ।

**साहित्यमा रूचिः** २०१६ सालमा शिक्षक हरिहरनाथ रेग्मीले पढाएको अङ्ग्रेजी र नेपालीबाट गाउँको शिक्षणस्तरमा यति ज्यादा फरक पाएँ, के भन्ने? रेग्मी सरको व्याख्या 'यात्री' र 'निद्रा'-जस्ता निबन्धले मलाई देवकोटाप्रति श्रद्धा जाग्यो । पछि त्यसै वर्ष मृत्युशय्यामा देवकोटालाई देखेँ अनि मृत अवस्थामा पनि । उनै गुरू र देवकोटा नै मेरो स्मृतिपटलमा रहिरहे ।

चिन्तनशील, मननशील स्रष्टाद्रष्टा अहिले अलिक भएको भन्ने जनमानसमा परेको छ ।

विकासको क्रम अगाडि बढेको छ र प्रशस्त मात्रामा पुस्तकहरू प्रकाशित भएका छन् । प्रज्ञाप्रतिष्ठान छ, साझा प्रकाशन छ, विश्वविद्यालय छ, प्राइभेट संस्थाहरू छन् । त्यसै भाषासाहित्यको विकास अवश्य भइरहेको छ ।

खट्किने कुरा के छ भने साहित्यानुरागीहरू प्रकाशन भएका पुस्तकहरू किन्ने र पढ्ने त्यति गर्दैनन् । लेखकहरू पनि आफ्ना पाण्डुलिपि प्रकाशक खोजेर नपाउन्जेल थन्क्याएर मात्र बस्छन्, जबकि उनीहरू आर्थिक दृष्टिले सबल र सक्षम छन् । व्यापारिक दृष्टिका पुस्तकहरू पाठ्यपुस्तकजस्तै त्यति स्तरीय हुन पाउँदैनन् । व्यक्तिगत रूपमा प्रकाशित पुस्तकहरू नबिकेर खात लाग्छन् भने साझा र प्रज्ञाले प्रकाशन गरेका गतिला पुस्तकहरू पनि थान्को लागेको पाइन्छ ।

नेपाली साहित्यलाई स्तरीय बनाउन प्रकाशित हुने पुस्तक कुनै स्वीकृत सम्पादक मण्डलबाट योग्य ठहर हुनुपर्‍यो र प्रतिलिपि अधिकारमा सुरक्षित एवम् संरक्षित हुनुपर्‍यो जुन आजसम्म यी विषयमा राम्रो सोच आइपुगेको छैन । मेरो विचारमा चिन्तनशील लेखकले निकै रेफरेन्स पुस्तक किनेर अध्ययनमा कसरत पनि गरी आफ्नो विचार पुस्तकलेखनमा औचित्यसहित देखाउन सक्नुपर्‍यो । समालोचकको बह कसैलाई नकहे हुन्छ जसको मूल धारबाट कटाक्ष भएर लेखकको लेखमा कसी लाग्ने हो ।

> “ जे सिकेँ, जे जानेँ, जे उदाहरणीय लाग्यो, विचार सङ्कलन गरेँ । मेरो लेखनको रहस्य यही हो ”



**तपाइँले आजसम्म लेखिसक्नुभएका पुस्तकहरूको परिचय र ती प्रत्येक पुस्तकले नेपाली समाजलाई दिने सन्देश विस्तारमा बताइदिनुहुन्छ कि?**

– प्रश्नको जवाफ कति लेख्ने, साध्य छैन, किनकि पुस्तकको सङ्ख्या ६० पुगेर ६१, ६२ पर्खंदै छ । तसर्थ यहाँ कुन विधाको कति पुस्तक भनी विवरण दिन चाहन्छु । पुस्तकको नामबाट विषयको ज्ञान हुने छ–

१. विद्युत्बारे पाँच पुस्तक छन् जसले विद्युत् चुहावटदेखि लिएर कार्यपत्रहरूबारे प्रस्ट पार्ने छन् ।
२. कविता (नेपाली)– ७
३. कविता (अङ्ग्रेजी)– २
४. कथा (नेपाली)– ३

- २०२७ असार देखि २०२७ पौषसम्म इन्जिनियर भएर पनि बेरोजगार बस्नुपरेको ।
- २०२७ साल पौषमा इन्जिनियर जागिर पाएपछि मैले प्रशस्त लेख रचना गरेँ– कथा, कहानी, निबन्ध, उपन्यास, कविता इत्यादि । २०२८ सालदेखि विद्युत् कर्पोरेसनको *बिजुली* पत्रिकामा प्रत्येक ५ महिनामा लेख छापियो । *परिवार* पत्रिकामा पनि २०२८ सालमा लेख छापिएको ।
- २०४१ देखि प्रत्येक वर्षजसो एउटा पुस्तक प्रकाशित गर्ने लक्ष्य भयो । निवृत्त भएपछि अरु धेरै पुस्तक प्रकाशित भए ।
- निवृत्तिभरणबाट प्राप्त रकम मेरो स्थायी स्रोत बनेको छ पुस्तक प्रकाशनमा ।
- धेरै साप्ताहिक पत्रिकामा अन्तर्वार्ता छापिएका छन् । यसको सँगालो भविष्यमा आउने छ । प्राविधिक र साहित्यिक चर्चा मिडियामा भइरहन्छ ।
- मलाई मन पर्ने मेरो पुस्तक *ठूलाहरू* हो । यसमा धेरै चर्चित व्यक्तिको चरित्र देखिन्छ ।
- सामाजिक चित्रणका लागि *विवश जिन्दगी* उपन्यान्स र अन्य लेखका साथ अरु अरु दुई उपन्यास पनि ।
- बालसाहित्य लेखेँ *गन्तव्य दुबई* ।
- बृहत् सम्पादन *सत्यमोहन जोशी : व्यक्ति एक अभिव्यक्ति अनेक* ८३६ पृष्ठको तयार पारेँ ।
- विभिन्न सम्मेलनहरूमा भाग लिएको विषयबारे यात्रानिबन्ध *चालीस फन्को*मा प्रकाशित भएको छ ।
- २०१५ चैत्रमा दुराडाँडाबाट बन्दीपुर, नारायणघाट, हेटौँडा, भीमफेदी, चित्लाङ, कुलेखानी, थानकोट हुँदै काठमाडौँ आएको पहिलो पटक ।
- २०२२ भाद्रमा प्रथम पटक भारत प्रवेश । २०२२ देखि २०२७ को बीच भारतका पटना, कलकत्ता, विशाखापत्तनम्, काकिनाडा आदि हुँदै कलेज पुगेको र तत्पश्चात् भारतका सबैजसो राज्यहरूको भ्रमण ।
- २०४१ कार्तिकमा विश्व ब्याङ्कअन्तर्गत विद्युत् शक्ति र पावर प्रोजेक्टससम्बन्धी आठ हप्ते कोर्सको प्रशिक्षण लिन ब्याङ्कक हुँदै हङकङ र चीनको हायङचौ प्रवेश । विश्व ब्याङ्कको इकोनोमिक डेभेलपमेन्ट इन्स्टिच्युटको ओभरसिज 'फेलो' भएको ।
- २०४३/४४ मा इनर्जी-८७ सम्मेलनमा भाग लिन मलेसिया गएको, त्यसै बेला सिङ्गापुर र ब्याङ्कक पनि पसेको ।
- सेमिनारकै लक्ष्यमा चीन, हङकङ (सन् २००१), दक्षिण कोरिया, जापान, श्रीलङ्का, बङ्गलादेश, भारतको त्रिपुरा, इजिप्ट, फिनल्यान्ड, स्वेडेन, उत्तर अमेरिका र क्यानाडा पुगेको । छोरो बेलायतमा बसोबास गरेकाले बेलायतमा केही महिना बसेको ।
- सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर्समा महासचिव, उपाध्यक्ष एवम् अध्यक्ष भएको । १९९६ नोभेम्बरमा सार्क स्तरीय लाइटिङ सम्मेलन काठमाडौँमा हुँदा सदस्यसचिव भई कार्यसम्पादन गरेको ।
- नेपाल इन्जिनियर्स सङ्घमा आजीवन सदस्य, कार्यकारी सदस्य २०५१/५२ र इन्जिनियरिङ काउन्सिलमा सदस्य ।
- इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन सोसाइटीमा आजीवन सदस्य ।
- भारतको लाइटिङ समाज र इन्जिनियर्स सङ्घको आजीवन सदस्य एवम् 'फेलो' सदस्य (ए'. आई. ई.) ।
- गण्डकी सामाजिक गुठीमा संरक्षक, भारत धिताल स्मृतिग्रन्थको संयोजक, राष्ट्रकविको सम्मान गर्ने कार्यक्रम संयोजक आदि ।
- बन्दीपुर सामाजिक विकास समितिको संरक्षक एवम् संस्थापक सदस्य, २०५३ मा स्मारिका प्रकाशन सम्पादक, *बन्दीपुर आवाज*को सम्पादक ।
- विद्युत् साहित्यकर्मी समाजको सहसंरक्षक ।
- रोटरी क्लब अफ पशुपतिको सदस्य, महासचिव, उपाध्यक्ष अनि अध्यक्ष ।
- नेपाल व्यवस्थापन सङ्घको आजीवन सदस्य ।
- नेपाल सम्पदा सङ्घको आजीवन सदस्य । त्यस्तै नागार्जुन साहित्य समाजमा आजीवन सदस्य ।
- साहित्यिक पत्रकार सङ्घको आजीवन सदस्य ।
- जनमत, दायित्व, नवप्रज्ञापन, भानु, कौशिकी आदिमा आजीवन सदस्य ।
- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टरको आजीवन सदस्य ।
- नेपाली कलासाहित्य डट कम प्रतिष्ठानको डिस्टिङ्क्ट सदस्य ।
- पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूको सँगालो *विषय र विचार* पुस्तक प्रकाशन । यसमा स्मृतिग्रन्थ, अभिनन्दन र थुप्रै सामग्री समेटिएका छन् ।
- नेपाल भाषामा *तायमरू बाखँ* कथासङ्ग्रह) प्रकाशन ।
- अङ्ग्रेजीमा विद्युत् विषयक पुस्तक दुई र

५. कथा (अङ्ग्रेजी)– १
६. नियात्रा- ३
७. नेपाल भाषामा कथा- १, चिन्तन- १
८. संस्मरण– २, डायरी– १
९. बालसाहित्य– १
१०. निबन्धात्मक– ७, वंशावली– १
११. अन्तर्वार्ता– १
१२. हाइकू, ताङ्का, चोका, मुक्तक, गजलका अलग-अलग पुस्तक उपर्युक्त धेरै विधामा कलम चलाएर पुस्तक प्रकाशित भएका छन् र हरेकको उपलब्धि दिँदा लामो लेख बन्ने हुनाले छोट्याइएको छ । तर जनजिब्रोमा घुसेका छन् मेरा पुस्तकभित्रका झिल्काहरू ।

**'फर्केर हेर्दा आफ्नो जीवनबाट तपाईंले सिकेका कुराको रहस्य के रहेछ त ?**

– जीवनको रहस्य बुझ्न देवकोटाले उद्यानमा गएर बिचार्नु, सबै तत्व बोध हुन्छ भनी 'मार्ग' कवितामा लेखेका छन् । जीवनको सार बाँच्नु र मर्नु मात्र होइन । जीवनका भोगाइहरूका बारेमा ठीक-बेठीक ठहऱ्याउनु एउटा मौलिकता रहेछ । विचार आउँछन् र खेर जान्छन्, तर यस्ता विचारलाई स्वरूप दिन सके मानिसको जीवनमा अध्ययन र अनुसन्धान गर्ने मौका हुन्छ भन्ने लाग्छ ।

महाकवि देवकोटाले कति काव्य, महाकाव्य, कविता, कथा, निबन्ध लेखे ? आज ती लेखहरू हरेकका लागि अध्ययनका विषय भएका छन् । अरु धेरै कविहरू भानुभक्त, मोतीराम, लेखनाथ, पुष्करशमशेर, सम, संस्कृतका पण्डितहरू, रिमाल, तिवारी इत्यादि सबैले केही ज्ञान दिएर गए । आज हामी उनीहरूकै अध्ययन गर्दैछौँ । मलाई मेरो मनका कुराहरू विभिन्न विधामा प्रस्तुत गर्न पाएको हुँदा मेरा विचारहरू जीवन्त रहने छन् भन्नेमा विश्वास छ । जे सिकेँ, जे जानेँ, जे उदाहरणीय लाग्यो, विचार सङ्कलन गरेँ । यही हो मेरो लेखनको रहस्य ।

**अन्तमा तपाईं के भन्न चाहनुहुन्छ ?**

– जेजस्तो भन्नुपर्ने कुरा प्रकाशित र सङ्कलित पुस्तकहरूमा परेका छन् । प्रत्येक पुस्तकभित्र मैले केही न केही भनेकै छु । दुःखका साथ पढेँ, झेलेँ, इन्जिनियर बनेँ, सेवामूलक संस्थामा लामो समय काम गरेँ, अनुभवहरू बटुलेँ र तिनै अनुभवका पाटाहरू पुस्तक बनेर आए । तीतो, टर्रो, मीठो, नमीठो सबै प्रक्रियात्मक समय बिताइयो । कति टोकसो खाइयो, खाइयो । उल्लेख गरेर साध्य छैन ।

भाषिक हिसाबले मेरा शब्दावलीहरू त्यति माझिएका भने छैनन् । मलाई यस्तै लाग्छ । प्रकाशित पुस्कहरूमा राम्रा-नराम्रा जे लेखिएका छन्, ती मेरो दैनिक जीवनभित्रका उद्गार हुन् । अग्रज साहित्यकार, वरिष्ठ प्राध्यापक, विद्वान्-विदुषीहरूमाझ जानेबुझेको सत्यतथ्य पस्केको छु, बस ! मलाई कसैलाई इङ्गित गरेर व्यक्ति कुरा पोख्नु छैन । जे भन्नुपर्ने पुस्तकभित्रका पङ्क्तिहरूले नै भनेका छन् । अन्तर्वार्ता लिनुभो, अग्निचक्र मासिकलाई धन्यवाद ।००

कविताका पुस्तक दुईका साथै आफ्नै केही नेपाली कथाहरू आफैले अङ्ग्रेजीमा अनुवाद गरी *A Book on the Table* प्रकाशन ।

- सम्पूर्णमा भन्नुपर्दा कविता, निबन्ध, अनुभूतिजन्य विद्युत्सम्बन्धी संस्मरण, उपन्यास, यात्रासंस्मरण, जापानी साहित्य पाराका हाइकू, ताङ्का, चोका, ससाना कथाहरू, गजल, मुक्तक, ठूलाहरूबारे टिपोट, अङ्ग्रेजीमा कविता, *यशस्वी देवकोटा* (देवकोटा शतवार्षिकीमा सम्पादन), *हाईहेलो बिजुली* संस्मरण र *सत्यमोहन जोशी : व्यक्ति एक अभिव्यक्ति अनेक* पुस्तकको सम्पादन जसमा जोशीजीले लेख्नुभएका पुस्तकहरूभित्रका भूमिका, जोशीजीले अरूका पुस्तकहरूमा लेख्नुभएका भूमिकाहरू, पेस गरेका कार्यपत्रहरू, अलङ्कार, विभूषण, जीवनी, जोशीजीसँगका वार्ताहरू इत्यादि समेटिएका छन् । *जीवनमित्र स्मृतिग्रन्थ* (२०७०)-को सम्पादनमा संलग्न र *बन्दीपुरका कवि-लेखक-साहित्यकार* (२०७०)-को सम्पादनमा शिव रेग्मीसँग सहकार्य ।
- धेरै मित्रहरूले मोहनबहादुर कायस्थको आर्थिक स्रोत के रहेछ र पुस्तकहरू धमाधम प्रकाशन हुन्छन् भन्ने गर्दा रहेछन् । उनीहरूले के बुझून् भने २०४१ सालदेखि अनवरत वर्षैपिच्छे एक न एक पुस्तक प्रकाशनमा आएको छ र पुस्तकहरू कतिका हातमा पुगेका छन्, पुऱ्याइएका छन् भने इच्छाशक्ति भए कामशक्तितर्फ नलागी सरस्वतीको आराधनामा खर्चिनुमा शङ्कास्पद शब्दहरू नओकल्नुपर्ने हो, तर समाज विकसित नभएर अझै केही मात्रामा सङ्कुचित भएको सत्य रहेछ नै ।
- धेरै सम्पन्न विद्वान्हरू भौतिक रूपमा, आर्थिक रूपमा आफ्नो विद्वत्तालाई पाण्डुलिपिकै रूपमा कपीमा पोको पारी राख्ने मेरा मित्रहरूलाई मेरो भनाइ छ– विद्वत्तालाई प्रकाशक खोजी नहिँडौँ, आफैले बौद्धिक समाजलाई केही दिऔं भन्ने गर्छु, तर धनमा शङ्करको पनि तीन नेत्र बल्छन् भनिन्छ कोही कसैले र दङ्ग पर्छु । कतिपय यस्ता विद्वान्हरू कसैको पुस्तक किन्नमा पनि कन्जुसी गर्छन् अनि साहित्य कसरी जनमानसमा फत्रोस् र ? बस् ।

**प्रकाशित कृतिहरू :** कनफ्रन्टेसन इन इलेक्ट्रिकल बिजिनेस (भाग १)२०४१, बिजुलीका मेरा अनुभूतिहरू (भाग १) २०४२, बिजुलीका मेरा अनुभूतिहरू (भाग २) २०४३, बिजुलीका मेरा अनुभूतिहरू (पुनर्मुदण) २०६३, बसिबियाँलो मेरो कविता (भाग १) २०४५, बसिबियाँलो मेरो कविता (भाग २), २०४७, बसिबियाँलो मेरो कविता (संयुक्त) २०६७, बसिबियाँलो मेरो कविता (भाग ३) २०५८, बसिबियाँलो मेरो कविता (भाग ४, अङ्ग्रेजी) २०५९, बसिबियाँलो मेरो कविता (भाग ६) २०६०, रोधीघर (गीतसङ्ग्रह) २०६०, विवश जिन्दगी (भाग १) २०४६, विवश जिन्दगी (भाग ३, पुनर्मुद्रण)२०६९, विवश जिन्दगी (भाग २) २०५१, विवश जिन्दगी (भाग ३) २०५२, विवश जिन्दगी (भाग २ र ३ संयुक्त)२०६९, विवश जिन्दगी (भाग ४, संस्मरण) २०५९, मेरो बन्दीपुर (विवश जिन्दगी, भाग ४) २०७१, कनफ्रन्टेसन इन इलेक्ट्रिकल बिजिनेस (भाग २)२०५९, तरेली (हाइकूको) २०६१, चालीस फन्को (संस्मरण) २०६१, चालीस फन्को (संस्मरण, पुनर्मुद्रण) २०६७, भावना (ससाना कथा) २०६२, शब्दजाल (उपन्यास) २०६२, मोहनबहादुर कायस्थका मुक्तकहरू २०६३, तायमरू बाखँ (नेपाल भाषा कथा) २०६९, बिस्कुन (ताङ्काको) २०६३, पीपलबोट (संयुक्त चोकासङ्ग्रह) २०६३, आकाशवाणीबाट गजलहरू २०६४, ठूलाहरू (सदनदेखि संसद्सम्म) २०६४, चौतारी (संयुक्त हाइकूसङ्ग्रह) २०६५, लुक ब्याक इन लिजर (अङ्ग्रेजी कविता)२०६५, गोरेकी आमा (कथासङ्ग्रह) २०६६, यशस्वी देवकोटा २०६६, हाई ! हेलो बिजुली २०६६, ए बुक अन द टेबल (अनूदित कथा) २०६८, विषय र विचार (निबन्ध) २०६८, मुक्तकभित्र म (२०७१), आँखा हाइकूतिर २०७१, स्वनिगलं पिने बन्दीपुर २०७१, गाजली (गजलसङ्ग्रह) २०७०, बन्दीपुरका कवि-लेखक-साहित्यकार २०७०, सङ्गम (हाइकू-ताङ्का-चोकासङ्ग्रह) २०७०, सम्झनामा भानु २०७१, संवादमा मोहनबहादुर कायस्थ २०७१, मोहनबहादुर कायस्थका प्रतिनिधि कथा २०६९, सत्यमोहन जोशी : व्यक्ति एक अभिव्यक्ति अनेक २०६९, गन्तव्य दुबई (बालयात्रा) २०६९, सार्क लाइटिङ एक झलक २०७२, एकल सृष्टि बहुल दृष्टि २०७१, बन्दीपुरको सुवास २०७२, चिनेजानेका पुष्कर २०७२, मोहनबहादुर कायस्थका प्रतिनिधि कविता २०७२, चालीस फन्को घुमेपछि २०७२, महारानीको देशमा २०७३, सञ्जाल (उपन्यास) २०७३, कायस्थ (एमबी) डाइरी २०७३, आमा ! मेरी आमा (कवितासङ्ग्रह) २०७३, चर्तिकला (विविध सङ्कलन) २०७३ ।

# राष्ट्रिय एकताको प्रतीक राजसंस्था र हिन्दु राजा हो

**राप्रपानेतृ तपाईँले राष्ट्रवादी एकता पार्टी किन खोल्नु पर्‍यो र ?**

– राजधानीको ठमेलमा जन्मिएकी म जन्मजात राजावादी हुँ । तेत्तीस कोटी देवी-देवता बस्ने मुलुक नेपालमा जहिलेदेखि नेपाल नाम रह्यो त्यही बेलादेखि यहाँ राजसंस्था रहिआएको कुरा प्रमाणित सत्य हो । म सामाजिक क्षेत्रबाट राजनीतिमा प्रवेश गरेकी हुँ । राप्रपाको नगर सचिव, सभापति, जिल्ला सदस्य, क्षेत्रीय सदस्यलगायत अन्य विभिन्न पदमा बसेर काम गरिसकेकी थिएँ तर जति दुःख, संघर्ष गरेको भए पनि आफ्नो विचार र मूल्याङ्कनको यथोचित मान्यता नभएपछि म केही नयाँ ढङ्गले राजनीतिमा देश र जनताप्रति प्रतिबद्ध भएर लागौँ कि भन्ने सोच भएकै बखत ज्ञानेन्द्र सरकारबाट शाही सम्बोधनमार्फत नेपाली जनताले दल दर्ता गरेर राजनीति गर्दा हुन्छ भनेपछि मैले मेरै अध्यक्षतामा ०६१ सालमा **राष्ट्रवादी एकता पार्टी** दर्ता गरेर शाही शासनकै समयमा स्थानीय चुनावमा समेत भाग लिइसकेको प्रमाण ताजै छ । काठमाडौँ, ललितपुर र भक्तपुरमा करिब ६ महिना जति हामीले स्थानीय जनप्रतिनिधि भएर सेवा पनि गरेका थियौँ र यो काठमाडौँको ३३ नं. वडाको वडाध्यक्ष मेरी छोरी नै थिइन् ।

**संविधानसभा चुनावमा तपाइँहरूको उपस्थिति कस्तो थियो ?**

– ०६४ को चुनावमा धाँदली भएकाले गर्दा अनि हामी राजावादी भएको कारणले गणतन्त्रवादी भनाउँदाहरूको चेपुवामा परेकाले हामीलाई पछि पारियो अनि ०७० को चुनावमा चाहिँ हाम्रो मेची-महाकालीसम्म संगठन विस्तार हुँदा पनि गणतन्त्रधारीहरूको धाँदली र आक्रमणका कारण हामीलाई पराजित गराइयो किनभने हिन्दुराष्ट्र र राजसंस्थाको वकालत गर्ने पार्टी भएकाले गर्दा धर्म निरपेक्षताको पक्षपोषण गर्ने गणतन्त्रवादी शक्तिले हामीलाई हराए । चुनावमा हारे पनि आफ्नो विचार हारेको छैन, हामी अझै सक्रिय छौँ र एकदिन हाम्रो जित हुनेछ किनभने जित सत्यकै हुनेछ, यो कुरामा म विश्वस्त छु ।

**देशले काँचुली फेरेर गणतन्त्र भित्र्याएको दस वर्ष हुनलाग्दा पनि किन तपाइँहरूचाहिँ राजसंस्था र हिन्दुराष्ट्रको लागि निरन्तर लडिरहनुभएको होला ?**

– मानवता, ईश्वर र आफ्नो जन्मभूमि मेरो लागि र मेरो पार्टीको लागि ठूलो कुरा हो । ९४ प्रतिशत ॐकार परिवार रहेको मुलुक, चार जात छत्तीस वर्णको साझा फूलबारी रहेको विश्वको एकमात्र हिन्दु राष्ट्र नेपाललाई विदेशी षड्यन्त्र र डलरको दबाबमा रातारात हिन्दुराष्ट्र मासेर



**उमा श्रेष्ठ (हिमा)**
***राजनीतिज्ञ***

धर्मनिरपेक्षता जबर्जस्ती लादिएको हो । ईश्वरको अनुभूति, सत्यको पालना र निष्काम कर्मयोगद्वारा दैनिकी गुजार्न सिकाउने विश्वकै उत्कृष्ट धर्म मानिएको सनातन हिन्दुराष्ट्र नेपाललाई संवैधानिक रूपले पुनः हिन्दुराष्ट्र घोषणा नगरेसम्म र राजसंस्था पुनःस्थापित नभइन्जेलसम्म म निरन्तर संघर्षमा लागिरहन्छु । मान्छेको जीवन भनेको बाँचिरहने संघर्ष हो । ०४६ सालको आन्दोलनमा मेरो अठारवटा ट्रक र म चढ्ने निजी गाडी लुटेर लगे र मलाई पेट्रोल खन्याएर जिउँदै जलाउने कोशिस गरे । पछि असन जाँदै गर्दा पुनः जिउँदै जलाउने कोशिस गरे, म त भाग्यले बाँचेकी मान्छे हुँ । राष्ट्र बिखण्डन पार्ने कोशिस गर्ने सीके राउतजस्ता बिखण्डनकारी गणतन्त्रको कारण उदाएका हुन् र यस्तालाई संरक्षण गर्ने गणतन्त्रका मै हुँ भन्ने सर्वोच्च कमाण्डरहरू नै लागिरहेका छन् । त्यसैले यो राष्ट्र र नेपाली जनतालाई सुरक्षित राख्नको लागि मेरो राष्ट्रवादी एकता पार्टीले 'हिन्दु राष्ट्र सहितको राजसंस्था'को नारा बोकेर अगाडि बढिरहेको छ ।

**गणतन्त्रका खराबी के छन् र राजसंस्था-हिन्दुराष्ट्र किन चाहियो ?**

– संघीयताको नाराले देश टुक्रिन सक्छ भन्ने खालका अभिव्यक्ति खुलेआम प्रचारमा आइरहेको छ, मधेस छुट्टै देश हुनुपर्छ भन्ने कुरा कहाँबाट आयो ? मधेसी मोर्चाले कसको माग बोकेर हिँडेको छ ? प्रचण्ड र शेरबहादुर अनि बाबुरामको उद्देश्य के हो ? देश कता जाँदै छ ? नेपालीको धर्म खै ? जनता दुब्लाउँदै गए तर गणतन्त्रवादी नेता मात्र किन मोटाए ? भूकम्पपीडितले राहत किन पाउँदैनन् ? भूकम्पपीडितको पाल र जस्तापाता किन नेताले खाए ? एउटा राजा हटाएर किन ६०१ जना राजा उदाए ? बेलुका सुतेको नेपाली भोलि बिहान उठ्दा देश नै रहने हो कि हैन भन्ने प्रश्न किन उठिरहेको छ ? यी सब प्रश्नको उत्तर प्रचण्डसँग छ त ? राजसंस्था र हिन्दु राष्ट्र पुनःस्थापित हुने हो भने यस्ता प्रश्नहरू स्वतः हराउँछन् अर्थात् राष्ट्रिय एकताको प्रतीक राजसंस्था र हिन्दु राजा हो । देश बचाउनको लागि हिन्दुराष्ट्र र राजसंस्था चाहिएको छ र यो चाँडै सम्भव हुँदैछ ।

**कसरी आउँछ चाँडै हिन्दुराष्ट्र र राजसंस्था ?**

– ०६४ देखि अहिलेसम्मको देशको दुर्दशा, जनताको छटपटी र पीडा अनि राजाको चिन्ता र छिमेकी मित्रराष्ट्रको चाहना स्वरूप नेपाली जनताको स्वतःस्फूर्त नारा लागेपछि र हिन्दुराष्ट्रका लागि ज्ञानेन्द्र सरकार स्वयं सडकमा उत्रेपछि नेपालमा राजसंस्थासहितको हिन्दुराष्ट्र पुनःस्थापित हुन्छ किनकि जित सत्यकै हुन्छ ।

*राष्ट्रिय एकताका लागि सम्पूर्ण नेपालीको एकता ।*
*शान्ति र प्रजातन्त्रका लागि हाम्रो सार्वभौमिकता ॥*
*राष्ट्रवादी समाजवाद, मौलिक प्रजातन्त्र, भौगोलिक अखण्डता-जिन्दावाद ॥।*

॥ सनातन हिन्दु राष्ट्र नेपाल जिन्दावाद ॥

अनुभूति / व्यत्तित्वचर्चा – रोशन श्रेष्ठ

# एक सफल राष्ट्रसेवकको जीवन यात्रा

आज मेरो मनमा एउटा खुल्दुली मच्चिरहेकोले केही लेख्ने प्रयास गर्दैछु । पूर्वको कर्णाली भनेर चिनिने भोजपुर जिल्लाको पश्चिमी भेग ट्याम्के डाँडाको फेदमा जन्मिएर जीवनका धेरै आरोह अवरोहसँग लाप्पा खेल्दै अघि बढेको **मेरो अनन्य मित्र दुर्जकुमार राई** नेपाल सरकारको राष्ट्रसेवक सशस्त्र प्रहरी बलको प्रमुख पद आईजीपीको कार्यभार सफलतापूर्वक सम्पन्न गरी सेवा निवृत्त हुन गई रहनु भएको विषय एउटा सुखद् भनुँ कि विष्मात के भनौँ ? कुनै उपयुक्त शब्द नै फेला पार्न सकिन । नेपालको शान्ति सुरक्षा, सार्वभौमिकता, भू-अखण्डताको लागि सशस्त्र प्रहरी बलले खेल्नु पर्ने भूमिकामा उत्कृष्ट व्यवसायिक दक्षता प्रदर्शन गर्दै ३० वर्ष सेवा अवधि सम्पन्न गरी आफ्नो गृहस्थ जीवनमा फर्कने आजको ऐतिहासिक क्षणलाई हृदयको कुनै अन्तर कुनामा सम्हालेर राख्ने छु । १६ वर्षको उमेरसम्म खाली खुट्टा हिडेका संघर्ष पूर्ण जीवन व्यतित गर्दै मिहेनती र दृढ निश्चयी मित्र दुर्जकुमार राईको सफल यात्रालाई सलामी अर्पण गर्दछु ।



आफ्नो गाउँघर, परिवार, जिल्ला तथा राष्ट्रकै गौरव अन्तर्राष्ट्रिय जगत्मा उँचा गराउन विशिष्ट योगदान पुऱ्याएका मिलनसार, मृदुभाषी, अध्ययनशील र धार्मिक व्यक्तित्व दुर्जकुमार राईको जीवन यात्राबाट हामी सबैले केही न केही शिक्षा त लिनै पर्ने हुन्छ । आफूलाई जन्म दिने माता-पिता र बाजे तथा पूर्खाहरूलाई अत्यन्त सम्मान तथा आदर गर्ने उहाँको बानी अनुकरणीय छ । माता पिता नै आफ्नो शक्ति र आत्म विश्वास जगाउने दैविक प्रेरणाको स्रोत हुन्, दुर्जकुमारको । जीवनको कठिन भन्दा कठिन दुखदायी क्षणबाट पार पाउन हरेक पलपलमा माता पिता र बाजेको माया, आर्शिवाद पाएर होला उनी कहिल्यै पनि हतोत्सायी भएनन् । बारम्बार उर्जा संचय गरिरहे । जन्मदिने आमा र जन्मेको ठाउँलाई स्वर्गभन्दा पनि प्यारो मान्ने र बाबुआमाको पाउमात्रको स्पर्श-दर्शनले मात्रै पनि भाग्यमानी होइन्छ भन्ने शास्त्रीय मान्यतालाई दुर्जजीले सधैँ पालना गरिरहे । त्यसैले होला माता पिता र हजुर बुबा नै आफ्नो भगवान् भैँ सम्फि उहाँहरूको स्मृतिलाई सधै ताजा राख्न आफूले स्कूले शिक्षा प्राप्त गरेका श्री अन्नपूर्ण माध्यमिक विद्यालय दिल्पा भोजपुरको स्तरउन्नतीमा सघाउ पुऱ्याउन आफ्नो कर्मचारी संचय कोषबाट पैतीस लाख रूपैयाँ सर्मपण गरी उक्त स्कूलको थप नामाकरण भएको छ, श्री अन्नपूर्ण बाघधन रणदीपा राई माध्यमिक विद्यालय । उहाँहरूको आत्मालाई जीवन्त राख्न र गरिब तथा असहाय जनसमूदायको जीवन स्तर उठाउने विभिन्न सामाजिक कार्यक्रम संचालन गरी राष्ट्रको सम्मृद्धिमा केही टेवा पुऱ्याउने पवित्र उद्देश्य लिएर श्री बाघधन रणदीपा राई स्मृति प्रतिष्ठान नै काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी आफ्नो अनुभव, ज्ञान, शक्ति त्यसैमा समर्पण गरी जीवनको दोस्रो यात्रा आरम्भमा लाग्नु भएको छ ।

उहाँको मनोकांक्षा पुरा गराउन हामी सबै साथीहरू उहाँलाई साथ दिन प्रतिवद्ध छौं । उनको आफ्नो जन्मस्थल अन्नपूर्ण गा.वि.स. र प्याउली गा.वि.स. भोजपुरमा गरिब तथा असहाय जन समुदायलाई स्वास्थ्य सेवा पुऱ्याउन दाँवाली मिलन क्लब काठमाडौँ, सशस्त्र प्रहरी परिवार महिला संघ, कृष्णलक्ष्मी-लक्ष्मी श्रेष्ठ स्मृति प्रतिष्ठान काठमाण्डौं र देवीथान कुलरत्न स्मृति प्रतिष्ठानको समन्वयमा नेपालको विशिष्ट हस्पिटलहरूमा कार्यरत विशेषज्ञ चिकित्सकहरू करिब १०० जनाको टिमले २०७३ मंसिर २६-२९ गते सम्पन्न गरेको निशुल्क स्वास्थ्य शिविर जसमा करिब ३५ सय जना स्थानीय बासिन्दाले औषधी एवं स्वास्थ्य सेवा पाएको विषय सदा अविस्मरणीय रहने छ । दुर्जकुमार राईको अर्को सफलता भनेको उहाँको औपचारिक विदाई कार्यक्रम सशस्त्र प्रहरी बलको इतिहासमै उल्लेखनीय रह्यो ।

सशस्त्र प्रहरी बललाई सक्षम नेतृत्व हस्तान्तरण गरी यसको क्रियाशिलतालाई अझ प्रभावशाली बनाउँदै जानु हो । दुर्जकुमारले ३० वर्ष सम्म अनवरत सेवा गरेको प्रहरी संगठनलाई अझ सशक्त बनाउन उहाँको सुझाव, सल्लाहलाई निरन्तर लिन आवश्यक हुने परामर्श पनि दिन चाहान्छु, नव नियुक्त सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठ ज्यूलाई । आफूले भोगेका सुखदुःखको अनुभव एवं आफ्नो

## कार्यक्षेत्र फरक फरक, व्यवसाय भिन्नै, उमेरमा पनि ५-६ वर्ष तलमाथि भएतापनि सोच्ने दृष्टिकोण राष्ट्र भक्ति, सामाजिक क्रियाकलाप सबैमा समदृष्टि । हाम्रो मित्रतामा कहिल्यै पनि स्वार्थ लिप्सा भएन । एक आपसमा सहयोग एवं नितान्त पारिवारिक घनिष्ठता ।



व्यवसायिक यात्रालाई लिपिवद्ध गरी एउटा पुस्तक (Biography) प्रकाशित गर्न उपयुक्त हुने सुझाव पनि दिन चाहन्छु दुर्जकुमार राईज्यूलाई, जसले गर्दा अरू नयाँ पिंढीलाई आफ्नो जीवनको सफल यात्राको लागि शिक्षाप्रद रहने छ ।

हाम्रो आत्मियता एउटा अनौठो सम्बन्धमा बाँधिएको अचम्म लाग्दो छ । हामी दुवै जना सँगै हिड्दा जस्तो कठिन समस्या पनि पार लाग्छ भन्ने आत्म विश्वास एक आपसमा पैदा हुन्छ । हामी दुई जनाको सामिप्यता अन्य क्षेत्रका हामी दुवैलाई चिन्ने साथीभाइ, खेलाडी, संघसंस्था, सरकारी कर्मचारी, राजनैतिक पार्टीका नेता कार्यकर्ता, गाउँघरका साथीहरू, छरछिमेकी सबैलाई थाहा छ । कार्यक्षेत्र फरक फरक, व्यवसाय भिन्नै, उमेरमा पनि ५-६ वर्ष तलमाथि भएतापनि सोच्ने दृष्टिकोण राष्ट्र भक्ति, सामाजिक क्रियाकलाप सबैमा समदृष्टि । हाम्रो मित्रतामा कहिल्यै पनि स्वार्थ लिप्सा भएन । एक आपसमा सहयोग एवं नितान्त पारिवारिक घनिष्ठता । हाम्रा श्रीमतीहरू, छोराछोरीहरू सँगसँगै पढ्ने, दुवै बालकहरूमा पनि सुमधुर सम्बन्ध कायम ।

दशैका टीका थाप्न पिताजीहरूकहाँ गएर आर्शिवाद लिने परम्परा सधै कायम रह्यो । सशस्त्र प्रहरी महानिरीक्षक जस्तो उच्च ओहोदामा पुगेर पनि आफ्नो व्यवसायिक व्यस्तताका बाबजुत पनि मेरो पिताजीको आर्शिवाद लिन आउँदा उहाँले अत्यन्त गौरवको महसुस गर्नुभयो र भन्नु भयो, यत्रो ठूलो ओहोदाको मानिसलाई टीका लगाई दिन पाउनु मेरो लागि साह्रै ठूलो गौरवको दिन हो । भगवान्ले तपाइँको सम्पूर्ण मनोकांक्षा पूर्ण गरून् ।

भलिबल खेलाडी हुँदा देखि नेपाल पुलिसमा भर्ना हुनु भन्दा पहिलाका अत्यन्त रमणीय क्षणहरू सम्म देशका विभिन्न जिल्लामा राष्ट्रिय प्रतियोगितामा खेलेका र सहयात्रा गरेका जिल्लाहरू भोजपुरको दाँवा, दिक्तेल, खोटाङ्ग जिल्लासँग मैत्रीपूर्ण खेल खेलेका, क्षेत्रीय शिक्षा निर्देशनालयको आयोजनामा स्कुल लेबलको क्षेत्रीय प्रतियोगिता धरान २०३७ साल होला, गोरखामा विश्व विद्यालय स्तरको प्रतियोगिताहरू, अन्तर क्याम्पस उपत्यकाव्यापी भलिबल प्रतियोगिता, बाह्रौं राष्ट्रिय भलिबल प्रतियोगिता, जुम्लामा बिताएका क्षणहरू सधै ताजै रहेका छन् । गोरखाबाट त्रिशुलीसम्मको पदयात्रा सधैँ याद आइरहन्छ । नेपाल पुलिसमा भर्ना पश्चात् व्यवसायिक जीवन शुरू गरेदेखि महानिरीक्षकबाट सेवा निवृत हुँदासम्म, आज सम्मका दिनमा हाम्रो आत्मियता कहिल्यै तलमाथि भएन ।

हुन सक्छ हाम्रो दोस्ती पूर्व जन्ममा तय भएको थियो होला । अब उप्रान्तका दिनहरू अझ दरिलो र कसिलो हुने सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अठोटका साथ हाम्रा पूर्खाहरूको नाममा खुलेका दुवै संस्थाहरू कृष्ण लक्ष्मी-लक्ष्मी श्रेष्ठ स्मृति प्रतिष्ठान र श्री बाघधन रणदीपा राई स्मृति प्रतिष्ठानको संयुक्त यात्राले नेपाल राष्ट्रभरि र अन्तर्राष्ट्रिय जगत मै मानवीय सेवाका उत्कृष्ट कार्य गर्दै निरन्तर अघि बढ्ने कुरामा कुनै द्विविधा छैन ।

आजको दिन २०७३ फागुन २ गते मेरा मनमा उब्जिरहेको उद्गारलाई लिखत उतारी मेरा मित्रको सफल यात्रालाई पुनः एक पटक सलाम गर्दै दुवै जना सँगै बसी एउटा तस्विर उनको दर्ज्यानी पोशाक लगाएको दृश्य खिच्न र उनको सरकारी निवास/कार्यालयबाट विदा भएर आफ्नो नीजि निवास कुलेश्वर-१४ मा स्वागत गर्न म उनको घरतिर अघि बढें ।

म उनको निजी निवास पुग्दा करिब साँझको ७ बजिसकेको थियो । त्यहाँ उनलाई पुन्याउन नव नियुक्त सशस्त्र प्रहरी महानिरीक्षक सिंह बहादुर श्रेष्ठज्यूसहितका माथिल्लो दर्जाका सहकर्मीहरू देख्दा मलाई झनै आनन्दको महसुस भयो । कति राम्रो सौहाद्रपूर्ण सम्बन्ध कायम राखेका रहेछन् उनले आफ्ना मातहतका सहकर्मीहरूसँग । राष्ट्रसेवक सशस्त्र प्रहरी महानिरीक्षक दुर्जकुमार राईको सफल कार्यकाललाई प्रणाम । धन्यवाद । जय नेपाल । ००

## सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरूमा ध्यान पुऱ्याउन हुन सम्बन्धित सबैलाई अनुरोध छ ।

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौँ ।
- सडकमा बाटो काट्नुपर्दा जेब्रा क्रसिङ्, आकाशेपुल, सब-वे अथवा पेलिकन बत्ती वा कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट मात्र बाटो काटौँ ।
- चोक बत्ती भएको ठाउँमा पैदलयात्रीले, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती भएको सवारीचालकले सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बालेपछि मात्र सवारी अगाडि बढाऔँ ।
- सवारी चलाउँदा वा बाटो काट्दा कहिल्यै पनि मोबाइल फोनको प्रयोग नगरौँ ।
- जथाभावी ओभरटेक नगरौँ, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौँ । विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौँ ।
- पैदलयात्रीले जान/अन्जानमा बाटो काट्न लागेको देखिएमा गाडी रोकौँ र पैदलयात्रीलाई प्राथमिकता दिऔँ ।
- भिन्न क्षमता भएका (शारीरिक कमजोरी तथा दृष्टिविहीन) नागरिकलाई प्राथमिकता दिई सडक प्रयोगमा सहयोग गरौँ ।
- तोकिएको ठाउँ (बस स्टप वा टेम्पो स्टप) बाट मात्र यात्रु चढ्ने ओराल्ने बानी बसालौँ ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमताभन्दा बढी वजन बोक्नमा रोक लगाऔँ ।

### हामी सबैले ट्राफिक नियमको पालना गरौँ र गर्न लगाऊँ

### दुर्घटनाबाट बचौँ र बचाऔँ ।

*सार्वजनिक हितका लागि*

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

### सडक विभाग, सडक तथा ट्राफिक युनिट

# महाभूकम्पबाट पाठ सिकौं, भूकम्प प्रतिरोधी घर बनाऔं

**रूपेश गेलाल**
***इन्जिनियर***
**चाँगुनारायण नगरपालिका, भक्तपुर**

**चाँगुनारायण नगरपालिकामा घरको नक्सा र निर्माण सम्पन्नका लागि कस्तो भिड छ त, इन्जिनियर सा'ब ?**

– सानो जिल्ला भनेर चिनिएको उपत्यकाको यो सानो सहर भक्तपुर दुई वर्ष अघिसम्म गाविसमै सीमित थियो– यो हाम्रो चाँगुनारायण । म चाँगुनारायण नगरपालिका वडा नं. ५, भक्तपुरको स्थायी बासिन्दा हुँ । दुई वर्षदेखि गाविसबाट नगरपालिका भएदेखि नै म चाँगुनारायण नगरपालिकाको इन्जिनियर भएर सेवा दिइरहेको छु । परम्परागत रूपमा वर्षौं अगाडि बनेका पुराना घरहरू २०७२ वैशाख १२ गतेको महाभूकम्पले भत्काएपछि र बस्न नहुने गरी क्षति पुऱ्याएपछि नयाँ–नयाँ घर बनाउनका लागि भक्तपुरवासी अर्थात हाम्रो चाँगुनारायण नगरवासी नक्सापासका लागि, निर्माण सम्पन्नका लागि ओहोरदोहोर गरिरहनुभएको छ । महाभूकम्पको प्रत्यक्ष अनुभव गरेकाले भूकम्प प्रतिरोधी घर निर्माण गर्नुपर्छ भन्ने चेतना व्यापक रूपमा देखिन्छ ।

**भूकम्प प्रतिरोधी घर निर्माण हुन थालेकै हो त ?**

– हो, पक्कै पनि हो । किनभने भूकम्पपछि नगरवासीहरूमा आफूले बस्ने घर बलियो बनाउनुपर्ने रहेछ है भन्ने चेतना–ज्ञान जागेको देखियो, मानसिकता पूरै परिवर्तन भएको पाइयो । बनाउने, कति खर्चले बनाउने र बलियो घर कसरी बनाउने, यस कुरामा इन्जिनियरसँग सल्लाह लिने र नक्सा बनाउने, त्यसको स्वीकृति लिने र जग हाल्ने, फाउन्डेसनदेखि नै भूकम्प प्रतिरोधी तालिमप्राप्त ठेकेदार र प्राविधिकको संलग्नतामा अनुभवी इन्जिनियरको रेखदेखमा बिम, पिल्लर बनाउने, त्यसमा सिमेन्ट, बालुवा, डन्डी, पानी सबै चीजको मात्रा र गुणस्तरमा ध्यान दिन जरुरी छ । रेगुलर इन्जिनियरसँग सम्पर्क गरी निरीक्षण गराउनुपर्छ अनि सबै मापदण्ड पूरा गरेर बलियो भूकम्प प्रतिरोधी घर बनाउन सकिन्छ । सुरूवात देखि नै ध्यान दिनुपर्छ । नक्सा बनाउने, नगरपालिकामा दर्ता गर्ने, स्वीकृति लिने, सधियारहरूलाई जानकारी दिने, नक्सा अनुसारको फिल्ड निरीक्षण गरिन्छ । ठीक छ भनेपछि डीपीसी बन्छ स्वीकृति अनुसार ।



इन्जिनियरको प्रत्यक्ष रेखदेखमा जगदेखि नै बलियो, बिम, पिल्लर बलियो बनाउनुपर्ने रहेछ । गुणस्तरीय सिमेन्ट, बालुवा, पानी, डन्डी सबै कुरामा विशेष ध्यान दिएर तालिमप्राप्त प्राविधिक ठेकेदार र दक्ष इन्जिनियरको प्रत्यक्ष रेखदेखमा घर बलियो बनाउनुपर्छ भन्ने ज्ञान आम नगरवासीमा देखेको छु, यो साह्रै राम्रो पक्ष हो । परम्परागत रूपमा पुराना ठेकेदारको भरमा कच्चा पाराले सस्ता घर बनाउने चलन हटेको पाइएको छ । स्वीकृति नलिईकन घर बनाउने चलन थियो पहिले–पहिले । तर अहिले स्वीकृति लिन आउनेको भिड छ । उनीहरूको कच्चा घर भूकम्पले भत्काएकाले गर्दा बलियो घर बनाउने उपायका लागि इन्जिनियरको सम्पर्कमा आइरहेका छन्, त्यसैले भूकम्प प्रतिरोधी घर, निर्माण हुन थालेको आभास जताततै पाइन्छ ।

**नगरपालिकाको इन्जिनियर भएको कारण नयाँ घर बनाउँदा तपाइँको सल्लाह के छ त ?**

– पहिलो कुरा घर कस्तो बनाउने, कति तले डीपीसी सकिएपछि नगरपालिकाका इन्जिनियरले निरीक्षण गर्दा मापदण्ड पूरा भएको रहेछ भने र नक्सा अनुसार घरनिर्माण भइसकेपछि अन्तिममा निर्माण सम्पन्न प्रमाणपत्र पाइन्छ नत्र कारबाहीको दायरामा परिने हुनाले बेलैमा सचेत हुनुहोस् भन्न चाहन्छु ।

**नगरवासीलाई दिने सेवा कत्तिको सहज र सहयोगी छ त ?**

– चाँगुनारायण नगरपालिकाले आफ्ना नगरवासीको हितमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ । न्यून जनशक्तिका बाबजुद पनि हामीले भरपुर सेवा दिइरहेका छौँ । भूकम्पपछि घरनिर्माण गति तीव्र भएकाले चाँगुनारायण नगरपालिकाले भूकम्पपीडित नगरवासीलाई नक्सा पासमा ७५ प्रतिशत छुट दिएर सेवा दिइरहेको छ । भूकम्पबाट पाठ सिकेकाले गर्दा जनता धेरै नै सचेत बनेका छन्, हामीले हरेक हिसाबले नगरवासीलाई आवश्यक सम्पूर्ण सहयोग र सेवा दिइनै रहेका छौँ, हाम्रा नगरवासी पनि अत्यन्तै मिलनसार भएकाले होला काम गर्न अति नै सहज भएको महसुस हामी नगरपालिका परिवारले गरेका छौँ । नगरवासी मिलनसार भएकाले पनि चाँगुनारायण नगरपालिकाको विकास तीव्र गतिमा भइरहेको छ ।

**व्यस्त इन्जिनियर तपाइँको दैनिकी कस्तो छ त ?**

– आमा, बुबा, भाइ र बहिनीका साथमा नेपाली परिकार खाएर हँसिलो जीवन बिताइरहेको छु । फुर्सद भयो कि अध्ययन गर्ने, टेलिभिजन हेर्ने, घुम्न जाने, फुटबल प्रेमी भएकाले फुटबल खेल्ने आदिमा समय बिताइरहेको छु । अध्यात्मवादी मान्छे भएकाले मन्दिर गई दर्शन गर्ने, ब्रत बस्ने गर्छु । एक सफल कृषक हुन्छु भनेको मान्छे सफल इन्जिनियर भएँ । आफ्नो ज्ञान र अनुभव अरूलाई सिकाउन खोज्ने मान्छे हुँ । बिहानैदेखि नै व्यस्त जीवन बिताउने म स्वस्थ पनि छु । भगवान्को आशीर्वाद पाइरहुँ, सबैको जय होस्, अग्निचक्रलाई पनि धन्यवाद ।।००



धर्म/संस्कृति - अर्जुन न्यौपाने

# होली पर्वको चिनारी

सनातन वैदिक हिन्दुधर्म र संस्कृतिमा आधारित चाडपर्वहरू मध्ये एक रंगीन चाडको रूपमा मनाइने पर्व होली पूर्णिमा हो । फागुन शुक्लपक्षमा आउने पूर्णिमा तिथिका दिन यो चाड पर्दछ त्यसैले यसलाई फागुपूर्णिमा पनि भन्ने गरिन्छ । धर्म शास्त्र अनुसार मार्मिक सन्देशको शिक्षा र धार्मिक इतिहास यसमा अन्तर्निहित छन् । जसरी विजया दशमी, शुभ दिपावली आदि पर्वहरूको महत्व छ त्यसरी नै होली पूर्णिमाको पनि विशेष महत्व छ तर





समाजमा मन्दगतिमा फैलिएको विकृति विसंगतीको प्रभावले उल्टो गतितिर धकेल्न खोजिएको आभास यदाकदा पाईन्छ । आजको विषयवस्तु यही प्रसङ्गको वरीपरि रहेर सत्य तथ्य विषय छर्लङ्ग पार्न प्रयासरत छ ।

होलिपूर्णिमा पर्व कहिलेदेखि, किन र कसरी मनाउन थालियो भन्ने सन्दर्भ श्रीमद्‌भागवत महापुराणको सातौं स्कन्धमा विस्तृत दृष्टान्त सहित उल्लेख गरिएको छ । त्यसैका आधारमा मुख्य केही प्रसङ्ग यहाँ पनि उल्लेख गरिएको छ ।

प्राचीन समयको कुरा हो ब्रह्माका मानसपुत्र सनकादि ऋषिद्वारा वैकुण्ठलोकका द्वारपालले भुलवस चिन्न नसक्दाको परिणाम स्वरूप पाएको श्रापको लीला यसमा आधारित छ । तिनै द्वारपाल पछि दित्तिका जेठा छोराको रूपमा दैत्यदानव कुलमा जन्मेका थिए । उनैको नाम थियो हिरण्यकश्यप । दैत्य दानव कुलमा जन्मेका हुनाले स्वभावैले अरूलाई दुःख दिदा, आनन्द मान्ने, आफूलाई सर्वसम्राट रूपमा चिनाउन मन पराउने, हत्या, हिंसा, छलकपट आदि आदि कार्यहरूमा अग्रसर हुन्थे । एकदिन हिरण्यकश्यपलाई आफू अजर अमर भएर संसारको एकछत्र सम्राट बन्ने विचार आयो । त्यसको लागि उ मन्दराचल पर्वतको एउटा घाँटीमा गएर दुवै हात आकासतिर उठाई खुट्टाको बुढी औंलाको भरमा मात्र उभिएर कठोर तपस्या गर्न थाल्यो । उसको तपस्याले शरीरमा घाँस पलायो, छाला माटो भयो, रगत पानी बन्यो, मात्र उसको प्राण हड्डीमा रहेको थियो । यसको प्रभावले सारा लोक थर्कमान भएर कापीरहेको अवस्था भएपछि ब्रह्माजीले बाबु उठ, अब तिम्रो तपस्या सिद्धी भयो भनेर कमण्डलुको जलले छर्केपछि पहिलेको रूपमा आफूलाई पायो र वर माग्यो, भन्यो "हजुरले बनाउनु भएको प्राणी मनुष्य वा पशु प्राणी होस् वा अप्राणी, देवता होस् वा दैत्य, कसैबाट पनि मेरो मृत्यु नहोस् । दिनमा होस्' वा रातमा, अस्त्र वा शस्त्र, घरभित्र वा बाहिर, युद्धमा वा निद्रामा हजुरले बनाउनु भएको प्राणीबाट मेरो मृत्यु नहोस्, ब्रह्माजीले तथास्तु भन्नुभयो । यस्ता व्यक्तिका पुत्र थिए– बालक प्रल्हाद ।

बालक प्रल्हाद आमाको गर्भमा रहेको बेला उनकी आमालाई धेरै दुःख कष्ठ सहनु परेको थियो । दैवसंयोग देवर्षि नारदले देवराज इन्द्रको वन्धनबाट मुक्त गराई आफ्नो आश्रममा छोरी स्वरूप राख्नु भएको थियो । त्यही समयमा देवर्षि नारदले आमालाई दिएको भागवत धर्मको रहस्य र विशुद्ध ज्ञानको उपदेश र गर्भमा रहेका बालकमाथि दृष्टि दिनुभएको थियो । बालक गर्भमा रहेको अवस्थामा राम्रा राम्रा ज्ञानका उपदेश सुन्नु, भागवत, गीताको चर्चा सुन्नु, भजन कीर्तन गर्नु, सन्त महात्मा एवं विद्वानहरूको दर्शन गर्नु, झगडा नगर्नु, अरूले गरेको पनि नसुन्नु, हत्या हिंसा जस्ता घटना, दृश्यबाट टाढा रहनु, नम्र वचन, सुन्दर तस्विर, भगवान्‌को रूप स्मरण, ध्यान, प्रसन्न मुद्रा सात्विक आहार-विहारमा रहेर जन्म भएको बालक पनि उस्तै हुन्छ भने झैं प्रल्हाद नारायणमय नै भएर जन्मेका थिए, उनी भगवान् नारायणमा अति नै विश्वास राख्ने बालक थिए । तर उनका पिता नास्तिक थिए, स्वघोषित अजर अमर ठान्दथे । देवताहरूसँग दुश्मनता राख्दथे,




अझ भगवान् विष्णुसँग त ठूलो रिस र वदलाभाव नै थियो ।

प्रल्हादलाई पढाउन गुरू आश्रममा राखिएको थियो । केही समयपछि प्रल्हाद गुरू आश्रमबाट घर फर्के । उनका पिता हिरण्यकश्यपले पुत्रलाई सोधे– बाबु तिमीले के के पढ्यौ त ? उत्तरमा प्रल्हादले भने, पिता मैले त केवल नौ वटा विषयमात्र पढे । ती विषय हुन्ः श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् अर्चनं वन्दनमं दास्य सख्यमात्य निवेदनम् । (श्रीमद्भागवत ७।५।२३) अर्थात् भगवानको बारेमा सुन्नु, भजन कीर्तन गर्नु, मनले स्मरण गर्नु, मन, वचन र कर्मले विष्णु भगवान्प्रति समर्पित हुनु, उहाँको पाउको सेवा गर्नु, पूजा, अर्चना, वन्दना, मित्रता गर्दा उहालाई नै सम्झनु भनेर बताए । प्रल्हादको उत्तर सुनेर रिसले ओठ फरफराउन लागे, रीसले चुर भएको हिरण्यकश्यपले गुरूपुत्र (शिक्षक) लाई गाली गर्दै प्रल्हादलाई काखबाट भुइमा पछारे । प्रल्हादको यस्तो उत्तर सुनेर रिसले आगो भएको हिरण्यकश्यपले राता राता आँखा बनाउदै तुरून्त मार्न आदेश दिए ।


यसरी आज्ञा भएपछि उनलाई मार्नको लागि ठूला ठूला राक्षसहरूले त्रिशुलले शरीरका संवेदनशील अंगहरूमा घोचे तर कुनै असर परेन ठूला ठूला हात्तीहरूबाट कुल्चाइयो, विषालु सर्पहरूबाट टोकाइयो, अग्लो पहाडको टाकुरोबाट फ्याकियो, विष खुवाइयो, के गरिएन, सबै जुक्ति लगाउदा पनि बालक प्रल्हादलाई केही पनि भएन, उनले त केवल विष्णुलाई स्मरण मात्र गरेका थिए । केही उपाय नलागे पछि चिन्तित मुद्रामा रहेका दाजु हिरण्यकश्यपलाई बहिनी होलिकाले म यसलाई मार्न सक्षम छु भनी अनुमति लिई । होलिकाले अग्नि सिद्धि गरेकाले अग्निले जलाउन सक्दैनन्, तसर्थ आफूले बालक प्रल्हादलाई काखमा लिएर ठूलो दाउराको खालमा बस्ने, त्यसमा आगो लगाउने र बालकलाई भष्म पार्ने योजना बनाइन् तर ठीक विपरित होलिका स्वयं जलेर भष्म भईन तर बालक प्रल्हादलाई केही पनि भएन ।

उनले केवल विष्णुको स्मरण गर्थे । त्यहाँ उपस्थित दैत्य दानवहरू हेरेको हेर्‍यै भए र चिन्तित मुद्रामा केही यताउता लागे । चिन्तित मुद्रामा उपस्थित रहेका देवताहरू र केही सत्यप्रेमी बिच हर्ष र उल्लासको सिमा रहेन । सबैले भगवान् नारायणको जय जयकार गर्दै सप्तरङ्गी टीका, अबीर एक अर्कालाई लगाउँदै हाँस्दै रमाउँदै नाचगान गरी होलिकादाह पर्वको रूपमा मनाए । भगवान्मा आस्था राख्ने बालक प्रल्हादको जितलाई सत्यको विजय र मनमा कपट भाव र द्वेषले अभिप्रेरित होलिकाको अन्त्य भएको दिनदेखि यस होली पर्वको शुभारम्भ भएको पाइन्छ ।

समाजमा आजभोलि होलि मनाउने वहानामा अरूको शरीर सुम्सुम्याउने, गरगहना लुट्ने, अपरिचितलाई कालो मोसो दले झैं दल्दिने, फोहोर पानीमा एसीड, इनामेल जस्ता खराब वस्तु घरको छतबाट फ्याक्ने, बाटोमा हिडेकालाई लुकेर छ्याप्नेजस्ता विकृति बढ्दै गएको पाइन्छ । यो विकृति बढ्नुमा हामी अभिभावक वर्गको पनि भूमिका छ । हामीले हाम्रा बालबच्चाहरूलाई सच्चा ज्ञान दिई विकृतिबाट रोक्ने प्रयास गर्नु पर्दछ । हामीले आफ्ना छोराछोरीले गरेका गलत काम, गलत शब्द/भाषाको प्रयोग बुझेर निरूत्साहित गरिएन भने बालकको भविष्य अन्धकारतर्फ धकेलिन्छ र हामीलाई पनि यमराजले हिसाब किताब गर्दछन् भन्ने मान्यता पाईन्छ ।

होली पर्व एक प्रेम र मित्रता जोड्ने पर्व पनि मानिन्छ । लामो समय सम्म बिग्रेको सम्बन्ध आजको दिनमा सप्तरङ्गी टीका, अवीर लगाई हर्षोउल्लास मनाउदै प्रेम र मित्रता कायम हुन्छ । देवताहरू पनि आजकै दिनमा पुराना तीता मीठा घटनाहरू विर्सेर सबैसंग रमाइलो गरेका थिए भन्ने होली पूर्णिमा प्रसङ्ग शास्त्रमा पाइन्छ । ००

बजारमा उपलब्ध छ
दोस्रो संशोधित संस्करण




लेखन तथा सम्पादनः अर्जुन न्यौपाने
९८४१-२८५५५३

सनातन वैदिक हिन्दुधर्म र संस्कृतिका पूजाविधिमा आधारित पुस्तक
यस पुस्तक भित्र ... पण्डित नभएमा

- दैनिक पञ्चाङ्गदेवता एवं अन्य देवता पूजाविधि,
- एकादशीहरू र पुरुषोत्तममासको महत्त्व,
- वर्षभरिका सम्पूर्ण चाडपर्वको बारेमा,
- बगलामुखी कवच, हनुमान चालिसा, तुलसीस्तोत्र, नवग्रहस्तोत्र,
- जन्मोत्सवगानका साथै विभिन्न दुर्लभ मन्त्र र आरतीहरु
- नेपाल, भारत, चीनका प्रसिद्ध तीर्थस्थलहरु, नेपालका चारधामतीर्थ,
- रुद्राक्ष, पारिजात, तुलसी, वेल, शालग्राम, वेद, स्वप्नफल, गोत्र,
- सप्तवारव्रत महामृत्युञ्जय मन्त्र, देवीदेवताका गायत्री मन्त्र,
- पितृकार्यको बारेमा, श्रीमद्भागवत र वेदका महत्वपूर्ण श्लोक
- स्वदेश तथा विदेशमा बसोबास गर्ने हिन्दुहरुको लागि उपयोगी पुस्तक



# मान्छेका समस्या ईश्वरीय शक्तिद्वारा अनुष्ठान मार्फत समाधान गर्दै आएको छु

– आचार्य नारायणप्रसाद कोइराला
*वाल्मीकि विद्यापीठका कर्मकाण्ड प्रशिक्षक*

***तपाईँको बुझाइमा कर्मकाण्ड र ज्योतिष भनेको के हो ?***

– व्रत, पर्व उत्सवादिमा गरिने कर्म नै कर्मकाण्ड हो । ज्योतिष भनेको माथि उल्लेखित कर्मको निर्धारण गर्ने एउटा शास्त्र या विज्ञान हो ।

**कर्मकाण्ड र ज्योतिश शास्त्रलाई आधुनिक मान्छेहरूले त्यति धेरै विश्वास गर्दैनन् नि ! कारण के होला ?**

– जबसम्म मान्छेमा आधुनिक भौतिकताले चरम सुख दिएको हुन्छ त्यतिबेला सम्म उसलाई यो कर्मकाण्ड र ज्योतिष केही होइन भन्ने लाग्छ । जब उसलाई नैराश्यता, बाधा, व्यवधान, संकट, दुःख, ऋण इत्यादि पर्दछ त्यतिखेर उसले विश्वास गर्दछ ।

**ज्योतिषीले भनेको कुरा शतप्रतिशत मिल्छ ?**

– जन्माङ्क कुण्डली ठिक छ भने मिल्छ ।

**पारङ्गत ज्योतिषलाई सामान्य मान्छेले चिन्ने आधार के होला ?**

– पारङ्गत ज्योतिषी लोभ, लालच, व्यवसायीकरण इत्यादि केही नगरी बसेको हुन्छ ।


**धर्मको परिभाषा तपाईँको विचारमा के हो र मान्छे (एउटा टुहुरो) ले कुन धर्म मान्ने त ?**

– हृदयमा सत् कर्म धारण गर्नु भनेको धर्म हो र सनातन धर्म एउटा टुहुरोले मान्नु पर्छ ।

**वैदिक सनातन धर्म (हिन्दु) संसारको सर्वश्रेष्ठ धर्म हो भन्ने कुराको वैज्ञानिक आधार के छ ?**

– हो संसारमा सनातन (हिन्दु) धर्म नै सर्वश्रेष्ठ धर्म हो किनभने बिहान उठेदेखि लिएर दिनमा गरिने कार्यमा सकारात्मक सोचको प्रस्फुटन नै हाम्रो धर्ममा छ । बिहान ब्रह्ममुहूर्तमा उठ्नु, पूर्व हेर्नु, हातको दर्शन गर्नु, पृथ्वीलाई नमस्कार गर्नु, उत्तर हिड्नु, स्नान गर्नु, ब्रह्म चिन्तन गर्नु, पूजापाठ गर्नु, सात्विक भोजन गर्नु इत्यादि सबै विज्ञानमा आधारित छन् । त्यसैले सनातन धर्म सर्वश्रेष्ठ धर्म हो ।

**अध्यात्म क्षेत्र र भौतिक क्षेत्र बीचको भिन्नता के छ ?**



**अध्यात्म**

१) आत्मिक आनन्द
२) ईश्वरको अस्तित्वलाई स्वीकार गर्नु
३) स्थिरता
४) मनमा सकारात्मक भावना जागरण हुनु
५) एक अर्कालाई ईश्वर देख्नु इत्यादि

**भौतिक**

१) शारीरिक सुख
२) मैले गरेको हो भन्ने अहङ्कार राख्नु
३) अस्थिरता
४) कता कता नकारात्मक र अविश्वास पैदा हुनु
५) म र मेरो भन्ने भावना देख्नु इत्यादि ।

अध्यात्म तथा भौतिकमा यिनै भिन्नताहरू रहेका छन् ।

**के नेपाल पुनः हिन्दु राष्ट्र होला त ?**

– नभई कसैलाई पनि सुख हुदैन । हिन्दु राष्ट्र हुन्छ ।

**राजनीति र धर्मनीति नेपालका नेताले नबुझेकै हुन् त ?**

– राजनीति र धर्मनीति नेपालका नेताले नबुझेकै हुन् किनभने धर्मनीतिलाई अग्रसर बनाएर राजनीति गरेको भए त्यहाँ विवेक, दया, सदाचार, आदर्शवान् आफ्नो राष्ट्रप्रति सक्षम, प्रेम, राष्ट्रियता, देशभक्ति इत्यादि हुने थिए त्यसैले राजनीति नबुझेकै हुन् ।

> ***बिहान ब्रह्ममुहूर्तमा उठ्नु, पूर्व हेर्नु, हातको दर्शन गर्नु, पृथ्वीलाई नमस्कार गर्नु, उत्तर हिड्नु स्नान गर्नु, ब्रह्म चिन्तन गर्नु, पूजापाठ गर्नु, सात्विक भोजन गर्नु इत्यादि सबै विज्ञानमा आधारित छन् । त्यसैले सनातन धर्म सर्वश्रेष्ठ धर्म हो ।***

**हाम्रो देशको बारेमा एउटा ज्योतिषीको नजरले भविष्य कस्तो देख्नु हुन्छ ?**

– जेठ देखी ५ महिना शनि वक्री हुनाले अस्थिरता हुन्छ ।

**तपाइँको बारेमा जान्न चाहने जिज्ञासुहरूका लागि आफ्नो परिचय र ठेगाना बताई दिनुहुन्छ कि ? तपाइँलाई विश्वास गर्ने आधार के भनि प्रश्नगर्दा उत्तर के दिनुहुन्छ ? र अन्तमा के भन्न चाहनुहुन्छ ?**

– मेरो नाम आचार्य नारायण प्रसाद कोइराला हो र म काठमाडौँ हातीगौडामा बस्छु । वाल्मीकि विद्यापीठमा कर्मकाण्ड पढाउँछु । मेरो मो.नं. ९८४१३८५०३२ हो । म सात्विकी तरिकाले मानिसका समस्याहरूलाई ईश्वरको शक्तिद्वारा अनुष्ठानद्वारा समाधान गर्दछु ।

पूजा, पाठ, नवग्रह शान्ति, हवन, पुराण, प्रवचन इत्यादिमा आफु तल्लिन भएर लागेको छु । समस्या जस्तो सुकै आएपनि समाधानका उपायको अवलम्बन गर्नेछु ।

अन्तमा यो देश नेपाल शिवको बगैंचा हो, हे जन हो यसलाई हलुका रूपमा नहेर, यो देश बेच्ने र सन्ततिलाई अफ्ठेरोमा पार्ने कार्य नगर, तिमीलाई शिवले त्रिशूल हान्नेछन् । त्यसैले, देशको बारेमा कसैसँग पनि गुलामी नगर भन्न चाहन्छु । धन्यवाद छ अग्निचक्र मासिकलाई । जय नेपाल ।

**हाम्रा सेवाहरू: ए.बी.बी.एस., लकर सुविधा, एटीएम, रेमिट्यान्स**

**Deposit's Interest Rate Effective From 2073 Magh 17( January 30 ,2017)**

**Deposit Products :**

| **1** | **Call Deposits** | | |
|---|---|---|---|
| **S.N.** | **Account Name** | **Minimum Balance (Rs.)** | **Interest Rate (p.a.) (Quarterly on Daily Balance)** |
| 1 | Call Deposit -1 ( Corporate/Co-operative, D Class Financial Institutions & Others ) | 10,000.00 | Negotiable |
| 2 | Call Deposit -2 ( Corporate/Co-operative, D Class Financial Institutions & Others ) | 25,000.00 | Negotiable |
| 3 | Financial Institutions Licensed From NRB ( Class B & C ) - Call Deposit - 2 | 100,000.00 | Negotiable |

| **2** | **Fixed Deposits** | | |
|---|---|---|---|
| **S.N.** | **Period** | **Minimum Balance (Rs.)** | **Interest Rate / Interest Payment (p.a.)** |
| | | | **Quarterly** |
| 1 | 3 Months To 9 Months | **10,000/-** | 9.00% - 12.75%(For Individual/ institutional) |
| 2 | 1 Year & Above 1 year | **10,000/-** | Negotiable (For Individual/ institutional) |

# कन्ट्री डेभलपमेन्ट बैंक लि.

# Country Development Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

प्रधान कार्यालय :- बनेपा-१०, काभ्रे । फोन : ०११ - ६६०७०१, ६६०७११,

फ्याक्स : ०११-६६०७३३

**नारायणघाट शाखा**
सहिदचोक, नारायणघाट
फोन : ०५६-५२५७२४, ७३०

**बुटवल शाखा**
ट्राफिक चोक, बुटवल
फोन : ०७१-५४१६९४, ६९५

**सिन्धुली शाखा**
२ नं. बजार, सिन्धुली
फोन : ०४७-५२०६२७, ६२९

**वीरगञ्ज शाखा**
आदर्शनगर, वीरगञ्ज
फोन : ०५१-५२०१२८, १४२



# विपन्नवर्गमा वित्तीय पहुँच पुऱ्याउन RMDC को महत्वपूर्ण भूमिका छ

**– ज्योतिचन्द्र ओझा**

*प्रमुख कार्यकारी अधिकृत*

**रूरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लिमिटेड**

*नवलपरासी जिल्लाको डेढगाउँ - ६, का स्थाई वासिन्दा ज्योतिचन्द्र ओझाले नेपालबाट वि.एस्सी. एजी गरि थाइल्याण्डको एशियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट व्यवस्थापनमा स्नातकोत्तर गर्नु भएको छ । जागिरे जीवनमा ३० वर्षसम्म राष्ट्रिय वाणिज्य बैंकमा सेवा गर्ने अवसर पाएर कार्यकारी निर्देशकबाट अनिवार्य अवकाश लिएका ओझाले यस बिचमा मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंकको CEO भएर सेवा गर्नु भएको थियो भने त्यसपछि नेको इन्स्योरेन्सको अध्यक्ष भएर साढे २ वर्ष सेवा पुऱ्याएको अनुभव पनि संगाल्नु भएको छ । २०७१ असोज देखि RMDC को CEO को पदमा कार्यरत ओझासंग अग्निचक्र मासिकले गरेको लघुवित्त सम्बन्धी संवाद यहाँ प्रस्तुत गरिएको छः*

**अन्य माइक्रो फाइनान्स र RMDC बिचको भिन्नता के छ ? र RMDC ले कुन कुन संस्थामा कहाँ कहाँ लगानी गरेको छ त ?**

- रूरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लिमिटेड (RMDC) ले देशका विभिन्न क्षेत्रमा विपन्न वर्गलाई आय आर्जनका लागि लघु ऋण उपलब्ध गराउन लघुवित्त संस्थाहरू (लघुवित विकास बैंकहरू, सहकारी संस्थाहरू र वित्तीय मध्यस्थकर्ताको काम गर्ने गैर सरकारी संस्थाहरू) लाई थोक ऋण उपलब्ध गराउदै आएको छ । थोक कर्जा दिने र क्षमता विकासको लागि काम गर्ने कार्य RMDC ले गर्दछ । RMDC को स्थापना नै जब नेपालमा लघुवित्त संस्थाहरूको विकास हुन थाल्यो र नेपाल सरकार, नेपाल राष्ट्र बैंक, एसियाली विकास बैंक लगायतले नेपालमा विकास भैरहेका लघुवित्त संस्थाहरूलाई टेवा पुऱ्याउनको लागि एउटा संस्थाको आवश्यकता छ भन्ने महशुस गरे बमोजिम यहाका प्रमुख वाणिज्य बैंकहरू, समेतको सहभागितामा यो संस्था स्थापना भएको हो । शुरूमा यो संस्था झण्डै खुलेका बखत एसियाली विकास बैंकबाट सहयोग प्राप्त भएको थियो । देश भरि नै फैलिएर ३०० वटा संस्थामा RMDC ले लगानी र सहकार्य गरेको छ ।

**RMDC बाट थोक ऋण प्राप्त गर्न सक्ने लघुवित्त संस्थाहरूसँग हुनुपर्ने योग्यताहरू के के हेर्ने गर्नु भएको छ नि ?**

- पहिलो कुरा नै विधिपूर्वक दर्ता भई लघुवित्त कार्यक्रम संचालन गर्ने दर्ता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने छ भने दोश्रो कुरा सफलतापूर्वक कम्तीमा एक वर्षसम्म लघु ऋण सेवा तथा बचत परिचालन कार्य गरेको अनुभव भएको हुनुपर्छ । कुशल तथा सक्षम व्यवस्थापन भएको,

- ***नेपालको लघुवित्तमा RMDC ले रोल मोडलको काम गरेको छ।***
- ***देशैभरि फैलिएर सयौँ संस्थामा RMDC ले लगानी र सहकार्य गरेको छ।***
- ***भौगोलिक अवस्था नै लघुवित्त क्षेत्रको प्रमुख चुनौती रहेको अवस्था विद्यमान छ।***
- ***नेपालमा लघुवित्त संस्थाहरु जन्माएकै नेपाल राष्ट्र बैंकले हो।***
- ***निरन्तर बैंकिङ्ग सेवामा काम गर्ने मौका पाएँ, गौरव गर्छु म आफूलाई।***



लघुवित्त वा ऋण सम्बन्धि कारोबारको उपयुक्त सूचना प्रणाली भएको साथै आधुनिक लेखा प्रणाली अवलम्बन गरेको,साथै समयमा नै लेखा परिक्षण भएको प्रतिबद्ध र क्रियाशील संचालक समिति र व्यवस्थापन टोली भएको लगायत योग्यता तोकिएको छ । त्यो योग्यतामा भएका संस्थाहरूले RMDC बाट थोक ऋण प्राप्त गर्न सक्नेछन् ।

**माइक्रोफाइनान्सले गरीबी न्यूनीकरणमा सहयोग गरेको छ भन्ने गरिन्छ तर फेरि चर्को ब्याज लिने लाइसेन्स प्राप्त शोषक भनेर माइक्रोफाइनान्सहरूलाई आरोप लगाउनेहरु पनि छन् नि ? के लघुवित्त संस्थाहरूले गरीबका लागि साँच्चै नै काम गरेका छन् त ?**

– हेनुस् भट्टराई जी ! लघुवित्त सेवा सिमान्तकृत ग्रामिण विपन्न गरिब सुमदायमा लक्षित छ । ति समुदायमा वित्तीय साक्षरता जगाउदै बैकिङ्ग क्रियाकलापमा–बैकिङ्ग प्रणालीमा जोड्न सक्ने उपर्युक्त साधन नै लघुवित्त हो । हिमाल, पहाड र तराईका सबैजसो भुभागहरूमा बसोबास गर्ने गरिब जनतालाई बिना धितो वित्तीय सेवा प्रदान गर्ने लघुवित्त संस्थाहरूलाई त्यस्तो आरोप लगाउनु भनेको जसले लघुवित्त संस्थाको परिभाषा, लक्ष र उद्देश्य बुझेको छैन र जो लघुवित्त संस्थासँग आबद्ध छैनन् त्यस्ता प्रकारका मान्छेले मात्र आरोप लगाउछन् तर जसले लघुवित्तलाई बुझेका छन् वा सेवाग्राही भएर जीवन बिताएका छन् उनीहरूले लघुवित्त संस्थालाई सधै असल सहायोगीको रूपमा लिएका छन् । हिमाली, पहाडी भेग र दुर्गम तराईका दुरदराज क्षेत्रमा लघुवित्त संस्थाले सेवा पुर्‍याँउनु पर्ने, निरन्तर अनुगमन गर्नु पर्ने वित्तीय साक्षरतालगायतका तालिम अनुशिक्षण बैठक गर्नु पर्ने हुनाले केही प्रतिशत ब्याज महंगो पर्ने गएको हो । लघुवित्त संस्थाले गरीबी न्यूनीकरणमा प्रत्यक्ष उल्लेखनीय भूमिका खेलेका छन् र गरीब कै लागि वित्तीय पहुँचमा काम गरेका छन् ।

**नेपालमा लघुवित्तको बजारको सम्भावना कस्तो देख्नु भएको छ ? र वर्तमान अवस्थामा लघुवित्तका समस्या र चुनौतीहरू के कस्ता रहेका छन् त ?**

– हाम्रो देशमा वित्तीय पहुच नपुगेका ठाउँ अझै धेरै भएकाले नेपालमा लघुवित्तको सम्भावना व्यापक देख्छु । लघुवित्तको भविष्य उज्वल छ । ऋण प्रवाह गर्नु अघि तालिम दिने र सक्षम बनाएर मात्र कर्जा दिने गरिन्छ तर आजकल केही लघुवित्त संचालकहरूले चाहि सटकट बाटो अपनाएर बढी नाफा कमाउँने उद्देश्य लिएर अस्वस्थ प्रतिस्पर्धा गरेकाले केही नराम्रो देखिएको छ, यस्ता विकृति र विसंगती हटाउदै अघि बढ्नुपर्ने हुन्छ । दुर्गम हिमाली, पहाडी र तराईका दुर दराज स्थान सम्म वित्तीय पहुँच पुर्‍याउनु पर्ने चुनौती छ अर्थात् नेपालको भौगोलिक अवस्था नै लघुवित्त क्षेत्रको प्रमुख चुनौती रहेको अवस्था विद्यमान छ । दक्ष जनशक्तिको अभाव, दुर्गम गाउँमा अति न्यून आर्थिक गतिविधिका कारण स्वरोजगार सिर्जनामा कठिनाई, क्षमता भन्दा बढी कर्जा, दोहोरोपना, कर्जाको सही सदुपयोगको कमि लगायतका चुनौती देखिएको छ ।

**RMDC को सबल पक्ष र दुर्बल पक्ष बारे के भन्नु हुन्छ ?**

– RMDC को लगानीकर्ताहरू प्रोफेसनल ठूला बैंकहरू छन् । वर्ल्ड बैंकको आइएफसी छ । हाम्रो संचालक समिति र व्यवस्थापन एकदमै प्रोफेसनल भएकाले हाम्रा कर्मचारीहरू पनि सक्षम र मोटिभेटेड ग्राहक मैत्री छन् । स्थापना काल देखि हालसम्म यो संस्थाको भाका नाघेको कर्जा कति पनि छैन, अठार वर्ष देखि शत प्रतिशत रिकोभरी छ । निरन्तर स्थिर रूपले अगाडी बढि रहेको छ । लगानीकर्तालाई लाभांश पनि राम्रै दिइरहेका छौं । संस्थाको क्यापिटल रिजर्भ हिसावले पनि सबल छ । RMDC बाट थोक ऋण लिने संस्थाहरूले भन्ने गर्छन् कि RMDC कै कारणले हामी सक्षम भैरहेका छौं । यस संस्थाले कर्जा दिदा संस्थाको सुशासनलाई अत्यन्त महत्व दिने गरिन्छ । नेपालको लघुवित्तमा RMDC ले रोल मोडलको काम गरेको छ । RMDC को कार्यलाई अझै प्रभावकारी बनाउन हालै बाँके जिल्लाको कोहलपुरमा शाखा स्थापना भएको छ भने सुनसरी जिल्लाको इटहरीमा निकट भविष्यमा शाखा स्थापना हुनेछ ।


**पछिल्लो समयसम्मको स्थिति हेर्दा नियमनकारी निकायको भूमिका कस्तो देख्नु हुन्छ ?**


– नेपालमा लघुवित्त संस्थाहरू जन्माएकै नेपाल राष्ट्र बैंकले हो, त्यसकारण आफूले जन्माएका सन्तान "लघुवित्त संस्थाहरू" को विकासका लागि नेपाल राष्ट्र बैंकको भूमिका अत्यन्त महत्वपूर्ण रहि आएको छ । वित्तीय पहुँच नपुगेका स्थानमा लघुवित्त संस्थालाई जान उत्साह दिदै आएको छ राष्ट्र बैंकले । लघुवित्त संस्थाहरूलाई परेका अप्ठ्याराहरूलाई बुझेर नेपाल राष्ट्र बैकले उपर्युक्त कदम चाल्ने कुरामा विश्वस्त हुन सकिन्छ ।


**यसो फर्केर हेर्दा आफ्नो जीवन कस्तो लाग्छ ? अनि फुर्सदको समयमा के गर्न मन लाग्छ र अन्तमा के भन्न चाहनु हुन्छ ?**

– आफ्नो कर्मबाट सन्तुष्ट छु । निरन्तर बैकिङ्ग सेवामा काम गर्ने मौका पाएँ, गौरव गर्छु म आफूलाई । गरीब, विपन्न वर्गका जनताको हितमा काम गर्ने मौका पाएको छु, इमान्दार भई काम गर्ने र सिष्टमको फलो गर्दै देश र जनताको सर्वोपरी हितलाई नै आफ्नो उद्देश्य सम्झेर काम गर्ने बानीले गर्दा म आफ्नो काममा खुसी छु । अध्ययनमा रूची भएकाले फुर्सद भयो कि लेख्न, पढ्न, घुम्न र परिवारलाई समय दिने गरेको छु । अन्तमा, पेशाप्रति ईमान्दारी हुनुपर्छ भन्ने गर्छु किनकि यसो भो भने पेशा मर्यादित हुन्छ । गरीबी र बेरोजगारी न्यूनीकरणको लागि काम गर्ने गरेकाले लघुवित्त संस्थालाई सबैले माया गरौं, संस्थालाई बलियो बनाउँदै ग्राहकलाई दिगो, भरपर्दो र प्रतिस्पर्धी सेवा दिने गरौं, त्यसो भएपछि संस्था र सेवाग्राही सबैको हित हुन्छ । यति भन्दै 'अग्निचक्र' मासिकका सम्पादक एल.एन.जी लाई धन्यवाद दिन्छु : जय लघुवित्त ! ००


एक एक नेपालीसँगको नाता
हाम्रो "आफ्नै बचत खाता"
आफ्नै बचत खाता
विशेषताहरु
• न्यूनतम मौज्दात रु. १/-
• रु. २५० मा VISA Electron डेबिट कार्ड (नेपाल र भारतमा प्रयोग गर्न सकिने)
• नि:शुल्क अन्तर शाखा बैंकिङ्ग सेवा (काठमाडौं उपत्यकामा मात्र)
• नि:शुल्क eBanking सेवा
• ATM वा eBanking बाट NTC/NCELL पोष्टपेड मोवाईलको नि:शुल्क बिल भुक्तानी
• ATM वा eBanking बाट NTC प्रिपेड मोवाईलको सिम रिचार्ज गर्न सकिने
• NIBL नि:शुल्क मोवाईल बैंकिङ्ग सेवा
www.nibl.com.np
नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank


EUROPE BUSINESS ASSEMBLY
"BEST ENTERPRISE AWARD 2016"
LONDON, UNITED KINGDOM
"THE BIZZ 2016"
BUSINESS EXCELLENCE AWARD
WASHINGTON DC, USA
On the Auspicious Occasion
of
Completion of 9th Year Operation
PRIME COMMERCIAL BANK LTD.
9TH
ANNIVERSARY
Privileged we are to extend
our heartfelt thanks and gratitude to all of you
Depositors, Entrepreneurs, Industrialists, Stakeholders and Well wishers
for your perennial invaluable support and association that helped us
elevated to a Billionaire Net Profit Club upon singly bank performance
and
being awarded "Best Enterprise Award 2016" by European Business
Assembly, UK and "The Bizz 2016" Business Excellence Award by
World Confederation of Business, USA.
PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड


Firesurance
Be safe with Shikhar Fire Insurance
SHIKHAR FIRESURANCE
Happysurance
SHIKHAR FIRESURANCE
Shikhar Firesurance covers loss due to Fire with extension of Earthquake, Riot, Strike Damage, Malicious Damage, Terrorism, Storm, Flood, Typhoon, Aircraft and Aerial damage etc
Be safe with Shikhar Fire Insurance.
Shikhar Insurance
Happysurance
For further details contact: 9851087081
Shikhar Biz Centre, Fifth-Seventh Floor, Thapathali, Kathmandu, Ph: 4246101, 4246102, Fax: 4246 103


20 years
सहज सुरक्षित
सबैलाई
एनएमबि बैंक
एक घर
एक खाता
सहज प्रक्रिया, सुरक्षित भविष्य
के तपाईंले एनएमबि बैंकमा
खाता खोल्नु भयो ?
यहाँहरूकै घर आँगनमा सरल र सहज तरिकाबाट बैंकिङ्ग खाता खोल्न हाम्रा प्रतिनिधिहरू आउँदैछन् । अब, हरेक घरबाट एउटा खाता एनएमबि बैंकमा खोली सुरक्षित भविष्यको लागि बचत गरौं ।
ब्याज प्राप्ति
धनको सुरक्षा
आपतकालिन कोष
व्यापार-व्यवसाय विस्तार
सुरक्षित भविष्य
बालबालिकाको शिक्षा
NMB BANK
एनएमबि बैंक
move beyond
एनएमबि बैंक लिमिटेड
रिटेल हब, नक्साल
काठमाडौं, नेपाल
वेबसाइट: www.nmb.com.np
थप जानकारीका लागि
इ-मेल : call@nmb.com.np
यो सेवा एनएमबि बैंकको सबै शाखाहरूबाट लिन सकिनेछ ।

# फटफटे र कमिला



– सीता सुवेदी पन्थी

वरिपरि पर्खालले घेरेको ठूलो घर थियो । घर अगाडि सुन्दर बगैँचा थियो । बगैँचामा थरीथरीका फूलहरू फुलेका थिए । त्यसै बगैँचामा विभिन्न प्रकारका पुतलीहरू बस्थे । त्यहाँ आँप,सुन्तलाका रूखहरू पनि थिए । रूखको हाँगामा जुरेलीको गुँड पनि थियो । त्यहीँ चिल्ला कमिलाहरू बस्थे । तिनीहरूले रूखमुनि गोलो बनाएका थिए । त्यही बगैँचामा फट्याङ्ग्रो पनि बस्थ्यो । त्यसको नाम फटफटे थियो । उसले बेलाबेलामा पुतलीहरूलाई गिज्याउँथ्यो । कमिलाहरूका गोलाको माटो झिकिदिन्थ्यो । गोलो खुट्टाले खोस्री-खोस्री बिगारिदिन्थ्यो । उसले कमिलाहरूले जम्मा गरेको खानेकुरा पनि खाइदिन्थ्यो । उसको यस्तो नराम्रो बानीले गर्दा कमिलाहरू दिक्क थिए ।

एक दिनको कुरा हो । कमिलाहरू गोलाबाट निस्के । उनीहरू लाम लागेर खानेकुरा खोज्न जाँदै थिए । फूलको बोटमा बसी फटफटे फट्याङ्ग्राले उनीहरूको लाम हेरिरहेको थियो । कमिलाहरू जाँदाजाँदै फूलको बोटमुनि पुगे । सबैभन्दा अगाडिको कमिलाले फूलको गन्ध थाहा पायो । उसले फूलको रस चाख्यो । फुलको रस निकै गुलियो थियो । त्यसपछि उसले आफ्ना साथीहरूलाई खबर दियो ।

कमिलाहरू एकैछिनमा त्यहाँ जम्मा भए । उनीहरूले मिठो मानीमानी रस खाँदै थिए । उनीहरूको यो क्रियाकलाप फटफटेले हेरिरहेको थियो । उसले मनमनै सोच्यो,"खुब रमाएका छन् । यिनीहरूको रमाइलोमा भाँजो हाल्ने उपाय खोज्यो ।" ऊ फुलको बोटमा चढ्यो । उसले एउटा पात चुँडायो । त्यसले त्यो पात कमिलाहरू माथि खसायो ।

एक सुरले रस खाइरहेका कमिलाहरू झस्के । उनीहरूलाई आकासै खसेजस्तो लाग्यो । उनीहरू भागा भाग गरे । केही कमिलाहरू पातका डाँठले थिचिए । केहीका खुट्टा भाँचिए पनि । कमिलाहरू बिच कोलाहल मच्चियो । त्यहाँबाट भागेका कमिलाहरू केही पर पुगेर भेला भए । नाइके कमिलाले भन्यो–"हेर साथीभाइ हो ! सबै साथीहरू जम्मा भए नभएको गणना गरौँ ।" अर्कोले भन्यो–"हुन्छ हुन्छ, त्यसै गरौँ ।"

कमिलाहरू एक एक गरी गन्दै गए । केही साथीहरू छुटेका थिए । सबै साथीहरूलाई नदेखेपछि नाइकेले भन्यो–"ओहो ! हाम्रा धेरै साथी हराएछन् । यस दुष्ट फटफटेले हामीलाई यसरी नै दुख दिन्छ । कुनै दिन यसको सेखी झार्नुपर्छ ।" यसपछि उनीहरू हराएका साथीको खोजीमा हिँडे । जाँदाजाँदै उनीहरू अघि रस खाँदै गरेको रूखनिर पुगे । त्यहाँ केही कमिलाहरू पातले किचिएका थिए । उनीहरू छट्पटाइरहेका थिए । सबैले मिलेर त्यस पातलाई घिसारे । पातमुनिका तिनवटा कमिला गम्भीर घाइते थिए । दुइटाका खुट्टा भाँचिएका थिए । उनीहरू यताउता चल्न चलमलाउन सकिरहेका थिएनन् । उनीहरूले साथीहरूलाई यस्तो अवस्थाबाट उद्धार गरे । उनीहरू फटफटेदेखि साह्रै रिसाए । उनीहरूले फटफटेलाई स्वाद चखाउनुभन्दा पहिला घाइते साथीहरूको उपचार गरे ।

कमिलाहरू पहिलेजस्तै मिलीजुली बसेका थिए । फटफटे पनि बगैँचामा रमाएरै बसेको थियो ।

समय बित्दै थियो । फटफटे बगैँचाका झारपात खाँदै घुमिरहेकै हुन्थ्यो । कमिलाहरू पनि आफ्नै सुरमा खुसी नै थिए । यसैबिच फटफटेको भ्यागुतासँग जम्का भेट भयो । मीठो आहार भेटेँ भनेर भ्यागुतो ट्यारट्यार कराउन थाल्यो । त्यो सुनेर फटफटेलाई डर लाग्यो । उसले यताउता हेर्‍यो । भ्यागुतो उसको नजिकै आइसकेको थियो । फटफटे आत्तिएर हस्याङफस्याङ गर्दै कमिलाहरू गुहार्न पुग्यो । उसले कमिलाहरूसँग भन्यो–"भाइहरू हो ! मलाई बचाओ, मेरो पछिपछि भ्यागुतो आइरहेको छ ।" कमिलाहरू सहयोगी र मिलनसार त थिए । उनीहरू मिहिनेती पनि थिए । फटफटेलाई आपत् परेको देखे । उसलाई सहयोगको खाँचो थियो । तर फटफटेको बानी राम्रो थिएन । त्यसैबखत नाइके कमिलाले भन्यो–"फटफटे दाइ ! तिम्रो अरूलाई दुख दिने बानी सम्झन्छौ ? अर्काले हेपेर व्यवहार गर्दा कस्तो लाग्दो रहेछ, थाहा पायौ ?" कमिलाका कुरा सुनेर फटफटे पछुतायो । आफूले पात खसालेर दुख दिएको घटना सम्झ्यो । उसले गल्ती स्वीकार गर्‍यो । अबदेखि असल मित्र बन्ने विश्वास पनि दिलायो । फटफटेले बानी सुधार्ने भएपछि कमिलाहरूको मन फेरियो । उनीहरूले शरण परेकाको मरण गर्नु हुन्न भन्ने बुझेका थिए । त्यसैले फटफटेलाई सहयोग गर्ने निर्णय गरे । बिलम्ब नगरी नाइकेले भन्यो-"फटफटे दाइ जाऔ, हाम्रो गोलापछाडि गएर बस । त्यहाँ पात पतिङ्गरहरू छन् । मैले तिमीलाई तिनैभित्र लुकाउँछु ।"

भ्यागुतो पनि फटफटेलाई पछ्याउँदै थियो । ऊ बुरूकबुरूक उफ्रँदै कमिलाको गोलातिर जाँदै थियो । चलाख कमिलाहरू एकजुट भई भ्यागुतामाथि जाइलागे । कमिलाको टोकाइ सहन नसकी भ्यागुतो उफ्रँदै भाग्यो । फटफटेले कमिलाहरूलाई धन्यवाद दियो । त्यस दिनदेखि उनीहरू अत्यन्त मिलेर त्यही रूखमुनि बसे ।

# बाजा बजे घुन्न



– छायादत्त न्यौपाने

झाइँकुटी झाइँकुटी बजे बाजा घुन्न
चेतना र इमान भए विनासले छुन्न ।
१

सम्पदा हुन् वन बाजा धुन दिने घुन्न
वातावरण बिगार्नेलाई छुट दिनु हुन्न ।
२

झुर्मा गर्छ झ्याइँझ्याइँ कान खोज्छ सुन्न
आज मलाई सन्चो छैन वन नभई हुन्न ।
३

ट्याम्को गर्छ टिनिमिनी मजा लाग्छ सुन्न
हावापानी सफा नभै जिउ सन्चो हुन्न ।
४

सानो बाजा टिनिमिनी ठुलो बाजा घुन्न
दारी जुँगा फुलेकालाई छोरी दिनु हुन्न ।
५

नरसिङ्गाको थुरी-थु मान्छे आए सुन्न
वनस्पति बिनासेलाई वासै दिनु हुन्न ।
६

कर्नाल गर्छ भुँपुँ भ्वाँ परसम्म सुन्न
जोगाउनुछ वनबुटा मास्नु हुँदै हुन्न ।
७

सहनइ गर्छ पिँपिँ पीँ स्वर मिठो सुन्न
वरिपरि हरियाली रूख नभई हुन्न ।
८

ढोलकको ड्याम्मडुम्म दमाहाको घुन्न
समूहले नजोगाए जङ्गलै जोगिन्न ।
९

खैंजडीको पाकुमधुम खेली चुट्का सुन्न
जडीबुटी जोगिए पो रोग-व्याधिले छुन्न ।
१०

धिमे बाजा मधुरो छ दमाहा पो घुन्न
पशुपन्छी बचाउनुछ झाडी नभै हुन्न ।
११

बिनायोले बिउँझाउँछ दमाहा भन्छ घुन्न
बाढी रोक्न पहिरो छेक्न वन नभै हुन्न ।
१२

पन्चेबाजा सबका साझा ताल दिने घुन्न
वनमै कुहून् सेउलापात आगो लाउनु हुन्न ।
१३

छिन्छिन् गर्ने मुजुरा हो पन्चेबाजा घुन्न
हरियो वन नेपाली धन नजोगाई हुन्न ।
१४



संवाद – मायादेवी शर्मा, उपन्यासकार

# हरेक साहित्यले सकारात्मक सन्देश दिएको हुनुपर्छ

**तपाईँको बुझाइमा उपन्यास भनेको के हो ?**

– लेखकले समाजमा देखिने विभिन्न घटनालाई कवितामा, गद्यमा, नाटकको रूपमा कथाको रूपमा लेख्ने गर्दछन् । यसरी लेख्दा यश, पैसा, व्यवहार आनन्द र उपकारको भाव साहित्यकारले सोचेको हुन्छ । यी सबै विधाबाट समाजमा भलो नै हुने धारणा राखेको हुन्छ । अतः साहित्य समाजको आवश्यक तत्व हो । साहित्यको अर्थ नै हित गर्ने भन्ने हो ।

उपन्यास विधा साहित्यको एउटा गद्य विधा हो । यो विधा अहिले सबभन्दा बढी फस्टाएको छ । सुरूबाट अन्त्यसम्मको कथाको माला बुनिएको हुनुपर्ने हुनाले उपन्यास विधा अलि अप्ठ्यारो विधा हो कि भन्ने भान हुन्छ । जसरी फूलको माला छिन्न हुँदैन, त्यस्तै उपन्यासमा पनि कथाको माला चुँडिनु हुँदैन ।

चरित्र फूलको माला जस्तै पूर्ण हुनुपर्छ । कल्पित कुरामा किताब लेखे पनि सानो कल्पनाले उपन्यासको पुस्तक तयार पार्न गाह्रो हुन्छ । पात्र अनुसारको चरित्र, देश, काल घटना आदिको तारतम्य मिलाएर समग्र आख्यानको रूप दिनु साह्रै गाह्रो काम हो । समाजमा घट्ने राम्रा नराम्रा पक्षलाई उपन्यासमा ल्याउँदा निकै विचार पु¥याएर कलम चलाउनुपर्छ । एउटा पक्षलाई मात्रै पक्डेर पुस्तक तयार पार्न सकिँदैन । भाषाको, विम्बको ख्याल पनि गर्नुपर्छ । आफूले लेखेको पुस्तक रोचक बनाउनु लेखक लेखिकाको कर्तव्य हो । त्यसले समाजमा सकारात्मक सङ्केत दिएको हुनुपर्छ ।

उपन्यास संस्कृत नेपाली बृहत् शब्दकोशका अनुसार ऐतिहासिक कल्पित, धार्मिक सामाजिक, आदि कथावस्तु भएको अनेक पात्र र जीवनसँग सम्बन्ध रहेको कथानक भएको एक विधा हो भनिएको छ । हामीले सम्झने उपन्यासको अर्थ यही परिभाषासित मिल्छ । एक किसिमले गद्य महाकाव्य उपन्यास हो र पद्य उपन्यास महाकाव्य हो । भनिन्छ–हिन्दूधर्ममा मेरूदण्ड मानिएका ग्रन्थ रामायण, महाभारत पनि उपन्यास हुन् । मेरो विचारमा समाजमा सुनिने, देखिने, भोगिने जुनसुकै घटनालाई कलमको माध्यमबाट नायक नायिकाको चरित्रको पूर्ण र सूक्ष्म वर्णन गरेर लेखिएको पुस्तक उपन्यास हो । त्यसमा द्वन्द्व संयोग–वियोग आदि घटना उनिएका हुन्छन् ।

**अन्य साहित्य विधाको साटो उपन्यास नै किन रोज्नुभयो ?**

– म साहित्य मन पराउने महिला हुँ । कसैलाई कवितामा मन जान्छ । कोहीले कथा मन पराउँछन् भने कसैले नाटक । त्यस्तै मैले उपन्यास विधा पक्डेँ । मलाई उपन्यास मार्फत समाजमा चल्दै आएका राम्रा नराम्रा घटनालाई समेटेर कलम चलाउन मन पर्छ । यो विधालाई छन्दले बाँध्दैन । यसमा फुक्न पाइन्छ । नाटकमा झैं मञ्च चयनको कठिनाइ पर्दैन । यद्यपि चरित्रको उत्कर्ष र द्वन्द्व निर्माण गर्नु सहज काम होइन, तथापि शब्दको छनोट, पात्रको छनोट र कथाको छनोटबाटै यो विधामा अगाडि बढ्न सकिने हुनाले म उपन्यास विधामा लम्कैँ ।

**तपाइँ साहित्यमा प्रेरणाको स्रोत कसलाई दिनुहुन्छ ?**

– म अज्ञात तवरले नै साहित्यमा झुकाव राख्ने महिला रहिछु । बाल्यकालमा राम्रा रसिला श्लोकप्रति म आकृष्ट हुन्थेँ । मेरो साहित्य लेखन भने सुषुप्त थियो । केही गीत कविता लेखेकी थिएँ । पछि मेरो विवाह साहित्यका साधक कवि मुकुन्द शर्मासित भयो । उहाँको अनवरत साहित्य साधनाको सम्पर्कले त्यो सुषुप्त भावना बिउँझेर आयो । पतिले घरमा स्वदेशी र विदेशी विशिष्ट साहित्यकारका पुस्तकहरू उपन्यास, आत्मकथा, जीवनी ल्याउनुहुन्थ्यो । मैले फुर्सद पाएँकी ती किताब लिएर पढ्थेँ । नबुझेका कति कुराहरू पतिसितै छलफल गर्थें । मैले नेपाली लेखक लेखिकाका उत्कृष्ट आख्यान पढेँ । पतिकै महाभारत चम्पू कम्प्युटरमा टाइप गरेपछि मलाई कलम चलाउन मन लाग्यो । स्व. पिता पं गोविन्दराज शर्माले मलाई लेख्न हौसला दिनुभयो । अनि आफ्नै भोगाइले मलाई साहित्य पढ्न र लेख्न प्रेरणा गरिरह्यो

**नेपाली उपन्यासकारहरू बिगतदेखि वर्तमानसम्म को को मन पर्छन् र किन ?**

– रूद्रराज पाण्डेको रूपमती, यो उपन्यासले समाजमा सासू-बुहारी, देउरानी-जेठानीमा हुने द्वन्द्व देखाइदिएका छन् । त्यस्तै सहेर बसेरै रूपमतीको घर बनेको छ । समाजका प्रायः घरमा हुने यस्ता घटनालाई उपन्यासको रूपमा ल्याइदिनु लेखकको ठूलो सफलता हो । डायमन शमशेरका वसन्ती, सेतोबाघ, यी उपन्यासले दरबारभित्र हुने षड्यन्त्रलाई जनतासामु ल्याइदिए । यस्तो साहस गरेका लेखक साच्चै धन्यवादका पात्र हुन् । बी.पी. कोइरालाका मोदीआइन, नरेन्द्रदाइ, यी उपन्यासले मानवको मनमा उब्जने भावनाको ब्याख्या गरेका छन् । भुवनहरि सिग्देलको आमोईले बाल विधुवा नारीको वेदना र साहसलाई समाजमा छरिदिएका छन् । यो पुस्तकले यस्तै नारीलाई बाँच्न सिकाउने छ भन्ने मैले ठानेकी छु ।

झमककुमारी घिमिरेको जीवन काँडा कि फूल ? यो पुस्तकले पनि सबै शरीर नचलेर के भयो त गर्ने व्यक्तिले जस्तोसुकै अवस्थामा पनि आफ्नो प्रतिभा देखाउन पछि नपर्ने रहेछ भन्ने देखिन्छ । सुरेश प्राञ्जलीको तुइन दश बर्षे युद्ध कालमा जनताले विना अपराध भोग्न परेको पीडा लेखेर समाजलाई दिए । मलाई नेपाली भाषामा लेखिएका सबै नै उपन्यास राम्रा लाग्छन् । यी सबैले समाजलाई केही न केही सकारात्मक सन्देश दिएका छन् । माथि थोरै जनाको मात्र नाम मैले लिएँ ।


**तपाइँको प्रकाशित उपन्यास ऊर्मिलाको सार के हो ?**

– 'ऊर्मिला' उपन्यास नारीको पीडालाई खोतल्दै सकारात्मक सन्देश दिने पारिवारिक र सामाजिक उपन्यास हो । बाबुआमाले छोराछोरीमा भेदभाव नगरून् । सासू-ससुराले छोरीबुहारीमा भेदभाव नगरून् । शिक्षा पाउनु छोराछोरी दुबैको अधिकार हो भने छोराछोरीमा बराबर व्यवहार गर्नु आमाबाबुको कर्तव्य हो । त्यस्तै आमाबाबुलाई सम्मान गर्नु सन्तानको दायित्व हो । देश हाक्न गएका कतिपय दलहरूले कामै नगरी भत्ता खाने प्रबृत्तिलाई पनि यो ऊर्मिला उपन्यासमा ल्याइएको छ । समाजमा चल्ने गरेका कतिपय नराम्रा पक्षलाई यो उपन्यासले कोट्याएको छ । झुटो तुला र दोहोरो मापदण्डले समाज भाँडिन्छ । पारिवारिक आदर्शलाई परिवारका अभिभावकले कायम गर्नुपर्छ, नत्र परिवार भद्रगोल हुन्छ भन्ने पनि यसबाट सार ग्रहण गर्न सकिन्छ ।

**तपाइँको चुनौती चिर्दै प्रकाशोन्मुख निबन्ध संग्रहमा कति शीर्षक छन् ?**

– मेरो यो निवन्धमा पैतीस शीर्षक छन्, यसमा मैले केही यात्रा संस्मरण पनि समेटेकी छु । केही नारीका आवाज पक्डेकी छु । कतै शिक्षालाई, कतै संस्कृतिलाई अनि कतै पारिवारिक सम्बन्धलाई उठाउँदै यी निबन्धहरू

लेखिएका छन् । आत्मपरक शैलीमा यो यात्रा अघि बढेको छ ।




**तपाईंको अनुभवमा जीवन र जगत्को परिभाषा के हो ?**

– जगत् छ र जीवन छ । जीवन छ र जगत् छ । यी एक अर्कामा परिपूरक छन् । एकभित्र अर्को छ । जीवन र जगत् दुवै रहस्यमय छन् । मान्छेलाई मात्रै यो कुरा थाहा छ । यो शरीर छँदासम्म सुलभ भैँ लाग्छ । ज्यान नरहने वित्तिकै दुर्लभ हुन्छ । यो जिउ हाम्रो हो भन्ने हामीलाई लाग्छ । तर यसको लट्टाई अन्तै छ । चङ्गा भैँ उडेको हाम्रो शरीर कुन बेला कहाँ छिन्छ कसैलाई थाहा छैन । एउटा भनाइ छ मानो नसकिएसम्म केही हुँदैन । मलाई यो कुरा साँचै लाग्छ । यहाँ मैले भोगेको एउटा घटना पस्किन्छु ।

२०५८ साल असार १६ गतेको कुरा हो । म लगायत पाँच जना काम विशेषले चितवन जना बाटा लाग्यौं । हामी पिकअप गाडीमा थियौं । असारको मौसम तातै थियो । मेरी आमा गोपिका देवीको २०५७ असोज दशैंको चौथी तिथिमा स्वर्गारोहण भएको थियो । मेरा दाजुभाइ आमाको वर्खीमा थिए । त्यसैले उनीहरूको पहिरन सेतो थियो । यो पहिरनले जहाँ पायो, जे पायो त्यो खान दिँदैन । खानेमात्रैको कुरा होइन । दाजुको मनमा अकथनीय पीडाले गाँजेको थियो । मुगलिन पुगेपछि दाजुले मोटर आफैले हाँक्नुभयो ।

हामी पोखरातिर जाने बाटो छोडेर नारायणघाटतिर लाग्यौं । आकाशबाट घनघोर पानी ओइरियो । चारैतिर अन्धकार भयो । मोटर गुडेकै थियो । हामी चितवनको दासढुङ्गामा पुगेका थियौं । हामी चढेको मोटर दुर्घटनामा पऱ्यो । सबै जना बेहोस भएछौं । म चौबीस घण्टा होसमा आइनँ रे । खुसीको कुरा कसैको ज्यान गएन । कोही अपाङ्ग पनि भइएन । पछि मैले सुनेँ–हामी चढेको मोटर कामै लागेन रे । घरमा थाहा पाएर केटाकेटी व्याकुल भए । तर कसैलाई केही भएन । हाम्रो शरीरको लट्टाइ कोसित थियो ? हामी चढेको मोटर काम लागेन । हामी सबै बाँच्यौं । यदाकदा सुनिने गरिन्छ –फलानो त विस्तरामै मरेछ । व्यक्ति त यस्सो लडेको थियो रे खुत्रुक्कै भएछ आदि आदि । काल कहाँ छ ? कसरी आउँछ ? थाहा छैन । त्यसैले त यो रहस्यमय छ । हाम्रो भोगाइ हाम्रो हो । आफ्नो अनुभूति आफ्नो हो । त्यसैले त सन्तहरू भन्ने गर्दछन्–भलो गर, साँचो बोल, शान्त बन, रिसलाई दबाऊ, इत्यादि ।

जीवन र जगत्को परिभाषा खोज्दाखोज्दै विद्वान् दार्शनिकहरूका कपालका रौं सेतै हुन्छन् । यी जीवन र जगत् पूर्ण परिभाषामा आउँदैनन् । एउटा कुरा के भने –निश्चल र आध्यात्मिक प्रेमले जीवन र जगत्लाई जोड्छ । अन्त्यमा तपाईंको लोकप्रिय पत्रिका **अग्निचक्रमा** मेरो भनाइ राख्ने सुवर्ण अवसर दिनुभएकोमा म तपाईं र तपाईंको पत्रिका–परिवारलाई धन्यवाद दिन्छु ।

## स्रष्टा मायादेवी शर्माको एउटा कथात्मक निबन्ध

### *सुख के हो ?*

*छिमेककी मीनाले स्याँ स्याँ गर्दै सुन्तलीको घरको ढोका खोली । आफ्नो पातलो शरीर कुर्चीमा थचक्क पारी । उसले आश्चर्यपूर्ण मुद्रामा भनी–हेर्नुहोस् न दिदी ! मेरा बाबाले त विवाह गर्नुभएछ !*

*उसले लामो सास फेरि । उसका शरीरका लुगा लुछुप्प भिजेका थिए । सुन्तली एकैछिन त ट्वाँ परेर उसलाई हेरेको हेरै भई । उसले अब के बोल्नुपर्छ ? तपाईंका बाबाले अर्को विवाह गरेकोमा बधाई भन्न आँट आएन । सुन्तलीले तपाईंका बाबाले राम्रो गर्नु भएन भन्न पनि भएन । छोराछोरीले तेरो बाबाले ठीक काम गरेन भनेको अरूको मुखबाट सुन्न गाह्रै लाग्छ । त्यसैले ऊ केही नबोली बसी रही । मीना केके बोल्दै थिई । सुन्तलीको मनलाई उसको बोलीले भन्दा अरु कुराले तान्यो । त्यो उमेरको मान्छेले फेरि के विवाह गरेको होला ? भनेर आश्चर्य पनि लाग्यो । उसले सम्झी –मेरा गाउँका कतिपय देवर, जेठाजु ससुरा पर्नेहरू उमेरमै विधुर भएका छन् । उनीहरूले दोस्रो विवाह गरेका छैनन् । पत्नीको मृत्यु भए पनि छोराछोरीको मुख हेरेर बसेका छन् । तर आज उसले अचम्म सुनी ।*

*सुन्तलीको मनले भन्यो–के सतीत्वधर्म आइमाईलाई बढी हो ? शास्त्रले धर्म थाम्ने ठेक्का महिलालाई धेरै दिएको छ ? पत्नी एकपतिव्रता भएर बस्नुपर्छ भने पुरुष एकपत्नी व्रती भएर बस्नुपर्दैन ? धर्मले त्यस्तो पक्षपात त गरेको छैन होला । त्यो कुरा धर्मका पारखीले जानुन् । तर यहाँ त सामान्य हेराइमै पक्षपात देखिन्छ । अधिकांश विधुर व्यक्तिले दोस्रो विवाह गर्छन् । त्यसलाई समाजले स्वीकृति दिन्छ । स्त्रीजातिमा यस कुराको ठीक विपरीत परम्परा चल्दै आएको छ । महिलाले दोस्रो विवाह गर्दा आलोचना हुन्छ । घरमा श्रीमती छ, सन्तान जन्मिसकेका छन् । कतिपय पुरूषले पञ्चेबाजा घन्काएर अर्की स्वास्नी ल्याउँछ । जेठीले आँखाबाट बलिन्द्र आँसु खसाल्दै सौता भित्राउन बाध्य यहींको घर समाजले गराएको छ । महिलाले पनि छोराछोरी जन्मेपछि त्यसैगरी अर्को विवाह गरोस् त । यो समाज कस्तो हुने छ । यो कुरा शोचनीय होइन ? कतिपय पुरुष जातिले सामाजिक र आत्मिक अनुशासनमा नबसेरै घरेलु हिंसा फैलिएको हो भन्ने कुरा कसैले विचार गरेको छ ? यो विचार गर्नु पर्ने कुरा हो कि होइन ? सुन्तलीले यो समाजमा रहेका त्यस्तै व्यक्तिसित प्रश्न गरी । कतिपय महिलाहरू पनि आत्मिक र सामाजिक अनुशासन तोडेका होलान् ती पुरुषको तुलनामा ज्यादै कम छन् । भैगो यी कुरा यहीं छोडिदिऔं । यस्ता काम गर्नु हुन्न भन्ने थाहा नभएर हो र ?*

*सुन्तलीले आफ्नो गाउँमा नै देखेकी छ । पाटाका कान्छाकी एक वर्षकी छोरी काखमा थिई । कान्छाकी श्रीमती भगवतीको पेटमा अर्को गर्भ थियो । कान्छाको अकस्मात् मृत्यु भयो । भगवतीले त्यस्तो अवस्थामा पनि हिम्मत हारिन । बच्चा जन्माई । दुई सन्तानकी विधुवा आमा भई । त्यो महिला ती छोराछोरीकी आमा र बाबु दुवै भएर साहसपूर्वक छोराछोरी बढाई, पढाई ।*

*एकपटक सुन्तलीले भगवतीलाई सोधेकी थिई –ए कान्छी ! तिम्रा श्रीमान् बितेपछि तिमीलाई आजको जीवनसम्म कहिल्यै एकैपटक पनि* ***आ, यस्तो दुःख गरेर यी सन्तान हुर्काउनुभन्दा मान्छेको एउटा चोलामा कति कष्ट सहनु, बरू अर्को विवाह गर्छु*** *भन्ने भयो कि भएन ?*

*उसले सहजै उत्तर दिएकी थिई –के कुरा गर्नुभएको दिदी ! तपाईं आफैले भन्नुहोस् न, नयाँघरकी भान्जी पनि बालविधुवा त हुन् नि । त्यस्ता आइमाई हाम्रै गाउँमा कति छन् । मेरा त यी दुई दुई सन्तान छन् । के आउँथ्यो मेरो मनमा त्यस्तो नचाहिँदो कुरा, मैले एक पटक पनि सम्झिनँ । यिनैलाई कसरी हुर्काऊँ भन्ने धुन चढ्यो ।*


*छोराछोरीले खेतबाट बोकेर ल्याएका परालका बिटा देखाउँदै उसले फेरि भनी –हेर्नुहोस् दिदी ! अचेल त मेरा सुखका दिन आएका छन् । यी, यो पराल छोराछोरीले बोकेका हुन् ।*

*भगवती खिर्र हाँसी ।*

*अब छिमेककी मीनाले उठाएको विषयलाई सुन्तलीले कसरी लिने ? मीनाका बाबुका त नातिनातिना नै पन्ध्रजना छन् अरे !*

# यसकारण पढ्नुपर्छ 'यस्तो होस् जीवनशैली'


गायत्री परिवार नेपाल र मानव उत्कर्ष नेपालमा आत्मीय आबद्धता भएका डा. राजु अधिकारीद्वारा लिखित एवं हालैमात्र प्रकाशित पुस्तक 'यस्तो होस् जीवनशैली' हरेकको हात हातमा हुनुपर्ने पुस्तक भनेर व्यापक चर्चा भइरहेको छ । 'खाने कसरी, पिउने कसरी', 'योग पनि गरौँ, भोग पनि गरौँ', 'तपाईँका लागि योग' लगायत जीवनोपयोगी पुस्तकका लेखक अधिकारी नेपाल सरकारबाट राष्ट्रिय प्रतिभा पुरस्कार-२०७३ बाट पनि सम्मानित भइसकेका छन् ।




योग विज्ञान एवं मानव चेतना विषयमा भारतको हरिद्वारस्थित देव संस्कृति विश्वविद्यालयबाट स्नातकोत्तर र पीएचडी गरेका अधिकारी बागमती सफाइ महाअभियानका प्रमुख अभियन्ता समेत हुन् । हाँसी खुसी जीवन जिउन, अध्ययनशील तथा भ्रमणशील रहन एवं प्रकृति तथा वातावरणको विनम्र सेवक हुन र वैज्ञानिक अध्यात्मवादमा अन्वेषण गर्न रूचि राख्ने युवा प्रतिभा डा. अधिकारी 'मोटिभेसन कोच' तथा 'लाइफस्टाइल ट्रेनर' बनेर सबैमा उत्साहको सञ्चार गराउँदै हिँड्ने अभियानमा व्यस्त रहने गरेका छन् ।

संखुवासभाको खाँदबारीमा जन्मिएका डा. अधिकारीको पुस्तकभित्र 'जीवनशैली उत्प्रेरणा', 'यस्तो होस् जीवनचर्या' र 'यस्तो होस् जीवशैली' का विविध आयामहरूलाई समेटिएको पाइन्छ । जीवनशैली उत्प्रेरणा, जीवनशैली विज्ञान, जीवनशैली क्रान्ति, त्यागौँ अस्त-व्यस्त जीवनशैली, अपनाऔँ व्यस्त-मस्त-स्वस्थ जीवनशैली, यस्तो होस् दिनचर्या, यस्तो होस् रात्री चर्या, मौसमअनुसार ऋतुचर्या, यस्तो होस् भोजनचर्या र अचुक-अनमोल जीवनशैली सूत्रलगायतका शीर्षकमा पुस्तकभित्र चर्चा गरेको पाइन्छ ।

त्यस्तै, योग-व्यायाम शैली, निद्रा शैली, सहवास शैली-सम्भोगशैली, मुस्कान-हास्यशैली, रोदनशैली, मनोरञ्जनशैली, सरसफाइशैली, आरोग्य-स्वास्थ्यशैली, ध्यानशैली, विचारशैली, स्वाध्यायशैली-अध्ययनशैली, कामकाजशैली, सेवाशैली, भ्रमणशैली-यात्राशैली, मोबाइल-कम्प्युटरशैली र मृत्युशैली समेत समेटिएको यो पुस्तक ऐतिहासिक र नमुना पुस्तकको रूपमा हरेक नेपालीका लागि उपयोगी हुने देखिएको छ । यस पुस्तकलाई अध्ययन गरी थोरै मात्र पनि जीवनमा उतार्न सके फलदायी हुने देखिन्छ । पुस्तकको सन्दर्भसामग्रीको रूपमा 'अग्निचक्र' मासिकलाई पनि समावेश गर्नुभएकोमा लेखक डा. अधिकारीलाई हार्दिक धन्यवाद दिँदै उहाँको उत्तरोत्तर प्रगतिको कामना ।। जय गोरख ।।००




नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं
(फोन नं. ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**रकम तथा विवरण दाखिला सम्बन्धी**
**अत्यन्त जरूरी सूचना**

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका कर्मचारी/श्रमिकहरूले प्राप्त गर्ने पारिश्रमिकबाट १ प्रतिशतका दरले करकट्टी हुँदै आएको छ । यो कर मासिक कर कट्टी गरी राजस्व शीर्षक नं. १-१-२-१-१ मा दाखिला गर्न गराउन र कोषको वेब ठेगाना www.ssf.gov.np मा उपलब्ध लगत सङ्कलन फाराम अनुसारको विवरण सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाडौंमा आइपुग्ने गरी वा इमेल ठेगाना info@ssf.gov.np मार्फत पठाउनु हुन सरकारी, गैरसरकारी तथा निजी निकाय वा प्रतिष्ठान सबैलाई अनुरोध छ । सामाजिक सुरक्षा कर कट्टी नगर्ने वा गरेर पनि विवरण नपठाउनेलाई सामाजिक सुरक्षा योजनामा सहभागि गराउन कठिनाई पर्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**अडियो सूचनाका लागी नोटिस बोर्ड नं. १६१८०१४२५६३१५**

# सङ्गीतक्षेत्रको उत्थानका लागि कृपा फाउण्डेसन




मुलुकको अत्याधुनिक रेकर्डिङ्ग स्टुडियो कृपा दृश्य डिजिटल स्टुडियोका संस्थापक, गायक तथा सङ्गीतकार एवं युवा उद्यमी शिव लामिछानेको विशेष पहलमा 'समृद्धिका लागि सङ्गीत' भन्ने मूलनाराका साथ कृपा फाउण्डेसनको शुभारम्भ भएको छ । हालै राजधानीमा एक औपचारिक कार्यक्रमको आयोजना गरी शिव लामिछानेको अध्यक्षतामा कृपा फाउण्डेसनको शुभारम्भ भएको हो । लामिछानेको टेलिभिजन कार्यक्रम 'कृपा अनप्लग्ड' सर्वाधिक रूचाइएको निकै चर्चित र लोकप्रिय कार्यक्रम रहेको छ । अनुप प्रकाश, पावेल उदास र निरज कोइराला सदस्य रहेको यो फाउण्डेसनको निर्देशक भरत शाक्य हुन् ।

नेपाली गीत-सङ्गीत क्षेत्रको उत्थान गर्न तथा सबैलाई साङ्गीतिक क्षेत्रमा समेट्दै आफ्ना कार्यबाट भएको आर्थिक लाभ साङ्गीतिक क्षेत्रमा लागेर आर्थिक संकटमा परेका व्यक्तित्वहरूलाई सहयोग गर्नु नै कृपा फाउण्डेसनको उद्देश्य रहेको जानकारी कार्यक्रममा गराइएको थियो । नुनदेखि सुनसम्म र धरान, काठमाडौँ, पोखरा, हङकङ हुँदै युकेसम्म फैलिएको विश्वासको प्रतीक वराह ज्वेलरी इण्डस्ट्रिजका अध्यक्ष समेत रहेका युवा उद्यमी एवं सङ्गीतकार तथा गायक कृपा फाउण्डेसनका अध्यक्ष शिव लामिछानेले आफ्नो साङ्गीतिक प्रस्तुति उपस्थित सबै व्यक्तित्वहरू माझ पस्कनुभएको थियो । यस कार्यक्रममा गायकद्वय दीप श्रेष्ठ र प्रेमध्वज प्रधानलाई प्रमुख अतिथि बनाई स्रष्टाद्वयलाई मायाको चिनो एवं सम्मानपत्रद्वारा सम्मान पनि गरिएको थियो ।

फाउण्डेसनको कार्यालय त्रिपुरेश्वरमै रहेको कुरा बताउँदै अभिमत सहकारीका सञ्चालक अध्यक्ष समेत रहनुभएका कृपा फाउण्डेसनका अध्यक्ष शिव लामिछानेले आफूलाई अझ नयाँ केही गर्ने प्रेरणा मिलेको कुरा पनि 'अग्निचक्र' लाई बताउनुभएको थियो । बहुमुखी प्रतिभाका धनी शिव लामिछानेलाई हाम्रो हार्दिक बधाई तथा शुभकामना ।।००

## अग्निचक्र



*– भवानी न्यौपाने 'भावना'*

यो धर्तीका असल मनको मान हो अग्निचक्र
नेपालीको मन मुटु छुने सान हो अग्निचक्र
मेचीकाली सकल जनको ज्ञान हो अग्निचक्र
प्यासीलाई नव-रस सुधा पान हो अग्निचक्र
(१)

ज्ञानी लक्ष्मी अधिक गतिला सभ्य शालीन पात्र
नेपालीका घर-घर पुगी लक्ष्य ली कर्म मात्र
लक्ष्मी तिम्रो युग-युग रहोस् नाम संसार भित्र
हिँड्दै जानु असल गतिले पुण्य मिल्ला पवित्र
(२)

आऊ तिम्रो हृदय तलमा प्रेम गङ्गा बगाई
ल्याऊ आफैँ नव युग छुने कार्य शैली बनाई
तिम्रै साझा वनचउरमा काव्यधारा बगाऔँ
शिक्षा दीक्षा ग्रहण मनले गर्न पाई रमाऔँ
(३)

लाखौँ मान्छे पलपल चिनून् चम्किलो अग्निचक्र
श्रेणी यस्को प्रथम हुन गै मान्य भो अग्निचक्र
नौला नौला रविकिरण झैँ चेतनाले सिँगार्न
लागौँ आजै सरस मनले मार्ग आफ्नो सपार्न
(४)

फुल्दै जाऊन् उपवनमहा फूल राम्रा बिचित्र
भुल्दै जाऊन् रसिक भमरा दङ्ग भै भित्र भित्र
साना बाला युवक पनि यी ज्ञानले झन् पवित्र
छर्दै आभा झलमल गरी चम्कियोस् अग्निचक्र
(५)

# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

**(१) परिचय :** गरीब, विपन्न, पिछडिएका तथा राज्यको मूलधारमा नसमेटिएका समुदाय तथा परिवारको आर्थिक, सामाजिक तथा चेतना स्तर उठाई गरिबी न्यूनिकरण गर्ने लक्ष्य र उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रूपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा सम्भाव्य उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने कार्यका लागि सर्वसाधारणलाई गुणस्तरीय वित्तीय तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराउनुका साथै आवश्यक पर्ने साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणको कार्यमा सहयोग पुऱ्याउने उद्देश्य लिएर मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को स्थापना वि.सं. २०६९ कार्तिक २६ गते भएको हो । यो संस्था नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । यसको अधिकृत पूँजी ४० करोड, जारी पूँजी र चुक्ता पूँजी २० करोड रहेको छ । यसको प्रवर्द्धक ८ वटा वाणिज्य बैंक र २ वटा विकास बैंकहरू रहेका छन् ।

**(२) कानुनी मान्यता :** यो वित्तीय संस्था नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति वि.सं. २०६९ कार्तिक २६ गते पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता (दर्ता नं. १०७२१४) भएको र नेपाल राष्ट्र बैंकबाट मिति २०७० आषाढ ३० गते वित्तीय कारोबार गर्ने स्वीकृति प्राप्त गरेपश्चात् नुवाकोट जिल्ला स्थित बट्टार शाखाबाट मिति २०७० श्रावण ३ गतेदेखि वित्तीय कारोबार प्रारम्भ गरेको हो ।

**(३) बैंकको कार्यक्षेत्र :** यस संस्थाको कार्यक्षेत्र नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ७५ वटै जिल्ला रहेको छ । यस संस्थाको कर्पोरेट कार्यालय नुवाकोटमा रहेको छ ।

**(४) ग्राहक :** कार्यक्षेत्रमा स्थायी बसोबास गरेका नेपाली नागरिक मध्ये विपन्न वर्गका व्यक्ति आयमूलक कार्यमा सक्रिय रूपले भाग लिन इच्छुक एक परिवारबाट एक जना महिला मुख्यतः यस बैंकको सदस्य बन्न सक्दछन् । सदस्य बनाउनु अघि ५ देखि ७ दिनसम्मको अनिवार्य समूह तालिम दिई संस्थाको नीति नियम र कार्यविधि एवं प्रकृयाबारे जानकारी गराइन्छ । तीन वा सोभन्दा बढी समूह गठन भएपश्चात् केन्द्र गठन गरी लघुवित्त कार्यक्रमको शुरूवात विधिवत रूपमा गरिन्छ । केन्द्र नै कार्यक्रम सञ्चालन गरिने थलो हो । केन्द्रको बैठक सामान्यतः मासिक रूपमा सञ्चालन गरिन्छ ।

**(५) संस्थापकहरू :** यस बैंकमा संस्थागत संस्थापकहरू र सर्वसाधारण शेयर लगानीकर्ताहरू रहेका छन् । स्वामित्व संरचना यस प्रकार रहेको छ ।

| क्र.सं. | शेयरहोल्डर विवरण | % |
|---|---|---|
| **१.** | **समूह "क" संस्थापकहरू** | **६९.४** |
| क. | ग्लोबल आइ.एम.ई. बैंक लि. | ७.०० |
| ख. | सिटिजन्स बैंक इन्टरनेशनल लि. | ६.९० |
| ग. | एन. आइ. सि. एशिया बैंक लि. | ७.०० |
| घ. | प्रभु बैंक लि. | ७.०० |
| ङ. | सिद्धार्थ बैंक लि. | ६.५० |
| च. | एन. एम. बि. बैंक लि. | ७.०० |
| छ. | प्राइम कमर्सियल बैंक लि. | ७.०० |
| ज. | जनता बैंक नेपाल लि. | ७.०० |
| झ. | भिबोर सोसाईटी डेभलपमेण्ट बैंक लि. | ७.०० |
| ञ. | देव : विकास बैंक लि. | ७.०० |
| **२.** | **समूह "ख" सर्वसाधारणहरू** | **३०.६०** |
| क. | सर्वसाधारण शेयर होल्डर | ३०.६० |
| | **जम्मा** | **१००** |

**(६) प्रशासनिक व्यवस्थापन :** सञ्चालक समितिले बैंकका उच्च पदस्थ कर्मचारीहरूलाई बैंक सञ्चालनमा आवश्यक पर्ने नीति निर्माणमा सुझाव दिने कार्य गर्दछ । यस बैंकको प्रमुख कार्यकारी अधिकृतले बैंकको दैनिक कार्य सञ्चालनलाई चुस्त दुरूस्त बनाउने जिम्मेवारी बहन गर्ने व्यवस्था रहेको छ । प्रमुख कार्यकारी अधिकृतको मातहतमा यस बैंकको कर्पोरेट कार्यालयमा निम्न विभागहरू रहेका छन् ।

(क) मानव संशाधन तथा सञ्चालन विभाग
(ख) वित्त विभाग
(ग) कर्जा विभाग
(घ) सूचना तथा प्रविधि विभाग
(ङ) योजना, अनुगमन तथा सुपरीवेक्षण विभाग

फिल्ड स्तरको कार्य सञ्चालन, सुपरीवेक्षण तथा निरीक्षणको लागि शाखा कार्यालयको व्यवस्थापन गरिएको छ । आन्तरिक नियन्त्रण प्रणालीका लागि बाह्य श्रोतबाट आन्तरिक लेखा परीक्षण गराउने व्यवस्था रहेको साथै विभागहरूबाट पनि समय समयमा निरीक्षणको व्यवस्था गरिएको छ ।

**(७) लगानीका मुख्य स्रोतहरू :**

- शेयर पूँजी र सञ्चित मुनाफा
- विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्राप्त लघुवित्त थोक कर्जा
- सदस्यहरूबाट संकलित बचत

Advt

*गरिबी न्यूनीकरणमा प्रत्यक्ष भूमिका खेल्दै आएको यस "मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" मुलुकभरका ७५ वटै जिल्लामा शाखा विस्तार गर्ने अभियानमा तीव्र रूपले लागेको छ ।*



**रामहरि दाहाल**

**प्रमुख कार्यकारी अधिकृत**

**(८) लगानी प्रक्रिया :**

- व्यक्तिगत लगानी (धितोमा आधारित)
- सामूहिक/व्यक्तिगत लगानी (धितो र सामूहिक जमानीमा आधारित)

**(९) यस संस्थाबाट प्रदान गरिने मुख्य सेवाहरू :**

**(क) निक्षेप सेवाहरू :**

| क्र.सं. | बचतका प्रकारहरू | वार्षिक ब्याजदर |
|---|---|---|
| १. | गृहिणी पेवा बचत | ८ % |
| २. | मासिक क्रियाशील बचत | ८ % |
| ३. | आपतकालिन बचत | ८ % |
| ४. | केन्द्र बचत | ८ % |
| ५. | जीवन सहारा बचत | ९ वर्षमा डेढी र १४ वर्षमा दोब्बर |
| ६. | सिर्जनशील बालयुवा बचत | ८ % |

**(ख) कर्जा सुविधा :** विपन्न वर्गका सदस्यले आफ्नो आवश्यकता अनुसार स्वरोजगारीका माध्यमले आयस्तर वृद्धि गर्नका लागि सरल एवं सहज तरिकाले निम्न प्रकारका कर्जाहरू आफ्नै घरदैलोमा प्राप्त गर्न सक्नेछन् :

**(१) बिना धितो कर्जा**

| क्र. सं. | कर्जाका प्रकारहरू | अधिकतम कर्जा रकम | अधिकतम भुक्तानी अवधि | ब्याजदर % |
|---|---|---|---|---|
| १. | साधारण कर्जा | २ लाख | २ वर्ष | १८ |
| २. | मौसमी कर्जा | ३० हजार | १ वर्ष | १८ |
| ३. | वैकल्पिकऊर्जा कर्जा | १.५ लाख | ३ वर्ष | १६ |
| ४. | विशेष कर्जा | २५ हजार | १ वर्ष | १६ |
| ५. | सामाजिक कर्जा | १० हजार | १ वर्ष | १८ |

**(२) धितो कर्जा :** यस संस्थासँग आवद्ध सदस्यहरूको आर्थिक क्रियाकलापमा टेवा पुऱ्याउँदै उनीहरूको व्यावसायिक गतिविधिलाई अझ सुदृढ पार्न, परियोजना सञ्चालन गर्न तथा उनीहरूको भइरहेकै उद्यम तथा व्यवसायको स्तरोन्नति गर्नका लागि उनीहरूमा बैकिङ सेवा सुविधा प्रदान गर्न ग्राहक सदस्यहरूलाई धितो कर्जा प्रदान गरिने छ । धितोअन्तर्गत सदस्यहरूलाई लघुउद्यम कर्जा, वैदेशिक कर्जा, शैक्षिक कर्जा र घर निर्माण कर्जा प्रदान गरिने छ । लघुउद्यम कर्जा पहिलो रू. ३ लाखदेखि ५ लाख (महिला उद्यमीलाई ७ लाख), सम्म वा नेपाल राष्ट्र बैंकले समय समयमा तोके बमोजिम प्रदान गर्न सकिन्छ ।

धितो कर्जाहरूमा १५% (घट्दो) ब्याजदरको व्यवस्था गरिएको छ ।

**(ग) बीमा योजना :**

**(१) पशुधन सुरक्षण बीमा :** यस अन्तर्गत खरिद गरेको पशुको खरीद मूल्य र कर्जा रकममध्ये जुन कम छ, त्यसको ३% रकम सुरक्षण शुल्क बुझाई बीमा गराउन सकिनेछ । सुरक्षण गरिएको पशुको १ वर्ष भित्रमा मृत्यु भएमा ८०% क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

**(२) सदस्य संरक्षण तथा कल्याणकारी कोष :** यस अन्तर्गत ऋणी सदस्यले आफूले लिएको कर्जा रकमको ०.५ प्रतिशत शुल्क तिर्नुपर्नेछ । सुरक्षण अवधि भित्रै कर्जा सदस्यको मृत्यु भएमा बाँकी कर्जा (साँवा र ब्याज समेत) मिनाहा गरिनेछ साथै काजक्रिया वापत एकमुष्ठ रू. १५ हजार प्रदान गरिनेछ । श्रीमान् वा मूख्य अभिभावकको हकमा भने एकमुष्ठ रू. ७ हजार ५ सय उपलब्ध गराइनेछ । अन्य सुविधाहरू कार्यविधि बमोजिम हुनेछ ।

**(घ) विप्रेषण सेवा :** संस्थाले आफ्ना सदस्यहरूका लागि आइ. एम. ई., वेस्टर्न युनियन, प्रभु मनी ट्रान्सफर, हिमाल रेमिट र मेगा रेमिट जस्ता विप्रेषण प्रदायक कम्पनीसँग मिली विप्रेषण सेवा समेत सञ्चालन गरेको छ । यस अन्तर्गत स्वदेश तथा विदेशबाट सजिलोसँग पैसा पठाउन सकिनेछ ।

Advt

**मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.**
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

कर्पोरेट कार्यालय
बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१७४६/५६१७४७

सम्पर्क कार्यालय
ज्वागल, कुपण्डोल, ललितपुर
फोन नं. ०१ -५५५२७५७९/५५२८१३६


Panchakanya
Always Reliable
Panchakanya HDPE PIPES
Panchakanya PVC PIPES & FITTINGS
Panchakanya PP-R PIPES & FITTINGS
Panchakanya CPVC PIPING SYSTEM
Panchakanya uPVC PIPES & FITTINGS
Head Office: Panchakanya Bhawan, Krishna Galli, Lalitpur P.O.Box: 2743, Kathmandu, Nepal Tel: +977-1-5526551 Email: pkplast@panchakanya.com
Factory: Kotihawa, Bhairahawa, Nepal Tel.: 977-071-560371, 560368 www.panchakanya.com


बालकदेखि वृद्धसम्म सबै उमेर समूहका लागि
तपाईंले रोजेको साइकल पाइने स्थान
Neeraj N. Manandhar
Cell: 9841 233636
Dibya Harati Traders
Kamalachhi, Kathmandu, Nepal
Tel: 01-4849447


बैंकिङ्ग जगत्मा भिन्नै पहिचान एवं विश्वासिलो र भरपर्दो बैंक
आकर्षक
ब्याज र उच्च
प्रतिफलका लागि सधैं
सम्झनुहोस् ।
सिद्धार्थ
डेभलपमेण्ट बैंक लिमिटेड
प्रधान कार्यालयः तीनकुने, काठमाडौं । पो.ब.नं. २१०९९
फोनः ४४८८४८०,फ्याक्स:९७७-१-४४८८४७०
Email: info@sdbl.com.np Web: www.sdbl.com.np

# वाग्देवी सरस्वतीको निरन्तर सेवामा छु

**तपाईँको परिचय अग्निचक्रलाई दिनुहुन्छ कि ?**

- मान्छे उपाधि रहित-परिचय विहीन जन्मन्छ र पछि बढ्दै र पढ्दै जाँदा अनेक उपाधि-परिचयले पुरिँदै जान्छ । उसको सच्चा परिचय अस्पष्ट जस्तो हुन जान्छ । तथापि यी तर्कभन्दा माथि तानेर मैले आफ्नो परिचय यसरी दिन्छु म नेपाली भाषा भवानीको सामान्य सेवक हुँ । बाल्यकालमा घरैमा गुरूकुलीय शिक्षा आर्जन गरी संस्कृतको केही स्वाद लिन पाएको मैले पछि विद्यालयीय र विश्व विद्यालयीय शिक्षामा नेपाली र संस्कृत दुवै भाषाको पछि लाग्न रूचि लिएँ । पिताजी पं. हरिदत्त उपाध्यायको संस्कृत भाषा साहित्यप्रतिको लगाव र आमा मतीश्वरीदेवीको नेपाली कविता लयबद्ध गरि गाउने गलाबाट पनि प्रेरित भएर मैले नेपाली छन्दोबद्ध काव्य कविता लेखनमा हात चलाए हुँला । घरमा भएका लेखनाथ, देवकोटा, भीमनिधि आदिका कृतिहरूले मलाई खुराक दिए होलान् । आदिकवि भानुभक्त आचार्यको रामायणले त मलाई ठूलो उर्जा थपेहोला । संस्कृतका अमर ग्रन्थहरू मेरा आदर्श बने होलान् ।

मैले करीब चार दशक नेपाली भाषा साहित्य अध्यापन गरैं । बूढानीलकण्ठ स्कूलमा मात्रै करीब तीन दशक नेपाली वाङ्मयकै सेवामा पसिना बगाएँ । शिक्षक थिएँ-नेपाली पढाएँ । साहित्य तन्तुले तानेको चेतना थियो-नेपाली साहित्यमा कलम चलाएँ असङ्ख्य विद्यार्थीलाई कविता लेख्न सिकाएँ । अब अवकाशप्राप्त जीवनमा त्यो साहित्यप्रतिको निष्ठा अझ प्रगाढ बन्यो । थुप्रै पुस्तक लेखेँ । यिनै शिक्षा र पुस्तकहरूबाट मेरो परिचय देखिन्छ कि ?

**शिक्षण पेशाको अनुभव बताउदै हिजो, आज र भोलिको शिक्षाबारे के भन्नुहुन्छ ?**

- मैले २०३१ सालको फाल्गुन दङ्गेखि शिक्षण पेशा अँगालेको हुँ । उतिखेर विद्यालय भर्खर खुल्दै थिए । माष्टर भनेपछि आदर भावले हेरिन्थ्यो । दुर्गममा गएर पढाउने पनि उमङ्ग थियो । मैले पनि ४ वर्ष लेकमा गएर प्रधानाध्यापक भई शिक्षण गरेको हुँ । बूढानीलकण्ठमा आउनुभन्दा पहिले म ज्ञानोदय मा.वि. कालीमाटीमा थिएँ । बूढानीलकण्ठमा आएर लामोसमय सेवा गरैं । हेर्दाहेर्दै शिक्षकको सेवाभाव क्रमशः फेरिएको हो कि भने जस्तो देखिएको छ । अब सुविधाको खोजीमा शिक्षक वर्ग छन् । सुविधा हुनुपर्छ तर शिक्षण पेशा आदर्शमय पेशा हो । अरूलाई कर्तव्यपथमा लाग्न सिकाउने गुरू हो शिक्षक । ज्ञानको उद्भाषक आलोक हो गुरू । पश्चिममा सिकन्दरका गुरू अरस्तु, उनका गुरू प्लेटो, उनका गुरू सुकरात र उनका गुरू प्राडिक्स सबै महान् थिएँ । पूर्वमा शुकदेवका गुरू एवं पिता व्यासदेव, उनका गुरू एवं पिता पराशर, उनका गुरू एवं पिता शक्ति र उनका गुरू एवं पिता वसिष्ठ सबै महर्षि थिए- महान थिए । यस्ता महान् परम्परामा गुरू शिष्यको साइनो गाँसिएको छ । श्रीकृष्णले पनि गुरू थाप्नु भयो सान्दीपनि, श्रीरामले पनि गुरू थप्नुभयो वसिष्ठ र विश्वामित्र । हामीले यो आदर्श हेर्छौ । अहिले एउटै विद्यार्थीका धेरै शिक्षक जिम्मा दिएको धारे कुरा गरेर तर्कन सक्छ । के उसको खाँचोमा, रूचिमा छ त्यो बुझ्नमा शायद शिक्षकवर्गको गहिरो ध्यान गएको छैन । अष्टावक्र र पारिजात साथै हाकु पहलमान (कल्पित नाम) लाई एउटै कक्षामा राखियो भने सबैको चेतना गुट्मुटिन्छ ।

धर्मले जोड्छ, तोड्छ भन्ने गलत शिक्षा दिइँदैछ । समाजलाई राष्ट्रलाई वास्तविक धर्म शिक्षाको खाँचो छ । जेबाट हाम्रो इहलोक र परलोकको अभ्युदय हुन्छ त्यो मानवीय सञ्चेतना धर्म हो । सम्प्रदायलाई धर्मको परिचय बनाएर हामी बाँडिन मिल्दैन ।

गुणस्तरीय शिक्षाले बेरोजगारि हटाउँछ- आत्म प्रकाश भर्छ । त्यो जीविका, आत्मलाभ र सामाजिकदायित्वमुखी होस् । अभिभावकको भूमिका ठूलो छ । भविष्य वर्तमानबाट निर्देशित हुन्छ । पितामाता बाह्य चकाचौंधमा दौडिने र बालबालिकालाई सानैदेखि बालगृह र शिशु सदनमा राखिदिने गर्दा ती बालबालिकामा आफ्ना महान पूर्वजहरूको संस्कार सर्न पाएन । ती क्षुब्ध, अशान्त र निराश हुने वातावरण बन्यो । भविष्य त्यतातिर जाने हो भने राम्रो भएन । अतः अभिभावक र अन्य प्रबुद्ध वर्ग होसियार हुनुपर्छ । विद्यालय, महाविद्यालय,

## वरिष्ठ साहित्यकार चालिसेको संक्षिप्त चिनारी



| | | |
|---|---|---|
| जन्ममिति | - | २०११ साउन |
| जन्मस्थान | - | जैदी-३, रोहोटे, बाग्लुङ्ग |
| शिक्षा | - | एम्.ए नेपाली, साहित्यशास्त्री (संस्कृत) |
| व्यवसाय | - | अवकाशप्राप्त जीवनमा नेपाली वाङ्मयको सेवा |
| पिता/माता | - | श्रीहरिदत्त उपाध्याय, श्रीमती मतीश्वरीदेवी |
| पत्नी | - | मायादेवी शर्मा, साहित्यकार |
| **प्रकाशित कृति** | - | विभिन्न विधाका १४ वटा पुस्तक । |

**पदक पुरस्कारहरू-** रत्नश्रेष्ठ पुरस्कार–२०४०, गद्दी आरोहण रजत महोत्सव पुरस्कार –२०५३, वीरेन्द्र-ऐश्वर्य सेवा पदक –२०५८, वासुदेव भट्टराई स्मृति पुरस्कार–२०५९, भवदेव पन्त पुरस्कार–२०६०, कालीगण्डकी साहित्यकला पुरस्कार २०६९, स्याङ्जा प्रशंसापत्र २०६९, बूढानीलकण्ठ धर्मसेवा समाज सम्मानपत्र २०७१, बूढानीलकण्ठ स्कूल सम्मानपत्र २०७२, कालीगण्डकी साहित्य, चितवन महाकवि देवकोटा पुरस्कार २०७२, सांस्कृतिक सङ्घ, डिल्लीबजार, वैजयन्ती स्रष्टा सम्मान प्रमाणपत्र २०७२, वैजयन्ती साहित्यिक पत्रिका, बूढानीलकण्ठ पूर्वविद्यार्थी सङ्गठन(सेब्स) सम्मान २०७३, लेखनाथ काव्यपुरस्कार २०७३ त्रिमूर्ति निकेतन



विश्वविद्यालय प्रशस्त छन् । विश्वभर गएर पढ्ने सुविधा छ तर अभिभावक शिक्षक सबैले भविष्यका नागरिक आफ्ना नानीबाबुप्रति लापरवाही गरिदिनुभएन ।

**पुस्तक किन लेख्ने गर्नुहुन्छ ? तपाइँ त पत्रकार पनि ! साहित्य र पत्रकारिता बारे अनुभव बताई दिनुस् न ?**

- मैले पढाउन थाल्नुभन्दा पहिल्यैबाट पुस्तक लेख्न शुरू गरेको थिएँ । २०२७ सालमा एस.एल.सी. दिएर घरै बसेपछि मैले नलदमयन्ती (अप्रकाशित) महाकाव्य लेखेको थिएँ । अहिलेसम्म मैले तीन दर्जन जति पुस्तक लेखेको छु । दुइटा सहलेखनसित मिसाएर चौधवटा पुस्तक प्रकाशित छन् । एउटा निकट भविष्यमा प्रकाशित हुँदो छ । यी पुस्तकहरू मैले स्वान्तः सुखका लागि र सामाजिक सञ्चेतनाका लागि लेखेको हुँ । म आध्यात्मिक परिवारको उत्पादन हुँ । मेरो रगतमा जीवनको रहस्यमयता बुझ्ने जिज्ञासाका परमाणुहरू बगेका होलान् । मेरा कविता र गद्यमा परमसत्यलाई छुने र चमत्कृत हुने लोभ छिपेको हुन सक्छ । यथार्थ वा आदर्श, संयोग वा वियोग अतीत वा वर्तमान अनि प्रकृति वा मानवको वर्णन गर्दा कुनै अदृष्ट परम सत्ताको अनुभूतिले निर्देशित हुने गरेको पाठकलाई लाग्न सक्छ । त्यो स्वाभाविक हो । पाठक बाह्य चटकमटक, यौन वा आदर्श-स्खलनका चित्रणमा बढी पाइन्छन् तर तिनलाई पनि आफ्नो सीप, क्षमता र प्रतिभाले आफूतिर तानेर तदनुसार चर्या तिर डोऱ्याउन सक्नु लेखकको खुबी हो । म त्यता सचेत हुनुपर्छ भन्ने लाग्छ । मेरा रचना त्यतैपट्टि बगे भने म सन्तुष्ट हुन्छु ।

यसै सन्दर्भमा मैले पत्रकारिता पनि गर्ने मौका पाएँ । पहिले (२०४०-४२) साप्ताहिक पत्रिका विश्वदूतको कार्यकारी सम्पादक बनेँ । पछि बूढानीलकण्ठमा आएपछि स्कूलको मुखपत्र भञ्ज्याङको सम्पादक भएर धेरै वर्ष काम गरेँ । 'मिलन' भित्तेपत्रिका र प्लेट फर्म (नेपाली) को समेत सम्पादक भएर काम गरेँ । यी सबै पत्रिकाको सम्पादन गर्दा, सम्पादकीय लेख्दा मेरो एउटै मात्रै कुराको ध्यान रहयो- त्यो हो राष्ट्रभाषा नेपालीको रूप शुद्ध र उच्चस्तरीय कायम रहोस् । हामी आफ्नो भाषा सुन्दर रूपभित्र मननीय कुरा भर्न सकौँ । भविष्यका लागि त्यो देन होस् । सत्यले सुन्दरलाई शिवको बाटोमा डोऱ्याएको आफ्ना सन्ततिले देख्न पाऊन् । सही सूचना प्रवाह गर्ने उद्देश्य त छँदैछ ।

**तपाइँका प्रकाशित सबै पुस्तकले नेपाली समाजलाई दिने सन्देश के हो ?**

- मैले लेखेका अनेक पुस्तक मध्ये १४ (चौध) वटा पुस्तक प्रकाशित छन् । पहिलो पुस्तक 'मातृत्व यस्तो हुन्छ' देखि अन्तिम 'विश्वरूप' सम्मको संक्षिप्त परिचय यस प्रकार छ ।-

१) **मातृत्व यस्तो हुन्छ-** यो दश धारामा बगेको खण्डकाव्य हो । यो मेरो पहिलो प्रकाशित खण्डकाव्य हुनाले मलाई छापिएको यो काव्य शार्दूल विक्रीडित छन्दमा छ । यसमा दश धारामा मातृत्वका दश धाराको अनुमान स्वतः आउँछ । १२४ श्लोकमा आबद्ध यो कृति नारीमा स्वतः हुने मातृत्वको महिमागानले भरिएको छ । नारीमा बच्चा पाए पनि नपाए पनि मातृत्व हुन्छ । अतः आमा हुन् नारी यही आदर्श भावना यस काव्यमा छिपेको छ ।

२) **केही सन्तोष, केही आक्रोश-** यो दोस्रो प्रकाशित कृति हो । यो २०३६ सालमा प्रकाशित भएको हो । यो कविता सङ्ग्रह हो । यसमा छन्दोबद्ध र छन्दोहीन गद्य कविताका रूप छ । मैले भोगेका, सोचेका अनि देखेका विम्बहरू यहाँ छन् । शीर्षकले नै केही सन्तोष र केही व्यग्रताका भावना यहाँ छन् । यस सङ्ग्रहका लागि रत्न श्रेष्ठ पुरस्कार बाग्लुङ मलाई मिलेको हो । अतः यो मेरो पुरस्कृत कृतिको अग्रस्थानमा बस्छ ।

३) **साहित्य सौगात-** २०४७ सालमा प्रकाशित पाठ्यपुस्तक हो । यो सहलेखनको प्रस्तुति हो । यसमा तीनजना मध्ये म एकजना छु । विद्यार्थीको नेपाली सिकाइ सीपलाई अभिवृद्धि गर्न यो लेखिएको थियो । कक्षा ४, ५ मा यो धेरै वर्ष पढाइयो । हाल अप्राप्त छ ।

४) **हिमबाला-** यो खण्डकाव्य हो । यो वियोगिनी छन्दमा पूवार्ध र उत्तरार्ध गरी लेखिएको छ । नेपालबाट भुक्याएर विदेशमा लगी बेच्ने घटनामा यो काव्य आबद्ध छ । यसमा हिमबाला नाम गरेकी चेलीको दारूण दुःखान्त भएको मार्मिक कथा छ । सामाजिक विकृतिको रूपमा रहेको चेलीबेटी बेचबिखनको अन्त्य गरी सुन्दर र सभ्य समाजको कल्पना गर्नु यस काव्यको उद्देश्य हो । यो २०५४ सालमा छापिएको हो ।

५) **रामायण चम्पू-** मेरो आध्यात्मिक चेतनाको केही रूप यहाँ छ । मैले मिहिनेतपूर्वक गद्यपद्य मिश्रित (चम्पू) शैलीमा यो काव्य लेखें । रामायणको संस्कृत मूलालाई गहन अध्ययन गरी नेपालीमा यो कृति ल्याइएको छ । कथालाई गद्यले र कतिपय भावाभिव्यक्ति र औषदेशिक चर्चालाई श्लोकहरूले समेटी यो अघि बढेको छ । २०५८ सालमा प्रकाशित यो कृतिले ठूलो सम्मान पाएको छ । तत्कालै दुइवटा राष्ट्रिय पुरस्कारले यसलाई पुरस्कृत गरे । मलाई यसबाट सन्तोष मिलेको छ । श्रीराम सीताको गुणानुवादमा मैले मसी खर्च गरेकोमा म खुसी छु ।

६) **पावनपथ-** यो महाकाव्य हो । १० सर्गात्मक यो महाकाव्य गद्यशैलीमा छ । गद्यकविताको यो मेरो प्रयोग जस्तै भयो । ग्रामीण परिवेश र नगर परिवेशका प्रतीक वशिष्ठ र विश्वामित्र हुन् । शुरूमा तिनको द्वन्द्व हुन्छ । अन्त्यमा वशिष्ठको क्षमाशीलताका अघि विश्वमित्र नतमस्तक हुन्छन् । पौराणिक कहानी बोकेको यस काव्यको उद्देश्य ग्राम र नगर सभ्यताको मिलन गराउनु नै हो ।

७) **सुमन सौगात-** यो पनि २०५८ सालमा प्रकाशित कविता सङ्ग्रह हो । यसमा केवल वार्णिक शास्त्रीय छन्दका कविताहरूको सँगालो छ । यो मेरा समय समयमा आध्यात्मिक नैतिक विचारहरूको उद्वेलन हो । यसैमा महाभारत सार लघुकाव्य समेत उपनिबद्ध छ ।

८) **भूमिसूक्त पर्यालोचन-** २०५९ सालमा प्रकाशित समालोचना ग्रन्थ हो यो । मदनमणि दीक्षितको भूमिसूक्त उपन्यासको विवेचना यसमा छ । वैदिक पात्रपात्री भएको उक्त उपन्यासको विशद अध्ययन गर्दा वेदहरूको केही अध्ययन गर्ने मौका आयो । मेरो समालोचनाको एउटै पुस्तक हो यो । उक्त उपन्यासको निहुमा वैदिक चिन्तन यसको मूल हो ।

९) **वेणीसंहार (नाटक)-** यो संस्कृत नाटक 'वेणीसंहार' को नेपाली भावानुवाद हो । २०६० सालमा प्रकाशित यो नाटक छन्दको छन्दैमा र गद्यको गद्यमै अनूदित छ । सत्यको जीत हुन्छ भन्ने सन्देश बोकेको वेणीसंहारले द्रौपदीको चुल्ठो तान्ने दुःशासनहरूको पतन देखाएको छ ।

# स्रष्टा चालिसेका कृतिका झलक



श्रीकृष्णको महानायकत्वमा पाण्डवहरूलाई नायक बनाएको यो कृतिमा मौलिकता भर्न मैले अथक प्रयास गरेको छु ।

**१०) महाभारत चम्पू-** सर्वाधिक वृहद् आकारको यो ग्रन्थ २०६२ सालमा प्रकाशित छ । मलाई यो ग्रन्थ लेख्न एक वर्ष लागेको थियो । म आफ्नो लेखनको अझसम्मको अनुभूतिमा सबभन्दा सन्तुष्ट यही ग्रन्थबाट भएको छु । आफ्नो जीवनका उकाली ओरालीमा यात्रा गर्दा हामी बिसाउने चौतारी चाहिन्छ आध्यात्मिकताको । महाभारतले त्यो आध्यात्मिकता त दिन्छ दिन्छ अपितु यसले व्यावहारिकता र इहलौकिक जीवनका लागि चाहिने बाटाखर्च समेत दिन्छ । मैले महाभारतका अठार पर्वलाई यथावत् राखेर अध्याय र अरू पर्व हटाई यस चम्पूमा १४४ सर्ग-सर्ग निर्माण गरेको छु । उपक्रम र उपसंहारलाई अलग राखेको छु यद्यपि तिनमा पनि महाभारत कै उठान र बैठान छ । भगवद्गीताका १८ अध्यायलाई यथावत् राखी श्लोकको भावार्थलाई समेटी ७०० श्लोकबाट ४०० चानचुन श्लोकमा ल्याएको छु । अनेक छन्दहरू पद्यमा छन् । गद्यभाषामा नेपाली गाउँले शब्द र बिम्बलाई ठाउँ दिएको छु । यो कृति पुरस्कृत भएको छ । शाश्वत चिन्तनमा लाग्नु नै महाभारत चम्पूको सन्देश हो ।

**११) अमृत कलश-** २०६४ सालमा प्रकाशित कविता सँगालो हो । मैले वेदहरूको अध्ययन गर्दा अनेकानेक सूक्तिहरू टिपेको थिएँ । तिनमा हाम्रो जीवनका लागि असङ्ख्य अमृतोपदेश छन् । तिनै सूक्तिहरूको पद्यमय व्याख्या गरेको पुस्तक हो अमृत कलश । उपजाति छन्दमा उनिएका यसका श्लोकहरूले उही समग्र विराट चेतनालाई सङ्केत गर्दछन् । म यिनमा केही बढी नै आध्यात्मिक देखिन्छु ।

**१२) नीतिका कुरा-** यो सहलेखनको उपज हो । अरू १० जना साहित्य महारथी सित मिलेर लेखिएको यस कृतिमा मेरा १०० श्लोक नीतिका आधारमा छन् । नैतिक सन्देश दिन्छन् । दृष्टान्त अलङ्कार सर्वत्र छ । यो २०६७ सालमा शब्दार्थ प्रकाशनबाट प्रकाशित छ । आदर्शमय जीवन जिउने यी तरिका लेखेर पनि म सन्तुष्ट छु ।

**१३) अपराजिता -** यो २०७१ सालमा प्रकाशित महाकाव्य हो । यस महाकाव्यमा ११ सर्ग छन् । १००० भन्दा बढी श्लोक छन् । यस महाकाव्यको उपजीव्य ग्रन्थ दुर्गासप्तशतीको तृतीय चरित्र हो । महासरस्वती रूपिणी भगवती दुर्गाको अपराजेय शक्तिभत्राको वर्णन छ यसमा । यो विभिन्न छन्दमा उनिएको छ । आदर्श समाजका लागि चण्डमुण्ड, शुम्भ निशुम्भ जस्ता चरित्रको उन्मूलन हुनुपर्छ भन्ने सन्देश यसले दिन्छ साथै आध्यात्मिक शक्तिलाई भौतिक शक्तिले चुनौती दिँदा आफै पछारिन्छ भन्ने पनि यसमा सन्देश छ ।

**१४) विश्वरूप-** यो २०७२ सालमा प्रकाशित अर्को महाकाव्य हो । यो पनि पौराणिक कथामा उपनिबद्ध छ । यसमा त्वष्टा प्रजापतिको छोरा विश्वरूपको चरित्र चित्रित छ । ऊ वर्तमान विश्वको रूपमा छ । १९ सर्गमा उनिएको यो महाकाव्यमा अनेक शास्त्रीय छन्दहरू छन् । यी छन्दहरूमा विश्वरूप कहिले देवताको अनुकूल जस्तै भएर र कहिले प्रतिकूल जस्तै भएर बाँचेको छ । वर्तमानको मानिस त्यस्तै छ । विश्वरूपलाई शङ्काको घेरामा राखेर इन्द्रले मारे । तर देवता त्वष्टाले नै नमार भने । इन्द्रको आसनले उनलाई कठोर बनायो । अस्तित्व रक्षा र आदर्श रक्षाको द्वन्द्वमा यो महाकाव्य छ । यस महाकाव्यले संसार रागद्वेष, द्वन्द्वाभिघात आदिले व्याप्त छ र यिनबाट माथि उठ्नुपर्छ भन्ने उदात्त भाव राख्छ ।

**जीवनबाट पाएको शिक्षा के हो र फर्केर हेर्दा जीवन कस्तो लाग्छ ?**

- मैले ज्येष्ठ नागरीक हुने सौभाग्य पाइसकेको छु । मेरो विवाह गरेको ३५ वर्ष पुगेर ३६ वर्ष चल्दैछ । मैले मेरो अनुकूलकी सहधर्मिणी पत्नी पाएको छु । एकपुत्र र दुई पुत्री उनले मलाई दिएकी छन् । सबभन्दा ठूलो कुरा मेरो साहित्य यात्रामा मलाई सार्थक मद्दत गर्ने मेरी धर्मपत्नी मायादेवी शर्मा छन् । मैले मेरा अधिकांश काव्यलेखन र प्रकाशनमा उनको साथ र समर्थन पाएको छु । महाभारत चम्पूदेखि यताका ग्रन्थलाई कोठैमा उनैले टङ्कण गरी छाप्न तयार गरिदिएकी हुन् । अरू थुप्रै मेरा अप्रकाशित कृति उनको हातबाट टङ्कित भइसकेर प्रकाशनको पखाईमा छन् । मेरा आध्यात्मिक धार्मिक जीवनकी अनन्य अनुकूल गृहिणी मायादेवीको आडमा नै मैले यत्रो पेसा धानेँ । शिक्षण धर्म पूरा गरेँ । साहित्य सेवा गर्ने अवसर पाएँ । अतः मैले भोगेको जीवनको शिक्षा के हो भने पारिवारिक सौमनस्य बेगर मानिसको एकल साधना अपूरो हुन्छ । आफै ऊर्मिला उपन्यासकी लेखिका साहित्यकार मायादेवी शर्मा र म साहित्य सम्बन्धी धेरै विषयमा छलफल गरेका हुन्छौं । खास गरेर रचनामा नेपालीपन ल्याउन उनको सल्लाहले मलाई मद्दत गरेको छ । यथार्थमा ओर्लन उनको हात समातेको छु कतिपटक मैले । अब मैले सगौरव भन्नैपर्छ मैले मेरो विगतलाई हेर्दा दुई भाग हुन्छ जीवनको एक भाग विवाहपूर्वको दोस्रो भाग विवाहोत्तर कालको । पहिलो काल पितामाता र अन्य पारिवारिक स्वजन सितको उत्तरदायित्वविहीन लहडी काल थियो । तिनै कालमा मेरा कविताहरू स्वच्छन्दशैलीमा बग्थे । दोस्रो काल विवाहोत्तर हो । यसमा केही जिम्मेवारी थपियो । पारिवारिक र पेशागत उत्तरदायित्वले मेरो लेखन धर्मितालाई पनि त्यस्तै बनाएहोला । परिष्कारको पथमा क्रमशः सर्केको अनुभव हुन्छ । जीवन र जगत् बुझ्ने शोचमा पनि परिष्कार थपिएको हुन सक्छ । अहिले मेरो जीवनलाई फर्केर हेर्दा म एक सफल व्यक्ति हुँ भनी भन्दा हुन्छ । परमेश्वरले मलाई उच्च शिक्षामा सफल हुँदै गएका गुनी सन्तान दिएका छन् । परमेश्वरको आशीर्वादको अनुभव गर्छु म । यदाकदा त्यस्तो हुन्छ । यो आशीर्वाद म अनि मेरो परिवारप्रति बर्सिरहोस् । मैले वाग्देवी सरस्वतीको सेवा गर्न पाइरहूँ ।

अन्त्यमा, आफ्नो पत्रिकामा प्रकाशित गर्न भनी मलाई केही प्रश्न सोध्नुभयो र मैले उत्तर दिने अवसर पाएँ । म तपाईं र तपाईंको 'अग्निचक्र' पत्रिका परिवारलाई धेरै धेरै धन्यवाद दिन्छु । ००



 ■ वसन्तकुमार शर्म्मा नेपाल

# ईशावास्योपनिषत् – १९

*ॐ पूर्णमदः शान्तिः ! शान्तिः !*

*ईशावास्यमिदं सर्वं यत्किञ्चजगत्यां जगत् ।*

*तेन त्यक्तेन भुञ्जीथामा गृधःकस्यस्विध्दनम् ।१।*

यस जगत् (विश्व-ब्रह्माण्ड) मा जे जति पनि देख्न भोग्नमा आइपर्ने स्थावर-जङ्गमरूपका विनाशशील चीजहरू छन् । यी (यो, त्यो) सबै नै परं-पिता परमेश्वरको बासो (वासस्थान) हो । यसर्थ तिनले (तिनै परमेश्वरले) तिमी-हामीलाई सुम्पिदिएकाले तिमी पनि आफ्नै मात्र नठानी भोग ! (भोग गर !) अरू कसैको धन पनि नलेऊ ! अर्थात् यो समस्त प्रपञ्चमय संसार परमेश्वरको हो, परमेश्वरबाट नै व्याप्त, रक्षित वा वालित भएकाले तिमीहाम्रो जिम्मामा नासोरूपमा तिनै परमात्माले तिमीलाई पनि अस्थायी रूपमा प्रयोग गर्न दिइएका चीजलाई विषय-प्रपञ्च ठानेर भोग ! अर्काको चीजमा ममता वा अहन्ता नराख ! चुरो कुरो के हो त भने नासो चीजउपर ममता राख्नु हुन्न, सदुपयोगसम्म तिम्रो हक हो, त्यो नासोदातालाई बरू चिनेर ठीकसँग प्रयोग गर !

*कुर्वन्नेवेह कर्माणि जिजीविषेष्छतं समाः ।*

*एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे ।२।*

यस लोकमा कर्म गरी गरी नै शतायुष्य पार गर्ने इच्छा (जिजीविषा) राख्नै पर्छ । यस्तो जिजीविषाबाहेक अर्को कुरो (इच्छा वा शक्ति) नै मनुष्यमा छैन । यसो गरेमा मात्र (यसो गर्न सक्ने मानिसलाई मात्रै) अशुभ कर्महरूले बोर्न पाउँदैनन् । अर्थात् लोकोपकारी कर्महरू गरी मानवीय आयु समाप्त गरिदिन्छु भनेर निरन्तर लागिरहने जिजीविषावाला मनुष्य मात्रै विषय-प्रपंञ्चको हिलोले लतपतिंदैन । हे मानिस ! तिम्रो सुन्दर भविष्यका लागि त यही एउटामात्र सुपथ बाँकी छ । त्यस्तो परमकल्याणमय पदप्राप्तिको बाधक देहाभिमानतिर चाहिं लाग्दै नलाग । देहाभिमानी कर्म लाखौं लाखले पनि स्वर्गभन्दा माथि पुग्नै दिंदैन, स्वर्गप्राप्तिको पल्लो सीमा त शरीरा-भिमानीकर्म हो, परमार्थप्राप्तिको कर्म होइन । खास कुरा के भने नैमित्तिक कर्मको प्राप्ति (फल) शतायुष्यभर भोगिने हो भने, त्यसको सार जति पनि फलप्राप्ति (स्वर्ग) भर हो । परन्तु फलाशाविनाका शुभकर्महरू श्रेयमार्गका अरनी हुन्, जिजीविषा परमात्मप्राप्तिको पवित्र मार्ग हो, फलाशारहित शुभकर्महरूका सार निःश्रेयस्को पुनीततम मूलबाटो हो, त्यो बाटो सीधै गएर अपवर्गको आनन्दकाननमा पुगेर टुङ्गिन्छ ।२।

*असुर्या नाम ते लोका अन्धेन तमसा वृताः ।*

*तांस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनो जनाः ।३।*

*अनेजदेकं मनसो जवीयो नैनद्देवा आप्नुवन् पूर्वमर्षत् ।*

*तद्धावतोऽन्यानत्येति तिष्ठत्तस्मिन्नपो मातरिश्वा दधाति ।४।*

असुरहरूको आश्रय र प्रसिद्ध अन्धो अज्ञानद्वारा ढपक्क ढाकेको जो जो मानिस छन्, जो जो आत्महन्ता मानिसहरू छन्, त्यस्ता सबै मरेर त्यस्तै त्यस्तै अर्थात् अज्ञानावृत र आत्मघाती लोक (नरक) मै पुग्छन् । ज्यादै कष्टभोगी योनिमा जन्मन पुग्दछन् । यस्तो अत्यन्त स्पष्ट आत्मा (आत्मस्वरूप) लाई सँग-सँगै आइरहेका देख्दादेख्दै (जान्दा जान्दै) पनि आँधो बनेर 'यो शरीर नै म हुँ, मेरो भन्नु नै यही हो' र 'आत्मा भनिने चीज नै छैन, जे छु मै छु' भन्ने आत्मघाती हो, त्यस्तो व्यक्ति शूकर, कुकुर, गधा जस्ता योनिमा वा अनि यातनामय नरकमा पुगेर हुनसम्म कष्ट भोग्दछन् । अनि त्यो अपवर्गरूप ब्रह्म त अद्वितीय पनि अचल पनि अति वेगी पनि छ र अग्रगामी त्यसलाई टपेर कोही-केही पनि ऊभन्दा पर पुग्न सक्तैन, त्यो त अतिशीघ्रगामीहरू सबलाई उछिनेर एकदम परतिर पुगिरहन्छ र त्यसै कारण नै वायु र जलसमेत चेष्टा गर्न थाल्दछन् अर्थात् संसारका भएभरका दृश्यादृश्य तत्त्वमति भन्दा छिट्टो दूरी पार गर्ने मनवाला सबलाई उछिनेर आत्मरूप बन्दै, सार्वत्रिक रूप लिंदै जुन आज्जुमा (तुरीयातीत लोकमा) धापिँदै सर्वप्रथमको झण्डा बोकेर पुग्दछ, त्यस बेला पनि त्यस थलामा त्यो ब्रह्म पहिले नै स्थिर बनेर पलेंटी कसिसकेको पो भेटिन्छ त ! वस्तुतः प्राणवायुलाई छातीमा राखेर चलेको आत्मा वा ब्रह्म व्यापक छ र त्यो नभए त संसारको वास्तविक सत्व र अस्तित्व नै कायम रहँदैन ।३, ४।

*तदेजति तन्नैजति तद्दूरे तद्वदन्तिके ।*

*तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य बाह्यतः ।५।*

*यस्तु सवार्णि भूतान्यात्मन्येवाऽनुपश्यति ।*

*सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते ।६ ।*

त्यो ब्रह्म चल्छ पनि चल्दैन पनि, ज्यादै टाढा छ र ज्यादै नजिक नै पनि छ, अनि त्यो भित्र-अति भित्र अन्तःस्करणमा पनि छ र कताकता बाहिर पनि छ । अर्थात् त्यो तत्त्व (ब्रह्म) जङ्गममा पनि स्थावरमा पनि छ-ज्ञानीजनका निमित्त आत्मस्वरूप भएकाले साथै रहने भैगो भने अज्ञानीजनका निमित्त जन्मजन्मान्तरसम्म पनि नभेटिने हुँदा अत्यन्त टाढा पर्दछ अर्थात् त्यो अन्तर्यामी पनि हो, भित्र प्रकाशित भइदिन्छ र सर्वव्यापक पनि हो, त्यसैले बाहिर पनि प्रकट भइरहन्छ । त्यो त समस्त भूत्तजगत्लाई नै आत्मस्वरूपमा हेर्दछ अनि सम्पूर्ण प्राणीउपर तेरो वा मेरो नगरी आफैं नै मानेर हेर्दछ । ब्रह्मतत्त्व नै त्यस्तै छ भने त ब्रह्मतत्त्वज्ञाता (ब्रह्मज्ञ) व्यक्ति आत्मतत्त्वकै नै व्यापकता देखिहाल्छ र संशयरहित बनेर निरवच्छिन्नरूपले त्यहीं अत्यन्त विशुध्द आत्मालाई नै देखिरहन्छ, ऊ सँगसँगै हुन्छ । अभिन्नरूप भएकैले व्यापक रहेको हो । जसलाई आफू र अर्को अथवा म र ऊ भन्ने फरक भाव नै जसमा रहन्न, उसलाई माया र घृणाले पनि छुनै सक्तैन । ऊ सर्वत्र विशुद्ध आत्मामात्र देख्दछ नि भित्र बाहिरै, जहाँ पनि ! ।५, ६।

*यस्मिन्सर्वाणि भूतानि आत्मैवाभूद्विजानतः ।*

*तत्र को मोहःकःशोक एकत्वमनुपश्यतः ।७।*

त्यस्तो विशुद्ध आत्मामात्र जताततै देख्ने आत्मज्ञानीको निम्ति ब्रह्मदेखि स्थावर समग्र चीज नै आत्मस्वरूप भइहाल्छ, मभन्दा पर अथवा बाहिर केही पनि छैन, र 'छ' भनिन्छ भने त्यहीभित्र समेत म पनि छु र हुन्छु भन्ने अनुभव गर्छ, अनि त्यस्तो एकात्मदर्शी ज्ञानीलाई अविद्याको फल पर्दा वा छेकाबाट हुने द्वैतविचारै (मोह नै) कहाँबाट आइपुग्नु ? अनि दुःखरूपी वृक्षको बीजरूप शोक वा विक्षेप कहाँबाट हुनु र ? अनि त के ? त्यो आत्मज्ञानी जीवन्मुक्त स्थितिमा पुगेर शान्त मौन बसिदिन्छ ।७।

*स पर्यगाच्छुक्रमकायमब्रणमं, अस्नाविरं शुद्धमपापविद्धम् ! कविर्मनीषी परिभूः स्वयम्भू- र्याथातथ्यतोर्थाऽन्यदधाच्छाश्वतीभ्यःसमाभ्यः ।८।*

परितो गमनसमर्थः सर्वव्यापी (पर्यगात्) स्वतःप्रकाशशीलः (शुक्रम्) लिङ्गरूप जीउ नभएको, अदेही (अकायम्) दोष-खोट-दाग-खत आदि नभएको (अब्रणम्) नसा, सफा नभएको (अस्नाविरम्) अतिशय चोखो

(शुद्धम्) पापले बिटुल्याउनै नसकिने (अपापविद्धम्) भूत-भविष्यत्-वर्तमान्लाई जानेबुझेको (कविः) मनलाई ठीकसँग चलाउने (मनीषी) सर्वश्रेष्ठ सामर्थ्यधारी (परिभूः) स्वयम्प्रकाशी (स्वयम्भूः) त्यो त्यही परमात्मा यथायोग्यभावले (याथा-तथ्यतः) नित्य निरन्तर नै (शाश्वतीभ्यः) सम्वत्सर नामका प्रजापतिहरूलाई (समाभ्यः प्रजापतिभ्यः) अर्थादि समस्त ऐश्वर्य शक्तिहरू बाँडिदिए अर्थात् व्यदघात् र त्यस्ता परमात्मा नै नित्यसम्बत्सर नामका प्रजापतिहरूलाई कार्यकारण आदि स्वरूपले समस्त पदार्थ नै कर्मफल दिनदिलाउन तिनै नित्य विशेषणाधारी सम्वत्सरहरूलाई सक्रिय तुल्याई यथायोग्य रूपले जिम्मा लगाइदिन्छन्, आफू निस्पृह दर्शक बनिरहन्छन् ।८।

*अन्धतमःप्रविशन्ति येऽविद्यामुपासते ।*
*ततो भूय इव तमोःय उ विद्यायां रताः ।९।*
*अन्यदेवाहु र्विद्ययाऽन्यदाहुरविद्यया ।*
*इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ।१०।*

जो जो अविद्याले (गर्दा कर्ममात्रलाई) उपासना गर्दछन्, ती अन्धकार खाडलमा त जाकिन्छन् नै हो र जो जो विद्याले (गर्दा देवोपासनामात्रलाई) उपासना गर्दछन्, ती चाहिँ त झनै महान्धकार धापमा नै भासिन्छन् । अर्थात् विद्याले एक थरी (शुभकारी) फल दिन्छ भने अविद्याले अर्कै थरी (अशुभकारी) फल दिन्छ । यसमा त फरकै परेन, तर के कति फरक हुन्छ त भने अविद्यावाला व्यक्ति स्वर्गफलप्राप्ति हुन्छ भनेर अग्निहोम आदि कर्म गर्छ र सोही अनुसार फल (पुण्य छउञ्जेल मात्र टिक्न पाइने स्वर्ग-फल) पाउँछ । तर त्यही स्वर्गफल पनि मुक्तिका लेखा अशुभफलै हो । अर्कातिर विद्यावान् (बुझक्कड भएर पनि) फलदान वा फलका कारण मानेर देवोपासना गर्दछ भने त उसले अग्निहोत्रादि कर्म त्यागेर देवोपासना गरेकाले जानी जानी कर्म (अत्याज्य कार्य) त्यागेको प्रत्यवायसमेत देवोपासनाको फल (एक थरी अत्याज्यलाई त्यागेको र देवोपासनाको अशुभकारी फलसमेत डबल दण्डमा ऊ पर्दछ, महान्धकार त्यही भो ।

अर्को कुरा, उपरिउक्त कुरामा सम्माननीय ज्ञानीजनको कथनको प्रमाण के छ त भने पूर्वोक्त दुवै उपासनाका फल भिन्नै भिन्नै हुन् अर्थात् देवोपासनाले देवलोक र कर्मोपासनाले पितृलोक प्राप्त हुन्छ । यी कथन सुन्ने हामी नै हौं । भने अपवर्गप्राप्तिका लेखा यी दुवै अशुभकारी फल हुन् र यी दुवैबाट जन्मनु मर्नु चाहिँ परिरहन्छ, मुक्तिमोचन हुने कुरै भएन ।९-१०।

*विद्यां चाविद्यां च यस्तद्वेदोभयं सह ।*
*अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते ।११।*
*अन्धं तमःप्रविशन्ति येऽसम्भूतिमुपासते ।*
*ततो भूय इव ते तमो य उ सम्भूत्यां रताः ।१२।*

विद्या र अविद्या देवोपासना र कर्मोपासना दुवैलाई राम्ररी बुझेर यथावसर यथाक्रम जो व्यक्ति प्रयोग गर्छ, दुवै कुरा मुक्तिपथका सामल हुन् भनेर ठीकसँग प्रयोग (उपासना) गर्छ, त्यो व्यक्ति अग्निहोत्रादि कर्महरूका अनुष्ठानद्वारा आत्मविस्मरणरूप स्वाभाविक अज्ञान अथवा ऐश्वर्यहीनता आदि दुःखसमूहबाट पार भई देवोपासनाद्वारा अमृतत्त्व भेट्टाउँछ । अर्थात् देवताहरू मनुष्यको भन्दा लम्बा आयुवाला हुने भएकाले ज्ञानी मनुष्य दुवै थरी कर्म गर्दै देवसरी आयु लिएर निरन्तरको उपासनाले तिनै देवतासमेतलाई टपेर अमृतत्त्व भेट्टाउँछ अथवा संक्षिप्ततया के भनेर बुझ्नु पर्छ त भने अविद्यामय कर्म वा उपासना गरी गरी मृत्यु अथवा स्वरूपलाई विस्मरणद्वारा चित्तमलस्वरूप अस्थिरता हटाई शुध्दचित्त रहेको आत्मज्ञानले मात्र मोक्ष मिल्दछ ।

जुन व्यक्ति आत्मतत्त्व जान्दैन, बुझ्न सक्तैन र सांसारिक विषयवस्तुमा पनि अधिकाश्रित हुँदैन भने त्यस्ता व्यक्तिका निमित्तमात्र उपासनालाई र तिनका फलहरू बताएर तिनको निन्दा गरेका हुन् बुझक्कड ज्ञानी र श्रुतिहरूले पनि । खास मन्तव्य त के हो त भने अरू थोक जे जे सुकै गरे पनि ती सबै संसार चक्कर मार्ने कारण मात्र हुन् अर्थात् कारणरूप मात्र बनेको प्रकृतिका मायाहरूमा जुनसुकैको उपासना गर्छौं तापनि तिमीले उपासना गरेको सांसारिक जुनसुकै वस्तु अन्धकारस्वरूप परिणामवाला भएकोले झन झनै गाढान्धकारमा भास्सिँदै जाने मात्र हौ । श्रुतिको भनाइ पनि त छ नि !-'जो जुन भावले जसको उपासना गर्छ, त्यो त्यही भावले त्यस्तै बन्न पुग्छ अन्तमा '-जस्तो कुमालकोटीले आफ्नो त्रासमा पारेर बिचेत हुन थाल्दाको माकुरो वा साङ्गलोलाई अरू कुनै वाधाव्यवधानले नछुने गुँडभित्र (संसारभित्रैको अर्को नवनिर्मित संसारभित्र) थुनिदिएर छाडिदिन्छ र समयचक्रको फेरो मारेपछि, अवधि पूरा भएपछि हाम्रै अगाडि थुनिएको साङ्लो वा माकुरो कुमालकोटी बनेर गुँडको बन्दद्वार फोरेर फटफटाउँदै उडेर अर्कै संसारमा चक्कर मार्न जान्छः यसरी विवेचना गर्न सक्नुपर्छ ।

प्राकृतिक माया अपार छ, त्यसमा कर्मानुसारी फल अवश्य मिलिहाल्छ । राम्रा भन्दा राम्रा फलले झनै राम्रा काम गर्ने प्रेरणा मिल्दै रहन्छ । अज्ञानान्धकार भनेको यो पनि एक हो र संसारबन्धन नै हो । आत्मतत्त्व भेट्टाउन नसके झनझनै घोर रूपको संसारसागरको भेलमा बग्न पुग्दछ त्यो मान्छे ।११, १२।

*अन्यदेवाहुःसम्भवादन्यदाहुरसम्भवात् ।*
*इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ।१३।*
*संभूतिं च विनाशं च यस्तद्वेदोभयं सह ।*
*विनाशेन मृत्युं तीर्त्वा सम्भूत्याऽमृतमश्नुते ।१४।*

सम्भव अर्थात् कार्यब्रह्मको उपासना गरेमा अर्कै (एकथरी) फल मिल्छ भने असम्भव अर्थात् प्रकृतिको उपासना गरेमा अर्कै थरी फल मिल्छ भन्छन् पण्डितहरू । र ती दुवै थरीको उपासनाको खास खास अर्थ (फल) पनि हामीले विद्वान्हरूबाटै सुनेका छौं, ती उपदेश र तिनका तत्त्व पनि सुनेकै छौं । साथै सम्भूति अर्थात् कारणभूत प्रकृतिलाई पनि विनाश अर्थात् हिरण्यगर्भ नामको कार्य पनि सँगसँगै उपासना गर्दाका सबै फल वेद बताइरहेकै छ । सगुणब्रह्म (हिरण्यगर्भ) को फल सांसारिक दुःख ( मृत्यु) भोगेर (पार गरेर) निर्गुणब्रह्म (अव्याकृत कारणरूप प्रकृति) को उपासनाद्वारा अमृततत्त्व पाउँछ ।१३, १४।

*हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् ।*
*तत्त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये ।१५।*
*पूषन्नेकर्षे यम सूर्य प्राजापत्यव्यूह रश्मीन्समूह ।*
*तेजो यत्ते रूपं कल्याणतमं तत्ते पश्यामि योऽसावसौ पुरुषःसोऽहमस्मि ।१६।*

त्यसरी अमृतत्त्व पाउन योग्य व्यक्ति मुक्तिपदको ढोका अगाडि पुगेर त्यस्ता परमात्मालाई भेट्टाउन आइपुग्ने महात्माका निमित्त मात्र खुल्ने र बन्द भइराखेको द्वार देखेर द्वारपालसँग अनुरोध गर्दछ -'हे जगत्पोषक सूर्यदेव ! तपाइँको सुनौला चमकवाला सत्यरूप खापाले ब्रह्म (लोक) को द्वार बन्द रहेछ । म सत्यरूप ब्रह्मकै उपासकलाई, सत्यस्वरूप तपाइँकै दर्शनलाई त्यो खापा खुलाइदिनोस् ! हे सर्वनियन्ता (यमदेव), हे सर्वरसज्ञ, हे प्रजापतिपुत्र, आफ्ना किरणहरूका समूहलाई खिच्नोस् !

अनि साक्षात्कार गर्न सक्तछु ! म यो अनुरोध सेवकरूपले हैन, तपाइँकै स्वरूप हुँ नि म त । म त परब्रह्म हुँ, तपाइँ ब्रह्म हुनुहुन्छ । तपाइँ र ममा एकत्व छ, अभिन्नता छ । सर्वत्र पूर्ण हुने हुनाले पुरुष भनिइने र समस्त यस सूर्यमण्डलभर शरीर र इन्द्रिय अदिको साछी त मै हुँ ! कार्यकारणरूप समस्त वस्तुजगत्मा पूर्ण र पवित्र नै मै हुँ । तपाइँलाई त थाहै छ नि ! सर्वात्मा सर्वव्यापक ब्रह्म नै सत्य हो र त्यसैलाई भेट्टाएपछि जो सुकै पनि जन्ममरणरूप बन्धनबाट मुक्त हुन्छ, शास्त्रहरू यसै भनिरहेछन् । १५-१६।

*वायुरनिलममृतमथेदं भस्मान्तं शरीरम् ।*

*ॐ क्रतो स्मर, कृतं स्मर ! क्रतो स्मर, कृतं स्मर ! ।१७।*

परब्रह्म सनातन तत्त्वसँग भेटिन भेटिन लागेको मेरो हे देव ! अब वायु (प्राणहरू) अनिल अर्थात् आफ्नै प्रकृति अमृत अर्थात् सूत्ररूप आत्मामा (सूत्रात्माका रूपमा पुगोस् (पुगून्, लवलीन बनून ! किन त भने अहिलेसम्म प्राण अपान आदि नामले छुट्टिएर आ-आफ्ना काम गर्दैथे, अब मबाट पर भएपछि एकात्म रूपका बनून ! अभिन्नता मिलोस् ! यो शरीर पनि भस्मावशेष भइहालोस् ! हे क्रतो (हे मन !) संझिहाल ! के भने मेरो इष्ट त ब्रह्म मात्र हो, तसर्थ ब्रह्मैलाई संझ ! अनि आफूबाट गरिएको जति वा मेरो र मलाई आफैं मानेर गरिए जतिलाई सम्झना गरून्, गर ! ।१७।

*अग्ने नय सुपथाराये अस्मान् विश्वानि देव वयुनानि विद्वान्*

*युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नमउक्तिं विधेम ।१८।*

हे अग्निदेव ! मलाई धन अर्थात् ब्रह्मलीनार्थ नित्यनिरन्तर जानु र आउनु गरिरहनु पर्ने कुपथ अर्थात् दक्षिणीपथ (दक्षिणयन) बाट होइन, सुपथा मोक्षपदप्राप्त हुने सुपथ उत्तरीयपथ (उत्तरायण) बाट लैजाऊ ! हे देव ! त्यही हिरण्मयस्वरूप कर्म र ज्ञानहरूका ज्ञाता हे ! व्यवहार चलाउन मात्र आचरण गरिएको वञ्चनस्वरूप पाप (एनः) जति मबाट छुट्टयाइदेऊ ! अनि म विशुद्ध बनेर मुक्तियोग्य बन्न सकूँ ! यस बखत म तिमीलाई के नै गर्न सक्तछु र ? (मेरो शरीरको अन्त समय छ) तिम्रो सेवास्वागत पनि गर्न सक्तिनँ ! सिर्फ बारम्बार नमस्कार गर्दछु, 'नमो नमः' भनिरहन्छु ! ।१८।

ॐ पूर्णमदः शान्तिःशान्तिःशान्तिः ।

***


नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभागको**

**मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी अत्यन्त जरूरी सूचना**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोबार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु.५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुपमा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

**गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर**

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभागको**

**भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा, भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा ब्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

**गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर**

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिहरूले आफ्नो कारोबार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर**

# राष्ट्र, राष्ट्रियता र नेपाली एकताका लागि सनातन संस्कृति जोगाउनै पर्छ



**योगी व्याग्र वेदनाथजी**

**पी.बी. सिंह (आवाज) कसरी स्वामी व्याग्र वेदनाथजी बन्नुभो नि ?**

– राष्ट्रिय सरोकार मञ्च नेपालको संयोजक भएर १६ वटा बुँदामा हामीले राष्ट्रवासी नेपालीका काममा अपिल गरेका थियौँ । इसाई धर्मालम्बीहरूको भ्याटिकन सिटी हुन हुने अनि मुसलमानहरूको मक्का राजधानी हुने तर विश्वभरका हिन्दुहरूको धार्मिक राजधानी पवित्र पाशुपतक्षेत्र नेपाल हुनचाहिँ किन नहुने ? नेपाली नेता भनाउँदा विदेशीका गोटी गद्दार दलालीहरूले रातारात डलर खाएर हिन्दुराष्ट्र नेपाललाई धर्मनिरपेक्षता बनाएकाले गर्दा म मेरो भगवान्को आदेशानुसार स्वामी बनेर हिन्दुधर्मको पुनःस्थापना गर्नका लागि यो मृगस्थलीमा साधक भएर धर्ममा आस्थावान् भएको हुँ ।

**यो देशले के मागिरहेको छ होला ?**

– यो मुलुकको जनसंख्याको लगभग ९५ प्रतिशत (ॐकार परिवार समेतका) जनता सनातन वैदिक हिन्दु धर्ममा आस्था राख्ने गर्दछन् । विश्वभरका १५० करोड हिन्दुहरूको आस्थाको केन्द्र नेपाललाई वैदिक सनातन हिन्दु राष्ट्र पुनःस्थापित गर्नु जरूरी छ । सर्वमान्य र दिगो राष्ट्रिय मूलनीति चाहिएको छ । सबैले मन पराएको र राजनीतिक दलले बनाएको २०४७ सालको संविधानलाई पुनःस्थापना गर्नुपर्दछ किनभने यो देशले त्यही ०४७ को संविधान मागिरहेको छ । अनेकतामा एकता, नेपाली मिलेर बाँच्ने र बचाउने नेपालको मूल सूत्र हो र मौलिक विशेषता पनि हो । राष्ट्रिय एकताको प्रतीक राजसंस्था देशले मागिरहेको छ ।

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई किन चाहियो राजसंस्था ?**

– बाह्य शक्तिको दबाबमा र डलरको फोर्समा दलाली–गद्दारी गरेर गणतन्त्रधारी नेताहरूले धर्म बेचे अनि संघीयता भित्र्याए । नेपाललाई संघीयता चाहिएको थिएन तर जबर्जस्त थोपरियो जसका कारण देश अशान्त छ, नेपाली–नेपालीमा झगडा भइराखेको छ । मुलुक झन्–झन् कमजोर हुँदैछ, व्यापक विदेशी हस्तक्षेप खुलेआम भइराखेको छ र देश टुक्रिनु पर्छ भन्ने अवाज सीके राउतहरूले खुलेआम बोलिरहेका छन्, त्यसकारण संघीयता र गणतन्त्र खारेज गर्दै नेपालमा राजसंस्था पुनः ब्यूँताउनु आम नेपालीको हितमा छ ।

**तपाइँका आत्मीय मित्र तथा पूर्व युवराज पारस शाहको चाहनाचाहिँ के छ नि ?**

– उहाँ अहिले नेपालमै हुनुहुन्छ र उहाँ योग–ध्यान साधक भएर आध्यात्मिक पुस्तक अध्ययन गर्ने र नेपालको चिन्ता गर्ने गर्नुहुन्छ । उहाँको इच्छा पनि सार्वभौमसत्ता नेपाली जनतामा निहित हुनुपर्छ र देश अनि जनताले चाहेकै हो भने यहाँ पुनः हिन्दु धर्म र राजसंस्था पुनःस्थापित हुनुपर्दछ भन्ने नै हो । नेपाललाई कृषि, वन, पर्यटन र जलस्रोत क्षेत्रबाट ७० लाख नयाँ रोजगार थपेर विदेश पलायन भएका युवाशक्तिलाई नेपालभित्रै रोजगारको अवसर दिने नीति अविलम्ब बनाउनु जरूरी छ । नेपाली जनताको चाहना–हिन्दुराष्ट्र र राजसंस्थाको पुनःस्थापना, यो नारा आजकल जतातते सुन्ने गरिएकाले पशुपतिनाथ र गुरू गोरखनाथको इच्छाले यो सम्भव हुने नै छ भन्ने हामी सबैलाई लागेको छ । संवैधानिक राजसंस्था कायम हुन्छ भन्ने हामीलाई विश्वास छ ।

**राजनीतिक दलका कमजोरी के के देख्नुभएको छ नि ?**

– राजदूत नियुक्ति गर्न पैसाको खेल, सांसद बन्न पैसाले मनोनित, कुनै संस्थाको कार्यकारी बन्न पैसाको खेल खुलेआम देखियो । न्यायाधीश नियुक्ति राजनीतिक भागबण्डामा, अपराधीलाई राजनीतिले संरक्षण गरिरहेको छ । कालोबजारी गर्ने र तस्करीलाई नेताको संरक्षण, अनैतिक कार्य, भ्रष्टाचार, तस्करी र सार्वजनिक अपराधीलाई राजनीतिमा प्रवेश गराई सोझै केन्द्रीय सदस्य बनाएको पनि देखियो । अहिले नेपालको शासनसत्ता रावणको हातमा गएको जस्तो देखिएको छ किनभने मुलुक टुक्रिनुपर्छ भन्ने मान्छेलाई सरकारले संरक्षण गरेको देखियो र मानवअधिकारकर्मी भन्नेहरूले पनि राष्ट्र बिखण्डनको भाषण गर्नेको समर्थन गरेको पाइयो । त्यसैले गर्दा नेपालका राजनीतिक दलहरू असफल भइसकेका छन् ।

**के भयो भने नेपालमा स्थायी शान्ति र स्थिरता होला त ?**

– गणतन्त्र र संघीयतलाई खारेज गरी ०४७ सालको संविधानलाई ब्यूँताएर, सार्वभौमसत्ता जनतामा निहित बनाई संवैधानिक राजसंस्था सहितको हिन्दु राष्ट्र घोषणा जतिसक्दो छिटो गर्नुपर्दछ, यसो भएपछि यो देशमा शान्ति र स्थिरता कायम हुन्छ र भगवान्को इच्छा पनि यही हो । जय गोरखनाथ ।।००

फागुनदेखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराख्ने । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका दुर्घटनाहरूबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरूबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौँ ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग